लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ, कोशी प्रदेश

# लेटाङ नगरपालिकाको पर्यटन विकास गुरुयोजना

## अन्तिम प्रतिवेदन

२०८१

**पेश गर्ने**

**पिकासो कन्सल्टेन्ट प्रा.लि.**
सानेपा,ललितपुर
सम्पर्क: 01-5422185; 9841228718
ईमेल info@picasso.com.np

**Project Brief Information**

| | |
|---|---|
| योजनाको नाम | **लेटाङ नगरपालिकाको पर्यटन विकास गुरुयोजना तर्जुमा** |
| सेवाग्राहीको नाम | नेपाल सरकार<br>**लेटाङ नगरपालिकाको**नगर कार्यपालिकाको कार्यालय ,<br>मोरङ ,कोशी प्रदेश |
| परामर्शदाता संस्थाको नाम | पिकासो कन्सल्टेन्ट प्रा.लि. सानेपाललितपुर , |
| प्रतिवेदनको नाम | मस्यौदा प्रतिवेदन |
| प्रतिवेदन संख्या तथा प्रकार | ३ Hard Copy and Soft Copy |
| प्रतिवेदन पेश भएको मिति | २०८१ |
| परामर्शदाताको नाम | पनम बज्राचाय शहरी —योजना विद Team Leader.<br>प्रनिल उपाध्याय — पर्यटन विज्ञ<br>तारा देवी खतिवडा —पर्यटन विज्ञ<br>गणेश भट्टराई — समाजशास्त्री<br>अभिलेख श्रेष्ठ —सिभिल ईन्जिनियर/GIS Expert<br>नविना श्रेष्ठ — परियोजना सहयोगी<br>रोशन खतिवडा —फिल्ड सहायक |
| प्रतिवेदन जाँच गर्ने | पुनम बज्राचाय Team Leader |
| कार्यालयको छाप | |

## आभार

लेटाङ नगरपालिकाको पर्यटन विकास गुरुयोजना तर्जुमाको कार्य प्रदान गर्नु भएकोमा सर्वप्रथम लेटाङ नगरपालिकाको कार्यालयलाई हार्दिक आभार व्यक्त गर्दछौ । पर्यटन विकास गुतुयोजना तर्जुमाको क्रममा पुर्याउनु भएको अतुलनिय सहयोगका लागि लेटाङ नगरपालिकाको प्रमुख श्री भुपेन्द्र कुमार लावतीज्यू, उप-प्रमुख श्री कृष्ण कुमारी पोखरेल निरौलाज्यु तथा प्रमुख प्रशासकीय अधिकृत श्री नारायण न्यौपानेज्यु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौ । अध्ययनका क्रममा महत्वपूर्ण तथ्याङ्क, सूचना एवं जानकारी उपलब्ध गराउने नक्शाङ्कन का साथै महत्वपूर्ण सल्लाह सुझाब प्रदान गरि सहयोग गर्नु हुने सम्पूर्ण वडाका वडा अध्यक्ष तथा सदस्यज्यूहरु साथै कार्यपालिका सदस्यज्यूहरु प्रति हार्दिक धन्यवाद व्यक्त चाहन्छौ ।

त्यसैगरी अध्ययनका क्रममा महत्वपूर्ण तथ्याङ्क, सूचना एवं जानकारी उपलब्ध गराउने तथा आवश्यक समन्वयला लागि यस योजना तर्जुमाका सम्पर्क व्यक्ति श्री रवी सुवेदी लगायत सम्पूर्ण शाखा प्रमुख तथा कर्मचारी साथै सम्पूर्ण जानकार व्यक्ति तथा सम्पूर्ण नगरबासीहरुलाई लाई प्रतिलाई हार्दिक धन्यवाद दिन चाहन्छौ ।

**अध्ययन टोली**

## विषय सुची


१. परिचय ..... १

१.१. पृष्ठभुमि ..... १

१.२. उद्देश्य ..... १

१.३. कार्य क्षेत्र ..... २

२. अध्ययन विधि ..... ३

२.१. अभिमुखिकरण बैठक ..... ३

२.२. प्रारम्भिक आधार नक्शा तयारी ..... ३

२.३. प्रमुख जानिफकार अन्तर्वार्ता (KII) ..... ५

२.४. वडागत छलफल ..... ५

२.५. स्थलगत अध्ययन ..... ६

२.६. नगर स्तरीय कार्यशाला गोष्ठी ..... ६

२.७. प्रतिवेदन तयार ..... ६

३. लेटाङ नगरपालिकाको संक्षिप्त परिचय ..... ८

३.१. परिचय ..... ८

३.१.१. भौगोलिक अवस्थिति ..... ९

३.१.२. हावापानी ..... ९

३.१.३. नगरपालिकाको स्थापना तथा ऐतिहासिक पृष्ठभूमि ..... ९

३.१.४. जनसांख्यिक विवरण ..... १०

३.१.४.१. जनसंख्याको वितरण ..... १०

३.१.४.२. जातजाति ..... १०

३.१.४.३. मातृ भाषा ..... ११

३.१.४.४. धर्म सम्बन्धि विवरण ..... १२

३.१.५. सामाजिकआर्थिक आवस्था- ..... १३

३.१.५.१. प्रमुख पेशा ..... १३

३.१.५.२. बैंक तथा वित्तीय संस्था ..... १३

३.१.५.३. प्रमुख बजार क्षेत्र ..... १४

३.१.५.४. शैक्षिक संस्थाहरु ....... १४
३.१.५.५. स्वास्थ्य सेवा ....... १४
३.१.५.६. सुरक्षाको अवस्था ....... १५
३.१.५.७. खेल तथा खेल पूर्वाधार ....... १५
३.१.६. पूर्वाधारको तथा सेवा सुविधाको ....... १५
३.१.६.१. सडक तथा यातायातको स्थिति ....... १५
३.१.६.२. विद्युत आपूर्ति ....... १६
३.२. पर्यटनका प्रमुख पाँच तत्वहरु ....... १७
३.२.१. आकर्षण )Attraction) ....... १७
३.२.२. पहुँच (Accessibility) ....... १८
३.२.३. आवास (Accommodation) ....... १८
३.२.४. पर्यटकीय गतिविधि (Activities) ....... १९
३.१. लेटाङ नगरपालिकाका प्रमुख पर्यटकीय आकर्षणहरु ....... २०
३.२. लेटाङ नगरपालिकामा रहेका अमुर्त सम्पदाहरु ....... 23
३.३. स्थानीय कोशेली सामग्री (Souvenir) ....... २७
४. लेटाङ नगरपालिकाको पर्यटन विकास गुरुयोजना ....... २९
४.१. दीर्घकालीन सोंच (Vision) ....... ३०
४.२. लक्ष्य ....... ३०
४.३. उद्देश्य ....... ३०
४.४. रणनीति तथा कार्यनीति ....... ३०
४.५. पर्यटन क्षेत्र विकास योजना ....... ३४
४.५.१. राजारानी पर्यटन क्षेत्र ....... ३४
४.५.१.१. प्रमुख पर्यटकीय आकर्षण (Attractions) ....... 35
४.५.१.२. आवासको सुविधा (Accomodation) ....... ४३
४.५.१.३. पर्यटकीय पुर्वाधारहरु (Infrastructure and Amenities) ....... ४४
४.५.१.४. पर्यटकीय क्रियाकलापहरु (Activities) ....... ४५
४.५.१.५. राजारानी पर्यटकीय क्षेत्रको पर्यटन विकासका सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौतीहरु ....... ४५

४.५.१.६. योजना तथा कार्यक्रमहरु ........ ४६
४.५.२. आरुबोटे क्षेत्र पर्यटन क्षेत्र ........ ४७
४.५.२.१. प्रमुख पर्यटकीय आकर्षणहरु (Attractions) ........ ४८
४.५.२.२. आवासको सुबिधा (Accomodation) ........ ५१
४.५.२.३. पर्यटकीय पूर्वाधार ( Infrastructure and Aminities) ........ ५१
४.५.२.४. पर्यटकीय क्रियाकलाप (Activites) ........ ५२
४.५.२.५. आरुबोटे पर्यटकीय क्षेत्रको पर्यटन विकासका सबल पक्ष दुर्बल पक्ष, अवसर तथा सम्भावनाहरु ........ ५२
४.५.२.६. योजना तथा कार्यक्रमहरु ........ ५३
४.५.३. गुवाबारी पर्यटकीय क्षेत्र ........ ५४
४.५.३.१. प्रमुख पर्यटकीय आकर्षण (Attractions) ........ ५५
४.५.३.२. पर्यटकीय पुर्वाधारहरु (Infrastructure and Amenities) ........ ६७
४.५.३.३. पर्यटकीय क्रियाकलाप (Activities) ........ ६८
४.५.३.४. गुवाबारी पर्यटकीय क्षेत्रको पर्यटन विकासका सबल पक्ष दुर्बल पक्ष, अवसर तथा सम्भावनाहरु ........ ६८
४.५.३.५. योजना तथा कार्यक्रम ........ ६९
४.५.४. वारंगी पर्यटकीय क्षेत्र ........ 70
४.५.४.१. प्रमुख पर्यटकीय आकर्षणहरु (Attractions) ........ ७१
४.५.४.२. आवासको सुबिधा (Accomodation) ........ ७५
४.५.४.३. पर्यटकीय पूर्वाधार ( Infrastructure and Aminities) ........ ७५
४.५.४.४. पर्यटकीय क्रियाकलाप (Activites) ........ ७६
४.५.४.५. वारंगी पर्यटकीय क्षेत्रको पर्यटन विकासका सबल पक्ष दुर्बल पक्ष, अवसर तथा सम्भावनाहरु ........ ७६
४.५.४.६. योजना तथा कार्यक्रम ........ ७६
४.५.५. समला पर्यटकीय क्षेत्र ........ ७८
४.५.५.१. आवासको सुबिधा (Accomodation) ........ ७८
४.५.५.२. पर्यटकीय पुर्वाधारहरु (Infrastructure and Amenities ........ ७९
४.५.५.३. पर्यटकीय क्रियाकलाप (Activities) ........ ७९

४.५.५.४. समला पर्यटकीय क्षेत्रको पर्यटन विकासका सबल पक्ष दुर्बल पक्ष, अवसर तथा सम्भावनाहरु ........ ७९

४.५.५.५. योजना तथा कार्यक्रम........ ८०

४.५.६. जाँते पर्यटकीय क्षेत्र ........ ८१

४.५.६.१. प्रमुख पर्यटकीय आकर्षणहरु (Attractions)........ ८२

४.५.६.२. आवासको सुबिधा (Accomodations)........ ८८

४.५.६.३. पर्यटकीय पुर्वाधारहरु (Infrastructure and Amenities) ........ ८९

४.५.६.४. पर्यटकीय क्रियाकलाप (Activities)........ ८९

४.५.६.५. जाँते पर्यटकीय क्षेत्रको पर्यटन विकासका सबल पक्ष दुर्बल पक्ष, अवसर तथा सम्भावनाहरु. ८९

४.५.६.६. योजना तथा कार्यक्रम........ ९०

४.६. पदमार्गको विकास योजना ........ 92

४.७. होमस्टेको विकास योजना........ ९४

४.८. पर्यटन प्रवर्द्धन तथा बजारीकरण योजना........ ९५

४.९. संस्थागत विकास योजना ........ ९६

अनुसूची........ ९८

फोटो १: अभिमुखीकारण बैठकमा सहभागी नगर प्रमुख तथा कर्मचारीहरु ........ ३
फोटो २:पर्यटन विकास गुरुयोजना सम्बन्धि प्रस्तुतिकरण........ ३
फोटो ३: स्थानीय बुद्धिजीवसंग पर्यटन सम्बन्धि छलफल........ ५
फोटो ४: वडा स्तरीय छलफल ........ ५
फोटो ५: नगर स्तरीय कार्यशाला गोष्ठीमा नगरका सूचना अधिकारी आफ्नो भनाई राख्दै सहभागीहरु ........ ६
फोटो ६: नगर स्तरीय कार्यशाला गोष्ठीमा ........ ६
फोटो ७: मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण........ ७
फोटो ८: राजापोखरी (बायाँ) र रानीपोखरी (दायाँ) ........ ३५
फोटो ९: रानीपोखरीमा फुलेका कमलका फुलहरु ........ ३६
फोटो १०: धिमाल जतिको उत्पति स्थलमा बनेका संरचना........ ३७
फोटो ११: धिमाल ग्रामथान, राजारानी........ ३७
फोटो १२: राजारानी मन्दिर........ ३८
फोटो १३: राजारानी क्षेत्रमा निर्माण भएका पर्यटकीय पुर्वाधारहरु........ ४४
फोटो१४ आरुबोटे क्षेत्रमा संचालन हुने यातायातका साधन ........ ४८
फोटो १५: किसे झरना........ ५०
फोटो १६: किसेटार गाउँ........ ५०
फोटो १७: आरुबोटे पर्यटन क्षेत्रमा पर्ने चियाघर (सागमा र कातिके)........ ५१
फोटो १८: पन्चकन्या कालिका देवी मन्दिर........ ५५
फोटो १९: पन्चकन्या कालिका देवी मन्दिरको उत्पति स्थल........ ५५
फोटो २०: ईमानसिंह चेम्जोङ स्मृति प्रतिष्ठान........ ५६
फोटो २१: किर्तिमान यलम्बर पार्क क्षेत्र ........ ५७
फोटो २२: कमलपुर क्षेत्रमा पर्ने चिसाङ खोला झोलुङ्गे पुल........ ५८
फोटो २३: लेटाङ रंगशाला........ ५८
फोटो २४: नमुना पार्क क्षेत्र........ ५९
फोटो २५: चिल्ड्रेन पार्क र त्यहाँ राखिएका आकृतिहरु........ ५९
फोटो २६: जनसेवा सावउसको कार्यालय........ ६०
फोटो २७: जनसेवा सामुदायिक वन संरक्षण गरी राखिएका मृगहरु ........ ६१
फोटो २८: विमिरे ईनार (बायाँ) र चिल्ड्रेन पार्क (दायाँ)........ ६२
फोटो २९: किराँतेश्वर महादेव मन्दिर ........ ६२
फोटो ३०: जोरकुप ईनार तथा जलाधार क्षेत्र........ ६३
फोटो ३१: गुवाबारी भ्यु टावर........ ६५
फोटो ३२: गुवाबारीबाट देखिएको लेटाङ बजारको दृश्य........ ६५
फोटो ३३: चिसाङ खोला (बायाँ) र भुवा खोला (दायाँ)........ ६६
फोटो ३४: प्रादेशिक कृषि तालिम केन्द्र, लेटाङ........ ६७
फोटो ३५: सुकेपोखरी क्षेत्रमा स्थानीय जनप्रतिनिधि तथा अध्ययन टोलीका सदस्यहरु........ ७१

फोटो ३६: सुके पोखरी (बायाँ) र सत्यदेवी मन्दिरमा भेडाको आकार भएको ढुंगा (दायाँ)................. ७२
फोटो ३७: थामचुली डाँडा क्षेत्र (Google Earth) ................................................. ७३
फोटो ३८: बराहजी मन्दिर वारंगी ......................................................... ७३
फोटो ३९: टासी डुप्छेन छयोलिङ गुम्बा, वारंगी ................................................ ७४
फोटो ४०: समला पर्यटकीय क्षेत्र.......................................................... ७८
फोटो ४१: जाँते भ्यू टावर तथा किराँत राई सांस्कृतिक संग्राहलय तथा सामुदायिक भवन .................. ८२
फोटो ४२: श्री किराँतेश्वर शिवालय मन्दिर, जाँते.................................................. ८३
फोटो ४३: तेली खोला पिकनिक स्पट ........................................................ ८४
फोटो ४४: लेटाङ र मिक्लाजुङ जोड्ने तेली खोला झोलुङ्गे पुल.......................................... ८४
फोटो ४५: कुलुङ झरना.................................................................. ८५
फोटो ४६: शिवालय मन्दिर, वडा ९ ........................................................ ८७
फोटो ४७: विश्वकर्मा बाबा मन्दिर, जाँते..................................................... ८७
फोटो ४८: सेल्फी रोड, जाँते ............................................................... ८८
फोटो ४९: विशाल जाँतो................................................................... ८८

# १. परिचय

## १.१. पृष्ठभुमि

नेपाल धार्मिक, ऐतिहासिक तथा संस्कृतिक सम्पदाले भरिपूर्ण देश हो । नेपालको प्राकृतिक सौन्दर्य र परम्पराको संरक्षण बाट पर्यटनको विकास गरि आर्थिक उपार्जन गर्न सकिने पर्याप्त सम्भावना छ । झण्डै एक दर्जन जति धर्म, १२५ प्रकारका जातजाती र बोलिने १२३ कसिमिका भाषाभाषी र उनीहरुको जीवनशैली ,सँस्कृति तथा परम्परा, भेषभुषा र रहनसहन एवं नेपालीहरुको अलौकिक आतिथ्यले नेपाललाई बिश्वसामु जीवित सँग्राहलयको रुपमा परिचित गराएको छ । सुन्दर, शान्त, सेता अग्ला हिमाल, मनै लोभ्याउने मनोरम पहाड, तराईको हरियाली मैदानदेखि हिमालसम्म फैलिएका जंगल, हिमताल, ताल, झरना, हावापानी लगायत बिश्व सम्पदामा सूचीकृत कलात्मक मठ, मन्दिर, गुम्बा र दरबारहरुले नेपाललाई प्राकृतिक, सांस्कृतिक र धार्मिकरुपले संसारकै आकर्षक र अनुपम पर्यटकीय गन्तव्य मुलुक हो भनी चिनीएको छ ।पर्यटन विकासले स्थानीय स्रोत साधनको उच्चतम सदुपयोग, स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्ने विदेशी मुद्रा आर्जनका साथै देशको कूल गार्हस्थ उत्पादन (जी.डी.पी) मा समेत मद्दत गर्छ ।

प्राकृतिक सौन्दर्यको संरक्षण, परम्परागत रीतिरिवाज र पर्यटकीय सम्भावना बोकेका स्थलहरूको संरक्षण र प्रवर्द्धन गरि पर्यटन संग जोड्नु नै स्थानीय तहले गर्ने पर्यटन विकासको आधारभूत कार्य हो । नेपाल सरकारले पनि पर्यटन क्षेत्रको दिगो विकासका लागि दीर्घकालीन लक्ष्य सहितको राष्ट्रिय पर्यटन रणनीति तथा कार्ययोजना २०१५—२०२४ तर्जुमा गरि कार्यान्वयन गरिरहेको छ ।यसका साथै नेपाल तथा प्रदेशले पनि पर्यटनलाई आर्थिक विकासको प्रमुख सम्बाहकको रुपम लिई यसका विकासका लागि विभिन्न योजना मार्फत कार्य गरिरहेका छन् ।

नेपालको कोशी प्रदेशको मोरङ जिल्लामा अवस्थित लेटाङ नगरपालिकाले पालिकामा दिगो पर्यटन विकास गरि पालिकामा धेरै भन्दा धेरै पर्यटकलाई आकर्षण गर्ने, पर्यटकको बसी अवधि तथा दैनिक खर्च लम्ब्याउने तथा रोजगारकावासर सिर्जना गर्दै नगरपालिकाको सामाजिक-आर्थिक अवस्था सुधार गर्न योजनाबद्ध पर्यटन विकासका लागि पालिकाको पर्यटन विकस गुरुयोजना तर्जुमा गर्न लागियको हो ।

## १.२.उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य लेटाङ नगरपालिकाको पर्यटन विकास योजना तयार गर्नु हो । अध्ययनका अन्य उद्देश्यहरूमा ;

१. नगरपालिका क्षेत्रमा रहेका सम्भावित पर्यटकीय स्थल र गतिविधिहरुको पहिचान गर्नु ।
२. पर्यटनको आर्थिक र सामाजिक अन्तरसम्बन्धको अध्ययन र विश्लेषण गर्नु ।

३. नगरपालिका र आसपासका क्षेत्रका प्राकृतिक, साहसिक, धार्मिक, सांस्कृतिक र मनोरञ्जनात्मक पर्यटकीय गन्तव्य पहिचान गर्ने तथा यिनीहरु बीच अन्तरसम्बन्ध कायम गर्नु ।
४. प्राथमिकतामा परेका आयोजनाहरूको यथार्थपरक भौतिक र वित्तीय कार्यान्वयन योजना तयार गर्नु ।
५. नगरपालिकाको पर्यटन नक्शा तयार गर्नु ।

## १.३. कार्य क्षेत्र

- पर्यटन सम्बन्धि विद्यमान योजना, नीतिहरू, कार्यान्वयन गर्ने निकायहरू अध्ययन गर्ने ।
- लेटाङ नगरपालिका तथा वरपरका रहेका पर्यटकीय ताल, पोखरी, खोला, वन, मन्दिर, गुम्बा, माङ्गिम, पदयात्रा/हाइकिङ ट्रेल्स, पिकनिक स्थल, खेलकुद मैदान, पार्क आदि जस्ता पर्यटकीय स्थलहरूको अध्ययन गर्ने ।
- नगरपालिका भित्रका विशिष्ट मुर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको पहिचान तथा अध्ययन गर्ने ।
- पालिकामा पर्यटनका प्रमुख ५ तत्व (5 A of Tourism, (Attraction, Accessibility, Accommodation,
- Amenities and Activities) को विद्यमान अवस्थाको अध्ययन तथा विश्लेषण गर्ने ।
- अध्ययन क्षेत्रमा अवस्थित जनसांख्यिकीय साथै प्रमुख सामाजिक-आर्थिक विशेषताहरूको अध्ययन गर्ने ।
- उपलब्ध प्राकृतिक सम्पदा र सोको पर्यटन विकासको सम्भावनाको अध्ययन गर्ने ।
- अध्ययन क्षेत्रमा पर्यटन विकासको सम्भावना, अवसरको तथा चुनौतिको अध्ययन तथा विश्लेषण गर्ने।
- अध्ययन क्षेत्र भित्र उपलब्ध पूर्वाधार तथा सेवासुबिधाको अध्ययन गरि पर्यटन विकासको लागि आवश्यक पूर्वाधार तथा सेवाहरूको पहिचान गर्ने ।
- अध्ययन क्षेत्र भित्र सांस्कृतिक/धार्मिक/ऐतिहासिक पर्यटन, पारिस्थितिक पर्यटन, ग्रामीण पर्यटन, कृषि पर्यटन, खेल पर्यटन, मनोरञ्जन पर्यटन आदि जस्ता विभिन्न प्रकारका पर्यटन सम्भाव्यताहरू अध्ययन तथा विश्लेषण गर्ने।
- पालिकामा रहेका पर्यटकीय गन्तव्य र छिमेकी पर्यटकीय गन्तब्यहरूको बीचको अन्तर सम्बन्को अध्ययन र विश्लेषण गर्ने ।
- पालिकामा पर्यटकको आगमन, बसाइको अवधि, पर्यटकको प्रकार (स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय) भ्रमणको उद्देश्य लगायतको अध्ययन गर्ने ।
- पर्यटन क्षेत्रका विभिन्न सरोकारवालाहरू सँग पर्यटनका विकासका लागि राय सल्लाह सुझाबका लागि तथा छलफल गर्ने ।
- पर्यटन विकासको दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य, रणनीति, नीति र कार्यक्रमहरू सहित पर्यटन विकास योजनाको तर्जुमा गर्ने ।
- भौगोलिक सूचना प्रणाली (GIS)मा आधारित पर्यटन नक्शाहरु तयार गर्ने ।

# २. अध्ययन विधि

## २.१. अभिमुखिकरण बैठक

शुरुवाती चरणमा नगरपालिकामा अभिमुखीकरण बैठाको आयोजना गरियो।यस बैठकमा अध्ययन टोलीले अध्ययनको मुख्य उद्देश्य, कार्यक्षेत्र तथा अध्ययन विधिका बारेमा प्रस्तुतीकरण गरेको थियो। बैठकमा पालिकाको पर्यटन गुरुयोजना तर्जुमा अघि योजना तर्जुमा तथा कार्य शर्त सम्बन्धि अस्पष्ट विषयहरुलाई स्पष्टता प्रदान र अध्ययन कार्यको कार्य योजना माथि विस्तृत छलफल गरियो । बैठकमा पालिकामा रहेका प्रमुख पर्यटकीय गन्तब्य, सम्भावना सम्बन्धि छलफलका साथै पर्यटन सम्बन्धि प्रमुख जानकार व्यक्तिहरुको पहिचान गरियो ।

बैठमा नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक विकास समितिका पदाधिकारीहरु साथै शाखा प्रामुख तथा कर्मचारीको सहभागीता रहेको थियो ।



फोटो 1: अभिमुखीकारण बैठकमा सहभागी नगर प्रमुख तथा कर्मचारीहरु



फोटो 2:पर्यटन विकास गुरुयोजना सम्बन्धि प्रस्तुतिकरण

## २.२. प्रारम्भिक आधार नक्शा तयारी

अध्ययन प्रयोजनका लागि उपलब्ध GIS Data, Satellite Image लगायत प्रारम्भिक अध्ययनका आधारमा अध्ययन क्षेत्रको प्रारम्भिक आधार नक्शा (Base Map) तयार गरियो । पालिकाको पर्यटन सम्बन्धि अध्ययनका आधारमा आधार नक्शा क्रमशः अध्यावधिक गरियो ।यसरी तयार गरिएको आधार नक्शालाई स्थलगत अध्ययनको क्रममा प्रमाणीकरण गरियो ।




*नक्शा 1: लेटाङ नगरपालिकाको प्रारम्भिक आधार  नक्शा*

## २.३.प्रमुख जानिफकार अन्तर्वार्ता (KII)

लेटाङ नगरपालिकाको पर्यटन विकास गुरुयोजना तर्जुमाका क्रममा यस क्षेत्रमा पर्यटन व्यवसायमा संग्लग्न व्यक्तिहरु, विगत देखि पालिकाको विकासमा टेवा पुर्याउने व्यक्तित्वहरु तथा स्थानीय वुद्धिजीवि संग छलफल गरियो। यस क्रममा नगरपालिकामा रहेका गन्तव्य र तिनको महत्व, पर्यटनको विद्यमान अवस्था, सम्भावना, अवसर तथा चुनौती ,पर्यटकको प्रवाह, आवश्यक पूर्वाधार, सेवा तथा सुविधा, पर्यटन प्रवर्द्धनका लागि गर्नु पर्ने कार्य साथै पर्यटन क्षेत्रको विकासमा विभिन्न ससोकारवालाहरूको भूमिका लगायतका विषयमा छलफल गरियो ।



*फोटो 3: स्थानीय बुद्धिजीवसंग पर्यटन सम्बन्धि छलफल*

## २.४. वडागत छलफल

नगरपालिकाका प्रत्येक वडामा रहेका प्रमुख पर्यटकीय गन्तव्यको पहिचान गर्न तथा पर्यटकीय पूर्वाधार, सेवा सुबिधाका विषयमा अध्ययन गर्न वडागत छलफल गरियो । छलफलका क्रममा पर्यटन विकासको विद्यमान अवस्था, यस क्षेत्रका समस्या तथा सम्भावनाको विषयमा छलफल गरियो । यस क्रममा सबै पर्यटकीय आकर्षणहरुको GIS प्रविधिमा नक्शांकन गरियो ।



*फोटो 4: वडा स्तरीय छलफल*

## २.५.  स्थलगत अध्ययन

नगरपालिकाका प्रत्येक वडामा रहेका प्रमुख पर्यटकीय गन्तव्यको स्थलगत अध्ययन गरियो । प्रत्येक वडामा रहेका पर्यटकीय आकर्षण, पहुँच, आवास र सुविधाहरूको विवरण, जस्तै; सडकको पहुँच, खानेपानी, इन्टरनेट, टेलिफोन/मोबाईल सुबिधा, विद्युतको उपलब्धता, स्वास्थ्य सेवा, प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महतोका सम्पदाहरु, स्थानीय इतिहास, परम्परा, चाडपर्व, मेला, जात्रा, चालचलन, खानपान, भेषभुषा जस्ता अमुर्त सम्पदाहरु, प्राकृतिक सम्पदाहरु जस्तै; ताल पोखरी, बस्ती, बजार, वित्तीय संस्था, कृषि क्षेत्र, वन क्षेत्र लगायत, पालिका क्षेत्रका साथै वरपरका पर्यटकीय गन्तव्य बिचको अन्तर सम्बन्ध तथा सम्भावनाको अध्ययन गरियो । यस क्रममा पालिकाको पर्यटन विकासमा देखिएका सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौतीको अध्ययन गरियो ।

## २.६.  नगर स्तरीय कार्यशाला गोष्ठी

अध्ययनका क्रममा नगरपालिका स्तरीय कार्यशाला आयोजना गरियो । कार्यशालामा हालसम्मको कार्य प्रगति, विभिन्न स्रोतहरूबाट सङ्कलन गरिएका तथ्याङ्क र सूचनाहरू प्रस्तुत, छलफल तथा प्रमाणीकरण गरियो । कार्यशालामा पर्यटनको विकासका सम्भावित क्षेत्र, आवश्यक सेवा सुबिधा तथा पूर्वाधार, पर्यटनको सम्भावित बजार लगायतका विषयमा छलफल गरियो । यस साथै लेटाङ नगरपालिकाको पर्यटन विकासको दिर्घकालिन सोंच, लक्ष्य, उद्देश्य निर्धारण, पर्यटन विकसका लागि संस्थागतसंरचना, प्रमुख योजना तथा कार्यक्रमका बारेमा छलफल गरियो ।



*फोटो 5: नगर स्तरीय कार्यशाला गोष्ठीमा नगरका सूचना अधिकारी आफ्नो भनाई राख्दै सहभागीहरु*



*फोटो6 : नगर स्तरीय कार्यशाला गोष्ठीमा*

## २.७.  प्रतिवेदन तयार

नगरपालिकाको पर्यटन विकासको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति सहितको पर्यटन विकास गुरुयोजनाको मस्यौदा प्रतिवेदन तयार गरियो । मस्यौदा प्रतिवेदन नगरपालिका समक्ष प्रस्तुतीकरण गरि प्रतिवेदन उपर सरोकारवालाहरुबाट प्राप्त सल्लाह सुझाव समेटी लेटाङ नगरपालिकाको पर्यटन विकास गुरुयोजनाको अन्तिम प्रतिवेदन तयार गरियो ।



*फोटो 7: मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण*

# ३. लेटाङ नगरपालिकाको संक्षिप्त परिचय

## ३.१. परिचय

लेटाङ नगरपालिका नेपालको कोशी प्रदेशको मोरङ जिल्लामा अवस्थित नगरपालिका हो। पूर्व लेटाङ भोगटेनी नगरपालिका (वडा १ बाहेक), जाँते गाविस (वडा १,२,५,६,७,८ र ९) र वारंगी गाविसलाई गाभेर २०७३ सालमा लेटाङ नगरपालिकाको गठन भएको हो। प्रभावकारी प्रशासनिक सेवाका लागि नगरपालिकालाई ९ वटा वडामा विभाजन गरिएको छ । नगर कार्यपालिकाको कार्यालय लेटाङ बजार, वडा नं. ३.मा रहेको छ । नगरपालिकाले पूर्वमा मिक्लाजुङ गाउँपालिका, पश्चिममा केराबारी गाउँपालिका, उत्तरमा धनकुटा जिल्लाको चौविसे गाउँपालिका र दक्षिणमा पथरी शनिश्चरे र बेलबारी नगरपालिकासँग सीमा जोडेको छ । नगरपालिकाको कुल क्षेत्रफल २१९.२३ वर्ग किलोमिटर रहेको छ (लेटाङ नगरपालिका विद्यमान वस्तुस्थिति विवरण , २०८०) । लेटाङले नगरपालिकाले कोशी प्रदेशको कुल भूभागको ०.८४% र मोरङ जिल्लाको कुल क्षेत्रफलको ११.८१% क्षेत्रफल ओगटेको छ ।




नक्शा 2: लेटाङ नगरपालिकाको अवस्थिति नक्शा

### ३.१.१. भौगोलिक अवस्थिति

लेटाङ नगरपालिका विश्वमानचित्रमा पूर्वी नेपालको २६°२०' देखि २६°५३' उत्तरी अक्षांशदेखि ८७°१६' देखि ८७°४१' पूर्वी देशान्तरसम्म फैलिएको छ। पालिका समुद्री सतहबाट २७६ मिटर देखि २४१० मिटर सम्मको उचाईमा फैलिएको छ । यो पालिका तराईको समथर भुभागबाट, चुरे पहाड हुँदै महाभारत सम्म विस्तार भएको छ (लेटाङ नगरपालिका विद्यमान वस्तुस्थिति विवरण , २०८०)।

### ३.१.२. हावापानी

समथर तराईदेखि पहाडी भेग सम्म फैलिएको यस नगरपालिकामा तराई भावरक्षेत्रमा उष्ण र उत्तर तर्फका चुरे क्षेत्रमा दुवै समशितोष्ण दुवै थरिको हवापानीको अनुभव गर्न सकिन्छ । चुरेको फेदी र अधिकांश क्षेत्रगल जंगलले ढाकेको यस क्षेत्रमा जाडो र गर्मि दुवै सामान्य हुन्छ । यहाँको तापक्रम न्यूनतम् ४.९ डिग्री देखि अधिकतम् ३६ डिग्री सम्म हुने गर्दछ भने यहाँ औषत वर्षा १०७९ मिलिलिटर सम्म हुने गर्दछ ।

### ३.१.३. नगरपालिकाको स्थापना तथा ऐतिहासिक पृष्ठभूमि

लेटाङ नगरपालिकाको नामकरण तत्कालिन लेटाङ गाविसबाटै भएको हो । वास्तवमा लेटाङ शब्द यस क्षेत्रका धिमाल जातिको ईतिहाससँग जोडिएको छ। लेटाङ क्षेत्र परापूर्व समयमा धिमाल जातिको राज्यको राजधानी थियो भन्ने अलिखित ईतिहास स्थानीय बासिन्दाहरुले भन्दछन् । **'लेटाङ'** शब्द धिमाल जातिको 'लेटा' शब्दबाट आएको र यसको अर्थ पहाडबाट झरेको समथर भूभाग भन्ने बुझिन्छ । यही 'लेटा' शब्द कालान्तरमा अपभ्रंश भई लेटाङ भएको भन्ने भनाई छ । पहिले लेटाङ शब्दले लेटाङ बजार क्षेत्रलाई मात्र बुझाउथ्यो । पछी यसकै नाम बाट गाविस हुदै नगरपालिकाको नाम कायम भयो ।

समग्रमा लेटाङ भौगोलिक र पर्यावरणीय हिसाबले अति उपयूक्त, उर्वर, फराकिलो जमिन र अधिकांश क्षेत्र जंगल र हरियालीले ढाकेको रमणीय नगरपालिका हो । यस नगरपालिकामा पर्यटकीय स्थलहरु पनि धेरै छन् । राजारानी धिमाल पोखरी अति सुन्दर प्राकृतिक छटामा सुनखरीको राजधानी र धिमाल सभ्यताको ज्यूँदो ईतिहास बोकेर बसिरहेको छ । यो पोखरी नेपालका अद्वितीय स्थलहरु मध्ये एक हो भन्न सकिन्छ । तराईको फेदीमा रहेको लेटाङ बजारबाट अधिकतम् २ घण्टाको सवारीमा समलाडाँडामा पुगेर सितल मौसममा रमाउन सकिने अर्को अवसर रहेको छ । यहाँको विभिन्न झरना, धार्मिक स्थल तथा शक्तिपिठहरु पनि त्यतिकै महत्वपूर्ण छन् ।यसर्थ लेटाङ नगरपालिका प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण भई आर्थिक सम्भावनाहरु बोकेको नगरपालिका हो।

### ३.१.४. जनसांख्यिक विवरण

#### ३.१.४.१. जनसंख्याको वितरण

लेटाङ नगरपालिकाको कुल जनसङ्ख्या ३८,१५२ पुरुष १८,०३८ र महिला २०,११४ जनसङ्ख्या गरी कुल ८,६६४ घरपरिवार बसोबास गर्छन् । यस क्षेत्रमा औसत परिवार आकार ४.४ छ । लेटाङ नगरपालिकामा मोरङ जिल्लाको करिब ३.३२% र कोशी प्रदेशको ०.७६% मात्रै जनसंख्या बसोबास गर्दछन। जहाँ मोरङ जिल्ला र कोशी प्रदेशको कुल जनसंख्या क्रमशः ४९,६१,४१२ र ११,४८,१५६ छ (राष्ट्रिय जनगणना, २०७८)।

*तालिका 1: वडा अनुसार जनसंख्याको वितरण*

| वडा नं | कुल घरधुरी | पुरुष | महिला | कुल जनसंख्या | क्षेत्र (व.कि.मि) | जनघनत्व व्यक्ति/व.कि.मि |
|---|---|---|---|---|---|---|
| १ | ८३७ | १७६४ | १९२८ | ३७२२ | ४८.४५ | ७७ |
| २ | १२९३ | २४७७ | २७२५ | ५२०२ | १०.१२ | ५१४ |
| ३ | १३८० | २६३३ | २९८२ | ५६१५ | १७.६६ | ३१८ |
| ४ | ६०० | १३०८ | १५३८ | २८४६ | ५.६६ | ५०३ |
| ५ | ११८२ | २६३७ | ३०२४ | ५६६१ | १९.१४ | २९६ |
| ६ | ८०५ | १६६२ | १९१३ | ३५७५ | ९.८० | ३६५ |
| ७ | ६७६ | १६१० | १५५४ | ३१६४ | ४३.६९ | ७२ |
| ८ | ७५५ | १८२४ | १९८९ | ३८१३ | २०.११ | १९० |
| ९ | ११३६ | २१२३ | २४३१ | ४५५४ | ४४.६१ | १०२ |
| जम्मा | **८६६४** | **१८०३८** | **२०११४** | **३८१५२** | **१०६.२३** | **३५९** |

(राष्ट्रिय जनगणना , २०७८)

राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार पालिकामा सबैभन्दा बढी जनघनत्व वडा नं २ मा रहेको छ, जहाँ प्रति वर्ग किलोमिटर ५१४ जना मानिस बसोबास गर्दछन भने सबैभन्दा कम जनघनत्व वडा नं. ७ मा छ जहाँ ७१ व्यक्ति प्रति वर्ग किलोमिटर जनसंख्या रहेका छन् (राष्ट्रिय जनगणना , २०७८)।

#### ३.१.४.२. जातजाति

लेटाङ नगरपालिकाको जात तथा जातीय आधारमा विविधता रहेको पालिका हो । यो क्षेत्रमा मुख्य रुपमा याक्थुङ/ लिम्बुको बसोबास रहेको छ । पालिकामा सबैभन्दा बढी जनसंख्या याक्थुङ/लिम्बु जातिको रहेको छ जुन पालिकाको कुल जनसंख्याको १९.९% छ । त्यसैगरी १७.८ % राईहरू छन् भने मगर, ब्राह्मण पहाड, क्षेत्री, तामाङ र विश्वकर्माको संख्या क्रमशः १४.३%, १३.८%, ८%, ५.७% र ५.१% रहेको छन् । त्यसैगरी नगरपालिकाको कुल जनसङ्ख्याको ३.९ प्रतिशत नेवार र २.९ प्रतिशत परियारले ओगटेका छन् । पालिकामा

साम्पाङ, ठकुरी, घर्ती/भुजेल, गुरुङ, माझी, सन्यासी/दसनामी, थारु, मुस्लिम, हलुवाई, सुनुवार, धिमाल, तेली, नाछिरिङ, यादव, डोम, चमार, शेर्पा, ठाकुर, मारवाडी, सुन्दी जातजातिहरुको बसोबास रहेको छ जसको संख्या एक प्रतिशत भन्दा कम छ ।




*चित्र 1: पालिकामा रहेका प्रमुख जातजातिको विवरण*

### ३.१.४.३. मातृ भाषा

लेटाङ नगरपालिकाको विभिन्न जातजातिको मिश्रण भएकोले यस क्षेत्रमा भाषामा पनि विविधता पाईन्छ ।पालिकामा ३० भन्दा बढी भाषा बोल्छन् । नेपाली भाषा सबैभन्दा बढी बोलिने भाषा हो जुन कुल जनसंख्याको ४९% ले बोल्ने गर्दछन । त्यसैगरी याक्थुङ/लिम्बु भाषा बोल्नेको संख्या १६.४% र मगर भाषा बोल्नेको संख्या १०.९% रहेको छ । बान्तवा, तामाङ, राई, चाम्लिङ, साम्पाङ, नेवारी र मिथिली भाषा क्रमशः ५.७%, ४.५%, ४.२%, २.५%, २.५% र ०.६% रहेको छ (राष्ट्रिय जनगणना , २०७८)।

पालिकामा माझी, कोयी, थुलुङ, डुमी, थारु, नाछिरिङ, तख्खा, बाहिङ/बायुङ, गुरुङ, कुलुङ, खालिङ, संस्कृत भोजपुरी, सुनुवार, शेर्पा, भुजेल, वाम्बुले बहसह बोल्नेको संख्या नगन्य संख्यामा छ (राष्ट्रिय जनगणना, २०७८)।



### ३.१.४.४. धर्म सम्बन्धि विवरण

लेटाङ नगरपालिकामामा बसोबास गर्ने जातजाति तथा तिनीहरुले मान्ने धर्म अनुसार विभिन्न रितिरिवाज, चाडबाड, पर्व मेला, जात्रा मनाउने गरिनेछ । पालिकामा मानिने प्रमुख धर्म मध्ये हिन्दु धर्म मान्नेको संख्या सबै भन्दा बढी ५४.७६ % छ । त्यसैगरी किराँत धर्म मान्नेको संख्या २०.०९ %, बौद्ध धर्म मान्नेको संख्या १२.५७ % ईसाई धर्म मान्नेको संख्या १२.३८ % छ भने ईस्लाम धर्म मान्नेको संख्या ०.२% मात्र रहेको छ (राष्ट्रिय जनगणना , २०७८) ।




*चित्र 3: नगरपालिकामा मानिने धर्म सम्बन्ध विरण*

## ३.१.५. सामाजिक-आर्थिक आवस्था

### ३.१.५.१. प्रमुख पेशा

लेटाङ नगरपालिकाको करिब ३९.४१ % जनसंख्याले कृषि तथा पशुपालनलाई आफ्नो प्रमुख पेशाको रुपमा अंगालेका छन् । पालिकामा करिब २०.२९% जनसंख्याले व्यापार /व्यवसायलाई प्रमुख पेशाको रुपमा अपनाएका छन् भने दैनिक ज्याला मजदुरी संलग्न व्यक्तिको संख्या ७.५३% रहेको छ । त्यस्तै लेटाङ नगरपालिकामा ६.३४ % निजी तथा गैरसरकारी क्षेत्रमा जागिर, २.२१% सरकारी जागिरमा संलग्न छन् । वैदेशिक रोजगारीमा जानेको संख्या १५.२२% रहेको छ भने बाँकि ९.०१% अन्य विभिन्न पेशामा संलग्न छन् (राष्ट्रिय जनगणना , २०७८)।

*तालिका 2: पालिकामा अपनाईएका प्रमुख पेशाको विवरण*

| क्र. सं | प्रमुख पेशा | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | ७२४८ | ३९.३० |
| २ | व्यापार /व्यवसाय | ३७४९ | २०.३३ |
| ३ | वैदेशिक रोजगारी | २८१२ | १५.२५ |
| ४ | ज्याला मजदुरी | १३९१ | ७.५४ |
| ५ | निजी तथा गैरसरकारी जागिर | ११७० | ६.३४ |
| ६ | सरकारी जागिर | ४०९ | २.२२ |
| ७ | अन्य | १६६६ | ९.०३ |
| ८ | **जम्मा संख्या** | **१८४४५** | |

(लेटाङ नगरपालिका विद्यमान वस्तुस्थिति विवरण , २०८०)

### ३.१.५.२. बैंक तथा वित्तीय संस्था

लेटाङ नगरपालिकको केन्द्र लेटाङ बजारमा विभिन्न बैंक तथा वित्तीय संस्थाले सेवा उपलब्ध गराईरहेका छन् । ग्रामिण क्षेत्रमा भने सहकारीहरुको उपस्थिति राम्रो रहेको छ जहाँ स्थानीयले दैनिक आर्थिक कारोबार गररहेका छन् । पालिकामा जम्मा २१ वटा वित्तीय संस्था रहेका छन् । जसमध्ये १७ वटा सहकारी, २ वटा विकास बैंक, र २ वटा लघुवित्त छन् (लेटाङ नगरपालिका विद्यमान वस्तुस्थिति विवरण , २०८०)।

### ३.१.५.३. प्रमुख बजार क्षेत्र

लेटाङ बजार लेटाङ नगरपालिकाको प्रमुख बजार क्षेत्र र नगरपालिकाको केन्द्र हो । त्यस्तै जाँते बजार, बुधबारे बजार, वारंगी बजार, अँधेरी बजार र मदनचोक नगरपालिकाका अन्य बजारहरु हुन् । पालिकाका विभिन्न स्थानमा साप्ताहिक हाट बजार पनि लाग्ने गर्दछ जहाँ, स्थानीयहरु आफ्नो उत्पादन बिक्री तथा दैनिक उपभोग्य वस्तुहरू खरिद गर्छन्। प्रत्येक वडा केन्द्र पनि सामान्य बजार केन्द्रको रूपमा विकास हुदै गईरहेका छन् (लेटाङ नगरपालिकाको भूउपयोग योजना, २०७९)।

त्यसैगरी पालिकाक बाहिर तथा नजिक रहेका अन्य बजारहरुमा कानेपोखरी, बेलबारी, बिराट चोक, पथरी, उर्लाबारी, मधुमल्लाह, धरान, ईटहरी, बिराटनगर, दमक आदि हुन् ।

### ३.१.५.४. शैक्षिक संस्थाहरु

लेटाङ नगरपालिकामा सार्वजनिक र संस्थागत गरि जम्मा ६२ वटा शैक्षिक संस्थाहरु रहेका छन् । तीमध्ये ३१ सामुदायिक र १६ संस्थागत विद्यालय छन् । पालिकामा ४७ प्रारम्भिक बाल विकास केन्द्र र १३ बाल विकास केन्द्र सञ्चालनमा छन्  एउटा क्याम्पस र एउटा संस्कृत विद्यालय पनि रहेका छन् (लेटाङ नगरपालिका विद्यमान वस्तुस्थिति विवरण , २०८०)। यस क्षेत्रबाट प्राविधिक शिक्षा, उच्च शिक्षा तथा विभिन् सिपमुलक तालिमका लागि विद्यार्थीहरू छिमेकी नगरपालिकाक साथै विराटनगर, इटहरी, धरान तथा काठमाडौं जस्ता ठुला सहरमा जाने गर्थे ।

### ३.१.५.५. स्वास्थ्य सेवा

लेटाङ नगरपालिकामा जम्मा १० वटा सरकारी स्वास्थ्य संस्थाहरु रहेका छन् । तीमध्ये एक १५ शैयाको नगर स्तरीय अस्पताल, ३ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभूत स्वास्थ्य केन्द्र र १ वटा शहरी स्वास्थ्य केन्द्र छन्। नगरपालिकाको केन्द्रमा निजी क्लिनिक र फार्मेसीको पनि राम्रो उपस्थिति छ ।जहाँ स्थानीय तथा अगन्तुखारुले स्वस्थ्य सेवा लिन सक्छन । थप स्वास्थ्य सेवा तथा जटिल रोगको उपचारका लागि भने स्थानीयहरू धरान, इटहरी र विराटनगर तथा काठमाडौं जाने गर्दछन ।

| क्र.सं | स्वास्थ्य संस्थाको नाम | ठेगाना | वडा नं |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी | भोगटेनी | १ |
| २ | आधारभूत स्वास्थ्य केन्द्र | बुधबारे | २ |
| ३ | लेटाङ अस्पताल | बिरन | ३ |
| ४ | आधारभूत स्वास्थ्य केन्द्र | टेलिकम लाईन | ४ |
| ५ | आधारभूत स्वास्थ्य केन्द्र | शिवालय मन्दिर | ५ |
| ६ | आधारभूत स्वास्थ्य केन्द्र | गुवाबारी | ६ |

| क.सं | स्वास्थ्य संस्थाको नाम | ठेगाना | वडा नं |
|---|---|---|---|
| ७ | स्वास्थ्य चौकी | वारंगी | ७ |
| ८ | स्वास्थ्य चौकी | जाँते | ८ |
| ९ | शहरी स्वास्थ्य केन्द्र | जयामिरे | ८ |
| १० | आधारभूत स्वास्थ्य केन्द्र | जाँते | ९ |

(लेटाङ नगरपालिका विद्यमान वस्तुस्थिति विवरण , २०८०)

#### ३.१.५.६. सुरक्षाको अवस्था

लेटाङ नगरपालिकामा शान्ति सुरक्षाको अवस्था हेर्दा सामान्य देखिन्छ । सामान्य झैझगडा बाहेक यस क्षेत्रमा कुनै अपराधिक घटना भएको पाईदैन । पालिका क्षेत्रमा २ वटा सुरक्षा निकायका कार्यालय छन् जहाँ बाट पालिका क्षेत्रमा सुरक्षा सेवा प्रदान गरिरहेको छ । जसमध्य वडा नं २ को बुधबारेमा प्रहरी चौकी, वडा नं ४ को थाना लाईनमा ईलाका प्रहरी कार्यालय रहेको छ । त्यसैगरी पालिकामा वडा नं ४ को टेलिकम लाईनमा आर्मी क्याम्प पनि रहेको छ ।

#### ३.१.५.७. खेल तथा खेल पूर्वाधार

यस क्षेत्रको पर्यटन क्रियाकलाप मध्ये खेलकुद क्षेत्र सम्भावना भएको क्षेत्र हो ।पालिकाका सबै वडामा कुनै न कुनै प्रकारका खेल मैदानहरु छन्, जसमध्य ६ स्थानमा भलिबल कोर्ट, १८ स्थानमा फुटबल मैदान, २ स्थानमा ब्यामिन्टन कोर्ट रहेका छन् । पालिकामा विभिन्न विधाका खेलको नगर स्तरीय, अन्तर वडा, अन्तर नगर, अन्तर जिल्ला स्तरका प्रतियोगीयोता आयोजना भईरहेको छ ।यसले अन्तरिक पर्यटनको विकासमा योगदान योगदान पुर्याईरहेको छ । लेटाङ नगरपालिकाले खेल क्षेत्रको विकासका लागि पूर्वाधार विकासलाई प्राथमिकता राखी कार्य गरिरहेको छ ।

### ३.१.६. पूर्वाधारको तथा सेवा सुबिधाको

#### ३.१.६.१. सडक तथा यातायातको स्थिति

लेटाङ नगरपालिका पूर्व-पश्चिम राजमार्ग बाट करिब २ कि.मि उत्तरमा पर्दछ पलिकलाई कानेपोखरी-लेटाङ-बुढाभरे-दुरडिम्बा-लिम्बा सडकले पुर्व पश्चिम राजमार्ग तथा उत्तर तर्फका भूभाग संग प्रत्यक्ष जोडेको छ । त्यसैगरी मदनभण्डारी राजमार्ग पालिकाको मध्यभाग हुदै गएको छ, यस राजमार्गले पालिकालाई पुर्व पश्चिम तर्फका पालिका तथा पर्यटकीय स्थलसंग जोडेको छ । त्यसैगरी रामिते -वारङ्गी -सिंहदेबी-याङ्शिला -पाटी सडक, बेलबारी –

बुधबारे- राजारानी -आरुबोटे सडक नगरपालिकाका प्रमुख सडकहरु हुन् जसले पहिकाका बिभिन्न क्षेत्रमा पहुँच पुर्याएका छन् ।

लेटाङ नगरपालिकामा रहेका सडकको कुल लम्बाइ ५७४ किलोमिटर छ । जसमध्ये २४ कि.मि. कालोपत्रे, ४५० कि.मि. कच्ची ग्राभेल, १०० कि.मि. कच्ची धुले सडक रहेको छ । पालिकाका सबै वडाहरु सडक संजालबाट जोडिएका छन् ।

त्यसैगरी पालिकामा बिभिन्न पैदलमार्गहरु रहेका छन् ।जसले पालिकाको सबै क्षेत्रमा पहुँच पुर्याईर्हेका छन् । यस्ता कतिपय पैदलमार्गलाई पर्यटकीय मार्गको रुपमा विकास गर्न सकिने सम्भावना पनि देखिन्छ ।

पालिकामा कानेपोखरी -लेटाङ -बुधबारे - दुरदिम्बा -लिम्बा हुलाकी राजमार्ग हुँदै सार्वजनिक सवारी साधन गुड्छन्। मिनी बस, म्याजिक, माइक्रो भ्यान, अटो रिक्सा र ई-रिक्शाहरू यस क्षेत्रमा चल्ने प्रमुख सार्वजनिक यातायातका साधनहरु हुन् । त्यसैगरी निजी सवारी साधन भने सबै वडाका प्राय सबै क्षेत्रमा लान सकिन्छ ।

### ३.१.६.२. विद्युत आपूर्ति

लेटाङ नगरपालिकाका सबै वडामा राष्ट्रिय प्रसारण लाईनको विद्युत सेवा पुगेको छ । पालिकाको ९.५७ % घरधुरीमा विद्युत सेवा पुगेको छ । केहि घरधुरीमा बैकल्पिक स्रोतको रुपमा सोलार, मट्टीतेलको प्रयोग हुदै आईरहेको छ ।

## ३.२. पर्यटनका प्रमुख पाँच तत्वहरु

पर्यटन वकासमा प्रमुख भुमिका खेल्ने पर्यटनका प्रमुख पाँच तत्वहरु (5As Principle of Tourism) मा आकर्षण, पहुँच, आवास, गतिविधि र सेवा सुबिधा हुन् । यी पाँच तत्वहरुको समिश्रणबाटनै पर्यटन विकास सम्भव छ ।




### ३.२.१. आकर्षण (Attraction)

आकर्षण पर्यटनको प्रमुख तत्व हो । कुनै पनि व्यक्तिलाई यात्राका लागि आकर्षण गर्ने प्राकृतिक वा मानव निर्मित पर्यटकीय आकर्षणबाट पर्यटनको सुरुवात हुन्छ । सामान्यतः कुनै पनि त्यस्ता कुराहरु जसले यात्रीलाई कुनै विशेष स्थानमा भ्रमण गर्न आकर्षित गर्दछ, तिनलाई नै पर्यटकीय आकर्षण हुन् र पर्यटकलाई कुनै पनि स्थानसम्म तान्ने प्रमुख पक्ष नै आकर्षण वा पर्यटकीय गन्तब्य हुन् । अझ स्पष्ट रुपमा भन्ने हो भने आकर्षण भन्नाले त्यस्तो स्थायी गन्तव्य स्थल बुझिन्छ जसले यात्रीलाई आनन्द, मनोरञ्जन, शिक्षाको अवसर उपलब्ध गराउँछ वा उसको रुचि र सन्तुष्टि परिपूर्ति गर्न सघाउँछ ।

लेटाङ नगरपालिकामा रहेका विभिन्न प्राकृतिक सम्पदाहरु जस्तै; राजारानी पोखरी, सुके पोखरी, रानी वन, चिसाङ बगर, थमचुली डाँडा, गुर्दुम डाँडा, समला क्षेत्र, नदोलुङ झरना, किसे झरना, वन झाँक्री गुफा, जोरकुप, विमिरे ईनार, आरुबोटे डाँडा बिभिन्न सामुदायिक वन क्षेत्र आदि, विभिन्न धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरु जस्तैः धिमाल दरबार तथा ग्रम्थान, बराजी मन्दिर, शिवजी मन्दिर, साईली पाथिभरा मन्दिर, राधा कृष्ण मन्दिर, किराँतेश्वर महादेव मन्दिर, सातकन्या मन्दिर, पन्चकन्या कालिका देवी मन्दिर, हिमालय महायान छेताङ छोईलिङ बौद्ध गुम्बा, बिभिन्न साकेला थानहरु आदि मानव निर्मित आकर्षणहरु जस्तैः जाँते भ्यु टावर तथा किराँत संस्कृतिक

संग्रहालय (निर्माणाधीन), अन्तर धार्मिक शान्ति पार्क (निर्माणाधीन), गुहाबारी भ्यु टावर, चिल्ड्रेन पार्क आदि लेटाङ नगरपालिकामा रहेका प्रमुख पर्यटकीय आकर्षणहरु हुन् । त्यसैगरी यस स्थानमा मनाईने मेला, पर्व, जात्रा जस्ता अमुर्त संस्कृति पनि प्रमुख पर्यटकीय आकर्षण हुन् ।

### ३.२.२. पहुँच (Accessibility)

पहुँचले कुनै पनि यात्रीलाई गन्तव्य स्थल सम्म पुर्याउन महत्वपुर्ण भूमिका खेल्दछ । सामान्यतयाः पहुँच भन्नाले गन्तव्य स्थल सम्म पुग्ने मार्ग जस्तै; सडक, पैदल मार्ग, विमानस्थल तथा सो स्थान सम्म पुग्ने यातायातका साधनहरु हेलिकप्टर, हवाईजहाज, बस, कार, जिप, मोटरसाईकल, साईकल आदि लाई बुझ्न सकिन्छ । पहुँचले पर्यटकलाई आफुले रोजेको स्थलमा पुग्न सहज गर्दछ । कुनै निश्चित पर्यटन स्थलमा आउने पर्यटक संख्यालाई उक्त स्थानसम्म पुग्ने पहुँच मार्गको अवस्थाले प्रत्यक्ष प्रभाव पार्दछ। यसैले कुनै पनि पर्यटकीय स्थलमा बढी बढी भन्दा बढी भित्र्याउन पहुँचमा सरलता ल्याउनु आवश्यक हुन्छ । पर्यटकले कस्तो किसिमको यातायातको साधनको उपयोग गर्न मन पराउँछ भन्ने कुरा यात्राको दुरी र लाग्ने समय, पर्यटकको स्तर, सुरक्षा, भौगोलिक स्थिति आदिमा भर पर्दछ ।

पर्यटकहरुलाई लेटाङ नगरपालिका सम्म पुग्ने सडक मार्गमा पुर्व पश्चिम राजमार्ग प्रमुख हो । लेटाङ नगरपालिका यस राजमार्गबाट मात्र २ कि.मि को दुरीमा रहेको र यस राजमार्गले पुरै नेपाललाई जोडेको छ र देशको कुनै पनि कुनाबाट लेटाङ सम्म पुग्न सहज गरेको छ । त्यसैगरी मदन भण्डारी राजमार्ग, कानेपोखरी - लेटाङ - ६ नं बुधबारे - लिम्बा सडक, पथरी - जाँते - ज्यामिरे सडक, बेलबारी - बुधबार - लोखरा सडक लेटाङ नगरका प्रमुख पहुँच मार्ग हुन् । ।

त्यसैगरी हवाई मार्गको आधारमा हेर्ने हो भने, बिराटनगर विमानस्थल लेटाङ बाट सबै भन्दा नजिकको विमानस्थल हो । करिब ४० कि.मि. दुरीमा रहेको विराटनगर विमानस्थलबाट देशका विभिन्न स्थानबाट दैनिक आन्तरिक उडान हुन्छ । लेटाङ नगरपालिकामा हवाई मार्गको रुपमा यस विमान स्थललाई लिन सकिन्छ ।

पालिकामा विराटनगर, काकडभित्ता, ईटहरी लगायत विभिन्न स्थानबाट सार्वजनिक सवारी साधन संचालन हुन्छन भने निजी सवारी साधन प्राय सबै वडामा पुग्दछन ।

### ३.२.३. आवास (Accommodation)

आवास व्यवस्था पर्यटनको मुख्य पक्ष हो । आवासको उपलब्धता तथा यसको गुणस्तरले पर्यटन प्रवर्द्धन मा प्रत्यक्ष प्रभाव पर्दछ। जुनसुकै पर्यटकले उपयुक्त आवासको चाहना राखेको हुन्छ, जुन सुविधा सम्पन्न र सुरक्षित हुनु पर्दछ। पर्यटकको बसाई अवधि लम्ब्याउन गुणस्तरीय र सुरक्षित आवास सुविधाले प्रमुख भूमिका खेल्दछ। सन् १९६३ मा सम्पन्न भएको संयुक्त राष्ट्रसंघको रोम सम्मेलनले पनि अन्तर्राष्ट्रिय पर्यटनको प्रवर्द्धन मा आवासको महत्वलाई स्वीकार गरेको छ । यस सम्मेलनले पर्यटन विकासका लागि सरकारले पनि आवास व्यवस्था मिलाउनु

पर्ने कुरामा जोड दिएको छ । आवास ब्यवस्था भित्र पर्यटकको विश्रामका लागि आवश्यक सेवा सुविधाहरु सहित खानपानको व्यवस्था पनि हुनुपर्दछ । होटेल, लज, गेष्ट हाउस, होमस्टेले आवास सुबिधा पुर्याउदै आएका छन् ।

लेटाङ नगरपालिकाको सबै वडामा चिया खाजा खाने सुबिधा रहेका १०० भन्दा बढी होटेल खाजा घर रहेका छन् भने बसोबासको सुबिधा सहितका होटेलको संख्या भने न्युन छ ।पालिकामा पर्यटकीय मापदण्ड पुरा भएका होटेल हाल सम्म छैनन्। वडा नं यद्यपी केहि वडामा बाहेक अन्य वडामा बसोबास सहितको सुबिधा भएका होटेलहरु संचालमा छन् ।

पालिकामा होमस्टेको पर्व सम्भावना भएता पनि हालसम्म वडा नं १ को राजारानीमा ३ घर बाहेक अन्यन्त्र औपचारिक रुपमा होमस्टे संचालन भएको छैन ।

### ३.२.४. पर्यटकीय गतिविधि (Activities)

कुनै पनि पर्यटकले गन्तव्यमा स्थलमा मनोरन्जनका लागि गर्ने क्रियाकलापलाई पर्यटकीय गतिविधिको रुपमा लिन सकिन्छ । कुनै पनि व्यक्तिलाई सो गन्तव्यमा आकर्षण गर्ने प्रमुख तत्वनै सो स्थानमा हुने पर्यटकीय गतिबिधिहरु हुन् । यसमा पर्यटक स्वयम संग्लग्न हुन्छन र सो क्रियाकलापको अनुभव गर्दछन ।

लेटाङ नगरपालिकामा हाल भईरहेका प्रमुख पर्यटकीय गतिविधिहरुमा दृष्यावलोकन, पदयात्रा, साइकलिङ, भलिबल खेल, फुटबल खेल, विभिन्न जातीय नाचहरु, पुजा आजा, समय समयमा हुने मेला महोत्सब, प्याराग्लाइडिङ (परिक्षण सफल भएको) आदि हुन् । पर्यटकको बसाई अबधि तथा दैनिक खर्च बढाउन पर्यटकीय क्रियाकलापले महत्वपुर्ण भूमिका खेल्दछ ।

सेवा-सुबिधा (Amenities)पर्यटनको अर्को आधाभूत तत्व सुविधा हो । कुनै पनि पर्यटन स्थलको विकासका लागि उक्त स्थानसम्म पुग्न यातायात तथा सो स्थानमा आवासका लागि होटल मोटेल ,होमेस्टे ,साथसाथै अन्य सुविधाहरुको पनि उत्तिकै आवश्यकता पर्दछ । पर्यटकको यात्रालाई आनन्ददायी तथा सरल बनाउन आवश्यक पर्ने विभिन्न किसिमका सेवा र सुविधाहरुलाई जनाउँछ । खासगरि पर्यटकीय गन्तब्य वा आकर्षणमा पर्यटकका लागि विश्राम, भोजनका साथसाथै मनोरञ्जन, सूचना तथा सञ्चारको उपयुक्त सुविधा, खेल तथा दृश्यावलोकनका अवसरहरु आदिको आवश्यकता पर्दछ । एउटा पर्यटकले यात्राबाट अधिकाधिक आनन्द र सन्तुीष्ट प्राप्त गर्न चाहन्छ । मानिसको स्वभाव र रुचि अनुसार उनीहरुका आनन्द र सन्तुष्टिका माध्यम पनि फरकफरक हुन सक्छन । उनीहरुको यही चाहनालाई परिपूर्ति गर्न आवश्यक कुराहरु नै सुविधा (Amenities) हुन् ।

## ३.१. लेटाङ नगरपालिकाका प्रमुख पर्यटकीय आकर्षणहरु

लेटाङ नगरपालिकाका विभिन्न प्रकारका जम्मा ४९ वटा प्रमुख पर्यटकीय क्षेत्रहरु रहेका छन् ।

*तालिका 3: प्रमुख पर्यटकीय आकर्षण सम्बन्धि विवरण*

| क्र. सं | पर्यटकीय आकर्षण | वडा नं | स्थान | पर्यटनको प्रकार |
|---|---|---|---|---|
| १ | राजारानी पोखरी | १ | राजारानी | प्राकृतिक पर्यटन |
| २ | धिमाल दरबार (धिमाल उत्पति स्थल) | १ | राजारानी | धार्मिक पर्यटन |
| ३ | अन्तर धार्मिक शान्ति पार्क | १ | राजारानी | मनोरञ्जनात्मक पर्यटन |
| ४ | सात कन्या मन्दिर | १ | अँधेरी | प्राकृतिक पर्यटन |
| ५ | वन झाक्री गुफा | १ | कात्तिके | धार्मिक पर्यटन |
| ६ | किसे झरना | १ | किसेटार | प्राकृतिक पर्यटन |
| ७ | गुर्दुम डाँडा | १ | आरुबोटे | प्राकृतिक पर्यटन |
| ८ | साईली पाथिभरा | १ | लाख सिरान | धार्मिक पर्यटन |
| ९ | सिंहबाहिनि मन्दिर | १ | कुईकुण्डा | धार्मिक पर्यटन |
| १० | रानीवन | २ | गरापानी सामुदायिक वन | प्राकृतिक पर्यटन |
| ११ | नगर प्रवेश पार्क | २ | पैतिसबिघे | मनोरञ्जनात्मक पर्यटन |
| १२ | पञ्चकन्या कालिका देवी मन्दिर | ३ | विरन | धार्मिक पर्यटन |
| १३ | किर्तिमान यलम्बर पार्क | ३ | किर्तिमान | प्राकृतिक/ मनोरञ्जनात्मक पर्यटन |
| १४ | कमलपुर पर्या पर्यटन क्षेत्र | ३ | कमलपुर | प्राकृतिक पर्यटन |
| १५ | नमुना पुतली पार्क तथा पर्या पर्यटन क्षेत्र | ३ | विरन | प्राकृतिक पर्यटन |
| १६ | ईमानसिंह चेम्जोङ स्मृति प्रतिष्ठान | ३ | त्रिशुली चोक | |

| क्र. सं | पर्यटकीय आकर्षण | वडा नं | स्थान | पर्यटनको प्रकार |
|---|---|---|---|---|
| १७ | चिल्ड्रेन पार्क | ४ | वडा कार्यालय छेउ | मनोरञ्जनात्मक पर्यटन |
| १८ | सेल्फी रोड सहित तिनकुने पार्क | ४ | गंगे चोक | मनोरञ्जनात्मक पर्यटन |
| १९ | हिमालय महायान छेताङ छोईलिङ बौद्ध गुम्बा | ४ | लेटाङ-४ बजार क्षेत्र | धार्मिक पर्यटन |
| २० | सेल्फी रोड सहित तिनकुने पार्क | ४ | गंगे चोक | मनोरञ्जनात्मक पर्यटन |
| २१ | श्री जनसेवा वनभोज तथा चिडिया उद्धार क्षेत्र | ४ | लेटाङ बजार | प्राकृतिक/ मनोरञ्जनात्मक पर्यटन |
| २२ | मगर गुम्बा बौद्ध विहार | ४ | हटिया बजार उत्तर | धार्मिक पर्यटन |
| २३ | लेटाङ्ग किराँत राई यायोक्खा धार्मिक क्षेत्र (वन) | ४ | लेटाङ बजार | धार्मिक /प्राकृतिक पर्यटन |
| २४ | अन्तर सांस्कृतिक संग्रहालय | ५ | | मनोरञ्जनात्मक पर्यटन |
| २५ | बिमिरे ईनार | ५ | खेरुवा | प्राकृतिक/ मनोरञ्जनात्मक पर्यटन |
| २६ | जोरकुप ईनार तथा जलाधार क्षेत्र | ५ | | प्राकृतिक पर्यटन |
| २७ | वसन्त सामुदायिक वन क्षेत्र | ५ | लेटाङ-५ | प्राकृतिक पर्यटन |
| २८ | त्रिवेणी सामुदायिक वन क्षेत्र | ५ | | प्राकृतिक पर्यटन |
| २९ | श्री राधाकृष्ण मन्दिर | ५ | क्याम्पस टोल, सरकारी टुकुरे वन भित्र | धार्मिक पर्यटन |
| ३० | श्री गणेश मन्दिर | ५ | लेटाङ-५ | धार्मिक पर्यटन |
| ३१ | गुवाबारी | ६ | गुवाबारी | मनोरञ्जनात्मक पर्यटन |
| ३२ | समल डाँडा | ६ | संगम टोल | प्राकृतिक पर्यटन |
| ३३ | चिसाङ खोला र भुवा खोला बगर | ६ | वडा नं ६ | प्राकृतिक पर्यटन |

| क्र. सं | पर्यटकीय आकर्षण | वडा नं | स्थान | पर्यटनको प्रकार |
|---|---|---|---|---|
| ३४ | प्रादेशिक कृषि तालिम केन्द्र | ६ | घुम्ती | शैक्षिक पर्यटन |
| ३५ | सुके पोखरी तथा सत्यदेवी मन्दिर क्षेत्र | ७ | वारंगी | प्राकृतिक/ धार्मिक पर्यटन |
| ३६ | ताक्चुवा झरना | ७ | फुर्केटार | प्राकृतिक पर्यटन |
| ३७ | नादोलुङ झरना | ७ | नादोलुङ | प्राकृतिक पर्यटन |
| ३८ | वन झाँक्री झरना | ७ | केराबारी धोत्रे | प्राकृतिक पर्यटन |
| ३९ | टासी डुप्छेन छयोलिङ गुम्बा | ७ | वारंगी | धार्मिक पर्यटन |
| ४० | समला डाँडा | ७ | समला | प्राकृतिक पर्यटन / होमस्टे |
| ४१ | थामचुली डाँडा | ७ | थामचुली (वारंगी ) | प्राकृतिक पर्यटन |
| ४२ | बराहजी मन्दिर | ७ | वारंगी | धार्मिक पर्यटन |
| ४३ | जाँते भ्यु टावर तथा किराँत राई सांस्कृतिक संग्रहालय | ८ | जाँते | मनोरञ्जनात्मक पर्यटन |
| ४४ | किराँतेश्वर शिवालय मन्दिर | ८ | डाँडा गाउँ | धार्मिक पर्यटन |
| ४५ | तेली खोला झोलुंगे पुल तथा पिकनिक स्थल | ८ | | मनोरञ्जनात्मक पर्यटन |
| ४६ | कोलुङ्ग झरना | ८ | लेटाङ-८ | प्राकृतिक पर्यटन |
| ४७ | किराँतहाङसाम थेवा युमा माङहिम | ८ | लेटाङ-८ , जाँते बजार | धार्मिक पर्यटन/मनोरञ्जनात्मक पर्यटन |
| ४८ | लोपोन्मुख पशुपंक्षी तथा धार्मिक पर्यटन क्षेत्र | ९ | मोरङ्गी खोला | प्राकृतिक /धार्मिक पर्यटन |
| ४९ | शिवालय मन्दिर | ९ | मदनपुर | धार्मिक पर्यटन |

(स्थलगत अध्ययन, २०८१)

## ३.२. लेटाङ नगरपालिकामा रहेका अमुर्त सम्पदाहरु

लेटाङ नगरपालिकामा रहेका मौलिक कला, संस्कृति, परम्परा, भेषभुषा लगायत नै यस पालिकामा रहेका अमुर्त सम्पदाहरु हुन् । मौलिक भेषभुषा, परम्परा, कला, संस्कृतिहरुले पर्यटन विकासमा प्रत्यक्ष प्रभाव पार्दछ । विभिन्न जातजातिको बसोबास रहेको लेटाङ नगरपालिकामा मनाईने विभिन्न चाडपर्व, परम्परा, मौलिक नाच, गित संगीत जस्तै; चण्डी नाच, सेलो नाच, साकेला सिली, धान नाच, हुर्रा नाच, लाखे नाच, संगिनी नाच, बालन किर्तन नाच, ल्होसार, चासोक तङनाम आदि यस क्षेत्रका अमुर्त सम्पदाहरु हुन् ।यसले कुनै पनि पर्यटकलाई फरकपनको अनुभूति दिन्छ वा यस स्थानमा आकर्षण गर्दछ ।

**क. धान नाचः**



धान नाच लिम्बू जाति (याक्थुङ) को प्रसिद्ध लोक नृत्य हो । यसलाई लिम्बू भाषामा यालाङ अथवा यालक्मा भनिन्छ। यसको उत्पत्ति नेपालको लिम्बूवान क्षेत्रमा भएको मानिन्छ । यस नृत्य गाईने गीतलाई पलाम भनिन्छ । यो नाच कुनै विवाह, उधौली जस्ता चाडपर्वहरूमा तथा उत्सवहरूमा नाचिन्छ । ऐतिहासिक रूपमा, नृत्य सात दिन र सात रातको लागि प्रदर्शन गरिन्थ्यो ।लेटाङमा भने यो नाच एक दिन गरिन्छ । यो नृत्य विशेष गरि लेटाङ नगरपालिकाको उत्तरी भेग वारङ्गी क्षेत्रमा प्रचलनमा छ ।

**ख. चण्डी नाचः**

राई जातिका विभिन्न पर्वहरु मध्ये प्रमुख मानिने चाड उँधौली र उँभौलीमा नाचिने नाच चण्डी नाच हो । जसको अर्थ पूजा गर्नु भन्ने हुन्छ । चण्डी नाच वैशाख जेष्ठ महिनाभरी पालिकाका सबै वडामा घुमी घुमी मनाईन्छ । जसलाई दोङ्दावा (उँधौली) वा बसिखाने समरी पर्व पनि भनिन्छ । यो नाच राई जातिको अति प्रसिद्ध तथा एकमात्र नाच हो । बालबालिका, युवा, वृद्ध सबै मिलि सयौंको समूहमा यो नाच नाच्दछन् । नाच्नेहरूको पक्ति भित्र एक नायक तथा नायिका हुन्छन् जसले सेतो फेटा बाँधेको हुन्छ । वरिपरि घुमीघुमी नाचिने यो साकेला नाचमा आआफ्नो जातीय भेषभूषाका साथै हातमा झुम्के रुमाल र फूलपाती लिएर नाचिन्छ ।

**ग. साकेला पर्व वा साकेला सिली :**

उभौली (वैशाख पूर्णिमा) र उधौली (मङ्सिरे पूर्णिमा) मा किराँत राईहरूले मनाउने चाड साकेला पर्व वा साकेला सिली हो । किराँतहरुको देवी र देवता सुम्निमा (पार्वती) र पारुहाङ (शिव) को उत्पतिसँगै यो चाड मानिँदै आएको भनाई छ । यस पर्वमा आफ्ना पितृ र प्रकृतिको पूजा गर्ने चलन छ । किराँत राईका पुर्खाहरुको भनाइ अनुसार बाली लगाउने समयमा वर्षा प्रशस्त होस्, दैवी प्रकोप नपरोस्, आफ्नो समुदायमा रोग व्याधि नलागोस्, सुख शान्ति छाओस् भनेर उभौली पर्व मानिन्छ । त्यस्तै अन्नबाली पाकिसके पछि प्रकृतिबाट धन धान्य एवं सुख





शान्ति प्राप्त भयो भन्ने सन्देश दिन र आउने समयमा पनि यस्तै रहोस् भन्ने कामना सहित उधौली पर्व मनाउने गरिन्छ ।

यसमा पर्वमा कोदोको चोखो जाँड, नयाँ अदुवा धान र कुखुराको रातो भाले काटेर प्रकृतिलाई भोग दिने चलन छ । यसमा केराको पात, माटोको भाँडो (बुछालु) र चिण्डो महत्वपूर्ण सामग्रीका रूपमा राख्ने चलन छ । अदुवा किराँत राईहरूको साँस्कृतिक कार्यको महत्वपूर्ण पवित्र पूजा सामग्री भएकाले अदुवा बिनाको कुनै पनि कार्य विधिवत् सम्पन्न नहुने जन विश्वास छ ।

साकेला नाच्नु अगाडि राईहरूको पुरोहित (नछुङ)ले भूमिको पूजा गर्ने परम्परा छ । यस पूजामा मकैको बोट, धानको बिउ, कृषि कार्यमा प्रयोग हुने सम्पूर्ण सामग्रीहरू जस्तै कुटो, कोदालो, झम्पल, हँसिया, खुकुरी, हलोको फालीका साथै अन्य हतियार राखेर पनि पूजा गरिन्छ । यी सामग्री साकेला थानको रुखको फेदमा राखी पूजा गरिन्छ । साकेला पर्वमा ढोल झ्याम्टा बजाएर सृष्टिका गीत गाउँदै समुहमा नाचिन्छ । साकेला पर्वमा कुनै कुनै स्थानमा नाच गाना प्रतियोगिता समेत संचालन गरिन्छ ।

### घ. हुर्रा नाच :



हुर्रा नाच मगर जातिको विशेष नाच हो । यो नाचमा केटाकेटी, आइमाई, लोग्नेमान्छे सँगसँगै हातमा हात मिलाई नाच्ने र गाउने परम्परा छ । आफ्नो नातेदारका साथमा नाच्दा नाता नपर्ने केटाकेटी आएका खण्डमा नातेदारहरूले उनीहरूलाई पनि नाच्ने मौका दिन्छन् र रमाइलो गरी नाच्दछन् । हुर्रा नाच मगर जातिले विशेष गरि तीहारको समयमा तथा अन्य ठुला चाडपर्व तथा उत्सवका अवसरमा नाच्ने गर्दछन ।

**ङ. लाखे नाच :**

नेवार समुदायले कुनै विशेष जात्रा अथवा पर्वको उपलक्ष्यमा लाखेको मुखुण्डो पहिरिएर गरिने परम्परागत नृत्य लाखे नाच हो । यो नाच विशेष गरि नेवार समुदायमा नाचिन्छन् । यसरी नाचिने नाचहरु प्रायः देवी देवतासँग जोडिएको हुन्छ । लाखे नाचहरूमा लाखेलाई हिन्दूधर्मका कथाहरूसँग जोडिएर एक राक्षस वा दैत्यको रूपमा प्रस्तुत गरिएको हुन्छ । यो नाच विशेषतः इन्द्र जात्रा र गाइजात्रामा पर्वहरूको अवसरमा नाचिन्छ ।



**च. सँगिनी नाच :**

यो ब्राह्मण समुदायमा प्रचलित नृत्य हो। विशेष गरि महिला दिदि बहिनि तथा साथी संगीहरु सहभागी हुने यस संगिनी नाचमा समुहमा भेला भएर नाचिने परम्परागत नृत्य हो । यसमा विभिन्न धार्मिक ग्रन्थका कहानीहरू र उनीहरूका जीवनका सुख दुःखका घटनाहरूलाई विशेष भाकमा गीतको रूपमा गाएर नाच्ने गरिन्छ । विशेषगरि बाला चतुर्दशी, ऋषिपंचमी, हरितालिका तीजको समयमा वरिपरि गोलो घेरामा एक आपसमा हात जोडी विस्तारै गाउँदै र नाच्दै गरिने सँगिनी नृत्य एक परम्परागत नृत्य हो ।



**छ. बालन नाच :**

खासगरी ब्राह्मण क्षेत्री समाजमा बालन गायन र त्यसको लयसँगै नाच्ने परम्परा धेरै पुरानो हो । बालन नाच विशेष गरि ब्राह्मण क्षेत्री समुदायका पुरुषहरूले विभिन्न पौराणिक कथाहरु शिव पुराण, महाभारत, रामायणका विभिन्न प्रसङ्गलाई लयात्मक रुपमा गाउदै नाच्ने गर्दछन । बालनमा पौराणिक कथाका पात्रहरूको अभिनयसँगै सोहीसँग सम्बन्धित देवी देवताका भजन तथा श्लोक लाई लयबद्ध रुपमा नाच्ने गाउने गरिनेछ ।बालन सुरु गर्नु अघि सबै भन्दा पहिलो मङ्गलाचरण गाईन्छ । चारै तिर घुमी घुमी अघि अथवा पछि सर्दै नमस्कार गर्दै नाच्ने गर्दछन् बालन लेटाङ नगरपालिकाको वडा नं २, ८ र ९ मा मनाईन्छ ।



**ज. सेलो नाच :**

विशेष तामाङ जातिहरूले डम्फु र टुङ्नाको धुनसँगै सेलो गीत गाएर नाच्ने आकर्षक नृत्य सेलो नाच हो । विभिन्न चाडपर्व र समारोहहरूमा आफ्नो जातिय पहिचान झल्कने पोसाकहरू लगाएर नाचिने सेलो नृत्य एकल वा युगल र समूहमा नाच्ने गरिन्छ । सेलो नाच सांस्कृतिक कार्यक्रमको अभिन्न अङ्ग जस्तै बनेको छ । आजभोलि सेलोलाई आधुनिकीकरण गरेर परिस्कृत रूपमा प्रस्तुत गर्ने चलन बढेको छ ।



### ३.३. स्थानीय कोशेली सामग्री (Souvenir)

लेटाङ नगरपालिकामा स्थानीय स्तरमा उपलब्ध सामग्रीबाट तयार गरिएका हस्तकलाका सामग्रीहरु परम्परा देखिनै चलन चल्तीमा रहेका छन् । यस्ता सामाग्रीहरु दैनिक जीवनमा उपयोग गर्नुका साथै स्थानीय कोशेली सामग्रीका रुपमा उत्पादन गरि पर्यटकका लागि कोशेलीका रुपमा बिक्री वितरण गर्न सकिन्छ । यस्ता सामग्रीको उत्पादन बाट स्थानीय सामग्रीको उच्चतम उपयोग गर्नुका साथै स्थानीय स्तरमा तथा स्वरोजगारका अवसर सिर्जना गर्न सकिन्छ । यस्ता सामग्रीको उत्पादन तथा बिक्री बाट स्थानीयलाई पर्यटन क्षेत्रमा जोडी स्थानीयको सामाजिक आर्थिक विकासमा प्रत्यक्ष सहयोग पुर्याउन सकिन्छ । ।

#### क. बाँस/निगालाको चोयाका सामाग्रीहरु



लेटाङ नगरपालिकाका स्थानीयले बाँस वा निगालाकाको चोयाबाट निर्माण हुने डोको, भकारी, डालो, नाङ्लो, चोयाबाट बनेका पेरुङ्गो, खूँगी, घुम, मोहला, फुर्लङ जस्ता सामग्रीहरु निर्माण भईरहेका छन् । यस्तो कला पालिकाको ग्रामीण भेगमा अझै पनि जीवित रहेको छ । यस्ता सामग्री हाल घरायसी उपयोगका लागि मात्र उत्पादन हुदै आएका छन् भने केहि व्यक्तिहरुले स्थानीय स्तरमा नै उपयोगका लागि बिक्री वितरण गर्दै आईरहेका छन् । यस्ता सामाग्रीहरु कलात्मक तथा आधुनिक रुपमा सजावटका सामग्री वा कोशेलिका सामग्रीका रुपमा उत्पादन गरि बिक्री वितरण गर्न सकिने प्रशस्त सम्भावना छ ।

#### ख. खोस्टा वा परालका सामाग्रीहरु

मकैको खोस्टा र परालबाट पिरा ,गुन्द्री ,सुकुल, ढकी जस्ता सामग्री निर्माण गर्ने कला लेटाङ नगरपालिकाका स्थानीयमा अझै पनि रहेको छ । खोस्टा तथा परालबाट बनाईने यस्ता सामग्रीहरु परम्परा देखिने उत्पादन गर्दै घरायसी प्रयोगका लागि उपयोग गरिदै आएका छन् ।पालिकाका सबै क्षेत्र वा वडामा यस्ता सामग्री उत्पादन तथा प्रयोग हुदै आइरहेका छन् । खोस्टा वा परालबाट कलात्मक सामग्री उत्पादन गरि कोशेली सामग्रीको रुपमा उत्पादन गर्न सकिन्छ ।





### ग. फलामका सामग्री

लेटाङ पालिकाको सबै क्षेत्रमा फलामबाट निर्मित खुकुरी, हसिया, कुटो, कोदालोको प्रयोग हुदै आइरहेको छ । परम्परागत रुपमा विश्वकर्मा जातीले यस्ता सामग्री उत्पादन गरि स्थानीय स्तरमा नै विक्री वितरण गरि आफ्नो जिविकोपार्जन गर्दै आईरहेका छन् । पालिकाको वडा नं २ को बुधबारे बजारमा स्थानीय व्यक्तिले फलामको खुकुरी निर्माण गरि विक्री गर्दै आइरहेका छन् । स्थानीयका अनुसार उनले उत्पादन गर्ने अधिकांश खुकुरी नेपालका सुरक्षाकर्मीले (आर्मी, पुलिसले ) प्रयोग गर्दछन । फलामका कलात्मक खुकुरी (सानो ठुलो दुवै साइजका) उत्पादन गरि कोशेली सामग्रीको रुपमा विकास गर्न सकिन्छ ।



### घ. स्थानीय कृषि उत्पादन

लेटाङ नगरपालिकामा उत्पादन हुने मास, मस्याङ, सिमि, आलु, कफी, सुन्तला, केरा साथै कोदोको पिठो, फापरको पिठो जस्ता कृषि उत्पादनहरु प्याकेजिङ गरि कोशेलीको रुपमा विकास गर्न सकिन्छ ।





## ४. लेटाङ नगरपालिकाको पर्यटन विकास गुरुयोजना

नेपालको संबिधानले पर्यटनलाई तीनै तहको सार्कको अधिकार सुचिमा राखेको छ भने संविधानको भाग ४ को धारा ५१ को उपधारा ७ ले स्थानीय तहको प्राकृतिक, ऐतिहासक, सांस्कृतिक, धार्मिक र पुरातात्विक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत नगरको अर्थतन्त्रको महत्त्वपूर्ण आधारका रूपमा पर्यावरण अनुकूल पर्यटन व्यवसाय प्रवर्द्धन गर्ने तथा पर्यटन व्यवसायको लाभ वितरणमा स्थानीय समुदायलाई प्राथमिकता दिने कुरा उल्लेख गरेको छ ।

मोरङ जिल्लामा अवस्थित लेटाङ नगरपालिकाले पालिकाको दिगो विकासको लागि कृषि र पर्यटन क्षेत्रमा लगानी बढाई आय र रोजगारी वृद्धि गर्ने उद्देश्य लिएको छ । पालिकामा बिभिन्न प्राकृतिक मनोरम स्थलहरु, सिमसार क्षेत्र, पोखरी, मठ मन्दिर, संस्कृतिक क्षेत्र, चारकोशे झाडी, विभिन्न वनस्पति तथा जीवजन्तु, विभिन्न जातजातिको कला, संस्कृतिक तथा परम्पराको उपस्थिति रहेको छ, जसलाई पर्यटकीय उपजको रुपमा विकास गर्न सकिने प्रचुर सम्भावना छ । दिगो पर्यटन विकासका लागि सुदृढ पूर्वाधार विकास, यथेष्ट लगानी, प्रवर्द्धन तथा बजारीकरणमा, स्वास्थ्य र सरसफाई, सुरक्षा व्यवस्था, प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरू र वातावरणको संरक्षण एवं व्यवस्थापन साथै पर्यटन व्यवसाय सञ्चालन गर्नका लागि सहज प्रक्रिया र आवश्यक सहयोग प्रदान गर्ने उपयुक्त वातावरणको जरूरी छ ।

लेटाङ नगरपालिकाले विगतका आ.व. हरुमा आफ्नो कुल बजेटको करिब ४ % भन्दा बढी स्रोत पर्यटन क्षेत्रको विकासको लागि खर्च गर्दै आएको छ । यद्यपी पर्यटनले क्षेत्रको विकाले अपेक्षित गति लिन सकेको छैन । पर्यटन एक अत्यन्तै प्रतिस्पर्धी उद्योग भएकोले यसको विकासका लागि योजनाबद्ध विकासको महसुस गरि उपलब्ध स्रोत साधनको संरक्षण व्यवस्थापन गरी पर्या पर्यटनको विकास मार्फत दिगो पर्यटन विकासलाई दिशानिर्देश गर्न तथा पर्यटन क्षेत्रको लाभ समन्यायिक रुपमा वितरण गरि स्थानीयको सामाजिक आर्थिक स्तरमा सुधार ल्याउन लेटाङ नगरपालिकाको पर्यटन विकास गुरुयोजना तर्जुमा गरिएको छ ।

## ४.१. दीर्घकालीन सोंच (Vision)

स्थानीय जनप्रतिनिधि, विगत लामो समय पर्यटन क्षेत्रको विकासमा समय विताउनु भएका पर्यटन क्षेत्र सँग सम्बन्धित स्थानीय विज्ञहरु संगको छलफल, पालिकाले विगतमा गरेका पर्यटन विकास सम्बन्धि अध्ययन, स्थलगत सर्भेक्षण तथा अवलोकन तथा स्थानीय सम्भावना तथा अवसरको अध्ययनका आधारमा लेटाङ नगरपालिकाको पर्यटन विकासको दीर्घकालीन सोंच तय गरिएको छ ।

**प्राकृतिक तथा संस्कृतिक पर्यटकीय गन्तव्यको पूर्वाधार**

**लेटाङबासीको आर्थिक सम्पन्नताको आधार"**

## ४.२. लक्ष्य

सांस्कृतिक तथा वातावरणीय सम्पदाको संरक्षण , पर्यटन पूर्वाधार, सेवा सुबिधा तथा जनशक्ति विकास मार्फत दीगो पर्यटनको विकास गरि नगरपालिकामा आन्तरिक साथै बाह्य पर्यटक भित्र्याउने ।

## ४.३. उद्देश्य

१. पर्यटकीय गन्तब्यको विकास तथा विविधिकरण गर्नु ।
२. पर्यटकीय पूर्वाधार, सेवा तथा सुबिधाको (Tourism Infrastructure and Services) विकास तथा स्तरोन्नति गर्नु ।
३. पर्यटनको प्रवर्द्धन तथा बजारीकरण मार्फत अन्तरिक तथा बाह्य पर्यटकको संख्या बढाउनु ।
४. गुणस्तरीयर पर्यटकिय सेवा सुबिधा प्रवाह गर्नु ।
५. पर्यटकको बसाई अवधि लम्ब्याउनु ।
६. पर्यटन क्षेत्रको लाभको वितरण मार्फत स्थानीयको सामाजिक आर्थिक विकासमा योगदान पुर्याउनु ।

## ४.४. रणनीति तथा कार्यनीति

**१. नगर भित्र रहेका पर्यटकीय आकर्षणको पहिचान गरि पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नु ।**

१.१. पहिचान भएका पर्यटकीय आकर्षणलाई प्राथमिकताका आधारमा विकास गर्दै लगिनेछ ।
१.२. पर्यटकिय गन्तब्यको विकासका लागि छिमेकी पालिकासंग समन्वय तथा सहकार्य गरिनेछ ।
१.३. पिकनिक स्थलको निर्माण तथा व्यवस्थापन गरिनेछ ।
१.४. पार्कको स्थापना तथा संचालन गरिनेछ ।

**२. प्राकृतिक सुन्दरता र जैविक विविधताको संरक्षण गर्दै पालिकलाई पर्या-पर्यटनको केन्द्रको रुपमा विकास गर्नु ।**

२.१. पालिकाको माथिल्लो भेगमालाई Hill Station को रुपमा विकास गरिनेछ।

२.२. राजारानी ताल, रानी वनको रानी पोखरी, सुके पोखरी जस्ता सिमसार क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गरि पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

२.३. सामुदायिक वन क्षेत्रमा पर्या पर्यटन सम्बन्धि क्रियाकलाप संचालन गरिनेछ ।

**३. मूर्त तथा अमूर्त सम्पदाको संरक्षण तथा सम्बर्द्धन गरि पर्यटकिय उपजको रुपमा प्रवर्द्धन गर्ने ।**

३.१. पालिकामा रहेका धार्मिक तथा सांस्कृतिक क्षेत्रको संरक्षणमा स्थानीयलाई प्रोत्स्सहन गरिनेछ ।

३.२. पालिकामा प्रचलित पर्वहरु साकेला, उधौली, उभौली, चासोक तङनाम, ल्होसार जस्ता चाडपर्वको संरक्षण तथा प्रवर्द्धन गर्दै पर्यटन संग जोडिनेछ ।

३.३. प्रचलित जातीय नाचहरु जस्तै हुर्रा नाच, चण्डी नाच, साकेला नाच, च्याब्रुङ नाचको संरक्षण गर्दै पर्यटनको अभिन्न अंगको रुपमा अगाडी बढाउने ।

**४. पर्यटकीय गन्तव्यमा सहज पहुँचको व्यवस्था गर्ने ।**

४.१. प्रमुख पर्यटकीय गन्तब्यसम्म पुग्ने सडक निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

४.२. भएका पैदल मार्गको पुनरोत्थान तथा स्तरोन्नति गरिनेछ ।

४.३. नयाँ पदमार्ग पहिचान तथा विकास गरिनेछ ।

४.४. निजि क्षेत्रसँगको सहकार्यमा सार्वजनिक यातायात संचालनका लागि पहल गरिनेछ ।

**५. गन्तब्य स्थलमा आवश्यक पूर्वाधारको (Amenities) विकास गर्ने ।**

५.१. पर्यटकीय स्थललाई व्यवस्थित बनाउन सौचालय, चौतारी, विश्राम स्थल, खानेपानी, घेराबार, भ्यु डेक जस्ता पूर्वाधारको व्यवस्था गरिनेछ ।

५.२. पूर्वाधारको विकास गर्दा स्थानीय स्रोत साधन तथा परम्परागत डिजाईनको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

५.३. पूर्वाधार (Amenities) विकासमा निजि क्षेत्र तथा स्थानीय बासीलाई प्रोत्साहन गरिनेछ ।

**६. पर्यटकको लागि आवास तथा खानाको (Accomodation) सुबिधाको व्यवस्थापनका लागि निजि क्षेत्र तथा समुदाय संग समन्वय तथा सहकार्य गर्ने ।**

६.१. गुणस्तरीय तथा व्यवस्थित होटेल तथा रिसोर्ट खोल्न निजी क्षेत्रलाई सहजीकरण गरिनेछ।

६.२. उपयुक्त स्थानमा सामुदायिक होमस्टे संचालनका लागि प्रोत्साहन गरिनेछ ।

**७. बिभिन्न माध्यमबाट पर्यटन प्रवर्द्धन तथा बजारीकरण गर्ने ।**

७.१. पालिकाको राजारानीलाई पर्यटन क्षेत्र घोषणा गर्न पहल गरिनेछ ।

७.२. निजि क्षेत्र संगको सहकार्यमा पर्यटन प्याकेजको विकास गरि प्रचार प्रसार गरिनेछ ।

७.३. पुर्व पश्चिम राजमार्ग, मदन भण्डारी राजमार्ग, प्रमुख सहरहरु, छिमेकी पालिकाका पर्यटकीय गन्तब्य लगायत महत्वपुर्ण स्थानमा पर्यटन सूचना बोर्ड राखिनेछ।

७.४. लेटाङको पर्यटन सम्बन्धि जानकारी दिने ब्रोसर, पम्प्लेट तथा बुक लेट निर्माण तथा वितरण गरिनेछ ।

७.५. लेटाङका विविध पर्यटकीय क्षेत्रहरु समेटी वृत्त चित्र (Documentry), भिडियो निर्माण तथा प्रचार प्रसार गरिनेछ ।

७.६. भारतीय पर्यटक भित्र्याउन भारतिय सिमा क्षेत्रमा सूचना बोर्ड राख्ने तथा प्रचार प्रसारका कार्यक्रम संचालन गरिनेछ ।

७.७. वार्षिक रुपमा पर्यटन मेला आयोजना गरिनेछ ।

७.८. पर्यटन प्रवर्द्धनका लागि लेटाङ भ्रमण वर्ष आयोजना गरिनेछ ।

७.९. छिमेकी पालिकासंग समन्वय तथा सहकार्य गरि प्याकेज निर्माण गरिनेछ ।

७.१०. फेसबुक पेज, भाईबर जस्ता सोसल मिडिया मार्फत पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय स्थलको गरिनेछ।

**८. पर्यटक सुरक्षा सुनिश्चित तथा संकट व्यवस्थापन गर्ने ।**

८.१. पर्यटकलाई सुरक्षित महसुस गराउन पालिकामा रहेका सुरक्षा निकाय संग समन्वय गरिनेछ ।

८.२. जोखिमयुक्त ठाउँको पहिचान गरी सूचना बोर्डको व्यवस्था गरिनेछ ।

८.३. पर्यटकको बसाई सुखमय बनाउनक लागि आचार संहिता (Code of Conduct) लागु गरिनेछ ।

८.४. आकष्मिक तथा भैपरी आउने खर्चका लागि निश्चित प्रतिशत बजेट छुट्याउने ।

**९. दक्ष पर्यटकीय जनशक्तिको विकास तथा व्यवस्थापन गरि गुणस्तरीय सेवा सुबिधा प्रवाह गर्ने ।**

९.१. पर्यटन क्षेत्रमा आवश्यक दक्ष जनशक्ति विकास गर्न विभिन्न प्रकारका तालिम संचालन गरिनेछ ।

९.२. गुणस्तरीय सेवा प्रवाह सम्बन्धि पर्यटन व्यवसायीको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।

**१०. पर्यटकको बसाई अवधि लम्ब्याउन विभिन्न क्रियाकलापको विकास तथा संचालन गरिनेछ ।**

१०.१. नगरपालिकाका तथा अन्तर नगरका बिभिन्न क्षेत्र समेटी पदयात्रा संचालन गरिनेछ

१०.२. अध्ययनका आधरमा वडा नं २, ३, ४ र ५ को तल्लो भेग (चारकोशे झाडी) मा जंगल सफारी संचालनका गरिनेछ ।

१०.३. भलिबल, फुटबल जस्ता खेल प्रतियोगिता आयोजना गरि खेल पर्यटनको विकास गरिनेछ।

१०.४. प्याराग्लाइडिङ संचालनका लागि पूर्व सम्भाव्यता अध्ययन गरिनेछ ।

**११. स्थानीय उत्पादनमा आधारित कोशेली सामग्री (Souvenir) उत्पादन तथा प्रवर्द्धन गर्ने ।**

११.१. समुदायमा स्थापित आदिवासी जनजातीको परम्परागत ज्ञानमा आधारित सम्पदाको संरक्षण गरि पर्यटन प्रवर्द्धनमा आबद्ध गरीनेछ ।

११.२. पर्यटन उद्योगसँग अन्तर सम्बन्धित कृषिजन्य एवम् घरेलु उद्योगहरूको एकीकृत विकास गर्ने र उत्पादित सामानहरूको बजारीकरण गरिनेछ ।

११.३. लेटाङ बजारमा कोशेली घर निर्माण गरिनेछ ।

**१२. पर्यटन विकास गुरुयोजना कार्यान्वयन, पर्यटन क्षेत्रको विकास तथा व्यवस्थापनका लागि कानुनी तथा संस्थागत व्यवस्था गर्ने ।**

१२.१. पर्यटन विकासका लागि आवश्यक कानुन निर्माण गरि कार्यान्वयन गरिनेछ ।

१२.२. लेटाङ नगरपालिकाको पर्यटन विकास तथा व्यवस्थापनका लागि लेटाङ पर्यटन विकास तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

१२.३. पर्यटकीय गन्तव्यका संचालन/व्यवस्थापन समितको क्षमता विकास गरि सक्रिय गराईनेछ ।

**१३. पर्यटन क्षेत्रको विकासको लागि सरोकारवाला सबैसँग समन्वय तथा सहकार्य गर्ने ।**

१३.१. पर्यटकीय पूर्वाधार विकास तथा प्रवर्द्धनका लागि संघ तथा प्रदेशसँग सहकार्य गरिनेछ ।

१३.२. निजि क्षेत्रसँगको समन्वय तथा सहकार्यमा पर्यटकका लागि आवश्यक आवास तथा खानपान जस्ता सुबिधाको विकास तथा व्यवस्थापनका लागि ।

**१४.नगरपालिकामा भित्रिने सम्पूर्ण पर्यटकको तथ्यांक राख्ने ।**

१४.१. नगरपालिकामा भित्रिने पर्यटकको सूचना राख्न पर्यटन सूचना केन्द्र स्थापना तथा संचालन गरिनेछ ।

**१५. पर्यटन विकास संगै वातावरण संरक्षण गर्ने ।**

१५.१. पर्यटकीय पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षणमा ध्यान दीइनेच

१५.२. पर्यटकीय स्थलमा फोहोर व्यवस्थापनको व्यवस्था गरिनेछ ।

## ४.५. पर्यटन क्षेत्र विकास योजना

### ४.५.१. राजारानी पर्यटन क्षेत्र

राजारानी लेटाङ नगरपालिकामा पर्ने एक प्राकृतिक, ऐतिहासिक तथा धार्मिक महत्व रहेको पर्यटकीय स्थल हो । राजारानी क्षेत्रमा पर्ने पर्यटकीय स्थलहरुमा राजारानी पोखरी, धिमाल दरबार, धिमाल ग्रामथान, राजारानी मन्दिर, अन्तर धार्मिक शान्ति पार्क, राजारानी वन, राजारानी वस्ती, सात्कान्य मन्दिर, अँधेरी गुम्बा, वन झाँक्री गुफा, रानीवन (पोखरी) प्रमुख पर्यटकिय स्थल हुन्। राजारानी क्षेत्र विशेष गरि तराईको गर्मि छल्न, चिसो तथा मनोरम वातावरणमा रमाउन चाहने पर्यटकको रोजाईमा पर्ने गरेको छ ।

नेपालको जुनसुकै स्थानबाट मोरङ जिल्लामा प्रवेश गरिसकेपछि पुर्वपश्चिम राजमार्ग बाट बेलबारी — बुधबारे- लोखरा - राजारानी - आरुबोटे सडक र कानेपोखरी - लेटाङ - बुधबारे- लिम्बा सडक हुदै लेटाङको राजारानी पुग्न सकिन्छ लेटाङ आई लेटाङ- लोखारा हुदै राजारानी पुग्न सकिन्छ । राजारानी जाने सडक लोखारा सम्म कालोपत्रे छ भने लोखारा बाट राजारानी सम्म कच्ची बाटो छ । यी सडकखण्ड मध्ये कानेपोखरी - लेटाङ - बुधबारे- लिम्बा सडक खण्डमा सार्वजनिक यातायात चल्छ भने बेलबारी - लोखरा - राजारानी - आरुबोटे सडकमा हाल सार्वजनिक यातायात चल्दैन तर निजी सवारी साधन लान भने सकिन्छ । पर्यटकहरु यस क्षेत्रमा बुधबारे बजारबाट रानीवन हुदै राजारानी सम्म र लोखारा चोक बाट राजारानी- अँधेरी हुदै सातकन्या मन्दिर सम्म जान सक्छन ।

पर्यटकलाई राजारानी क्षेत्रमा आउदा लेटाङ वा बुधबारे बजारमा बिहानको चिया नास्ता (Breakfast) खाएर आफ्नो यात्रा सुरु गर्न सक्छन वा सिधै राजारानीका चिया पसल (Tea house) वा होटेलमा चिया नास्ता (Breakfast) खान सक्छन । पर्यटकले दिनको खाना राजारानी क्षेत्रकै होटेल वा होमस्टेमा खान सक्छन भने सातकन्या मन्दिर सम्म पुग्ने पर्यटकले अँधेरीमा खान बस्ने सुबिधा प्राप्त गर्न सक्छन । पर्यटकले यी होटेल तथा होमस्टेमा स्थानीय खानाको आनन्द लिन सक्छन ।

राजारानी पर्यटकीय क्षेत्रमा राष्ट्रिय प्रसारण लाईनको विद्युत सेवा उपलब्ध छ । राजारानी वस्तीमा ईन्टरनेटको सुबिधा राम्रो छ भने अँधेरी लगायत अन्य स्थलमा ईन्टरनेटको सुबिधा विस्तार गर्नुपर्ने देखिन्छ ।

राजारानी पोखरी क्षेत्रमा पर्यटकका लागि खानेपानीको व्यवस्था रहेको छ । साथै अँधेरी क्षेत्रमा पनि खानेपानीको सुबिधा सामान्य छ । राजारानी पर्यटकीय क्षेत्रमा पर्ने सबै स्थलहरुमा सार्वजनिक सौचालयको व्यवस्थापन हुन सकेको छैन ।

ठुला ठुला पोखरी, जैविताले भरिपुर्ण हरियाली वन जंगल, जीव जन्तु, मन्दिरहरु, ग्रामिण परिवेश, जापा, मोरङ, सुनसरीका विभिन्न बजार तथा ठुला ठुला फाँटको अवलोकन गर्न सकिने यस पर्यटकीय क्षेत्रमा कुनै पनि पर्यटकले कम्तिमा २ रात ३ दीन सम्म बिताउन सक्छन ।

### ४.५.१.१. प्रमुख पर्यटकीय आकर्षण (Attractions)

**क. राजारानी पोखरी**

वरपर डाँडैडाँडाले छेकिएको उपत्यकाझै देखिने राजारानी क्षेत्रमा रानी पोखरी, राजा पोखरी र राजकुमारी पोखरी (छोरी पोखरी) गरि प्रमुख तिन वटा पोखरीहरु छन् । जसमध्य सबै भन्दा ठुलो रानी पोखरी, सो भन्दा केहि सानो राजा पोखरी र अझ सानो छोरी पोखरीको रुपमा इंकित गरिएको छ । राजा पोखरी करिब १४० मिटरको गोलाईमा फैलिएको छ भने रानी पोखरी ७५० मिटर गोलाईमा रहेको छ ।राजारानी पोखरी करिब ३२ हेक्टर सार्वजनिक जग्गामा फैलिएको छ । कहिल्यै नसुक्ने ठुला ठुला पोखरी साथै भासिने धाप पनि रहेको राजारानी क्षेत्र सिमसार क्षेत्र पनि हो ।




*फोटो 8: राजापोखरी (बायाँ) र रानीपोखरी (दायाँ)*

**राजारानी क्षेत्रको जैविक विविधता**

रानी पोखरी जैविक विविधताका दृष्टिले महत्वपुर्ण छ ।पोखरी क्षेत्रमा ईरिया कन्कलर र इरिया ओबेसा गरि २ प्रजातिका सुनाखरी फुलहरु साथै कमलको फुल पाइन्छन । राजारानी पोखरीमा विभिन्न प्रजातिका उन्यु, वन धान, वन सुन्तला, वन सुपारी, पानीमा पाईने विभिन्न १०८ प्रजातिका वनस्पति जसमध्य ७ औषधि जन्य वासस्पती पाईन्छन । पोखरीको भित्र भागमा एसियामानै लोपोन्मुख वनस्पति जल सिमल पाईन्छ ।

राजारानी सामुदायिक वनमा पर्ने राजारानी पर्यटकीय क्षेत्रमा विभिन्न प्रकारका वनस्पति तथा जीवजन्तु पाईन्छ । यस क्षेत्रमा पाईने जैविक विविधताको अध्ययन गर्न विराटनगर, धरान, ईटहरी सुन्दरहरैचा, बेलबारी, कानेपोखरी लगायतक स्थानबाट विद्यार्थीहरु आउछन ।

**प्रमुख वनस्पति तथा जीवजन्तुहरु**

राजारानी पोखरी तथा वरपरका क्षेत्रमा पाईने वनस्पतिको विवरण यसप्रकार छ ।

**रुख प्रजातिः** साल, पलाँस, तिसाल, उत्तिस, कर्मा (करम), खमारी, बडहर, मसला, कालोसिरिस, खयर, सिसौ, कुसुम, चाँप, चिलाउने, वर, पिपल, कटुस, नीम, बकाइनो, गायो, जामुन, कालीकाठ, हाडे बयर, बेल, रानीकुसुम, कदम, टिम, सल्ला,

ओदाल, पाँचपाते, बाँस, क्यामुना, खिर्रो, मेलतो, कैदल, दार, बाँझ, असारे, सिँदुरे, सिमल, टुनी, भलायो, असोक, डुम्री, रातोकरम, भकिम्लो, लाम्पाते, नेवारो, हल्लुडे, खमारी, मदाने, काउसो, खोर्सानि, शिरीष, डुम्री, साँदन, लाँकुरी, पिठारी, बोटधँगेरो, मैनाकाठ, फँडिर आदि ।

**घाँस प्रजातिः** खर, काँस, बाबियो, सिरू, मुढे, चुयल, कवाईपात, लुतेक्षरो, इलमी झार, थाकल, पिर्ना, गग्लापातो, दतिवन, धोतीसरो, तिते, कालुङ्गो, अरचल, कुकुरडाइनो, सानो तारा आदि ।

**लहरे प्रजातिः** भोलि, देब्रे, वेतबाँस, पानी लहरा, गुर्जी, माइक्रोनीया, वनमारा, ट्याङ्ग्री लहरा, पानी तरुल, माल्लिडो, चौलाने, वन तरुल, कुवापाट, दुधे, चरचरे, नागवेली, पाङ्ग्रो, पान, वनघिरौला, वनकाँक्री, गिठा, भ्याकुर, भ्यागुते, देब्रे आदि ।

**जडीबुटी :** जङ्गले चित्तु, राजवृक्ष, आँखातरूवा, भट्मासे, चुवा, हाडजोर, इन्द्रेणी, गुजरगानो, कुथुर्की, काली निगुरो, च्याउ, कुरिलो, ऐंसेलु, छत्तिवन, हर्रो, बर्रो, अमला, चिराइतो, सेतो लसुन, तेजपात, टोटेला, कडिपत्ता, पिप्ला, बेसार, अदुवा, अलैंची, बेल, वनप्याज, गुर्जी, झ्याउ, पुनर्भाको साग, वनकपास, बाटुलपाते, पाखनबेद, मोरङ्गे, सिउँडी, भकिम्लो, भोगटे, चरिअमिलो, गोब्रे, वनकरेला, जामुन, पानीअमला, बलढ्याङ्ग्रो, सुनाखरी, दुवो, ओखर, कटुस, सतवा, लेमन ग्रास, सिटोनेला, असरो आदि ।

राजारानी पोखरी तथा वरपर पाईने प्रमुख जीवजन्तुको विवरण यसप्रकार छ ।

**जनावर :** चित्तल, रतुवा मृग, बँदेल, आसामी रातो बाँदर, चितुवा, स्याल, ढेडु, , खरायो, घोरल, हात्ती, लोखर्के, वन बिरालो आदि ।

**घस्रने जनावर :** सुनगोहोरो, अजिङ्गर, हरेउ सर्प, गोमन सर्प, धामन सर्प, करेत सर्प, गन्ग्वाली सर्प, पनीसाप, कछुवा, छेपारो, भित्ती, गड्यौला, चिप्लेकिरा, भालेमुङ्ग्रो, खजुरो, कनसुत्लो आदि ।

**चराचुरुंगी :** मयुर, भुँडिफोर, कोइली, पानीहाँस, गिद्ध, लाटोकोसेरो, ढुकुर, भँगेरा, रुपी, चिल, काग, चिवे, सुगा, जुरेली, लामपुच्छ्रे, धनेश, सारस, कालिज, वन कुखुरा, ठेउवा, मैना आदि ।





*फोटो 9: रानीपोखरीमा फुलेका कमलका फुलहरु*

विद्यमान अवस्थामा राजारानी क्षेत्रमा वार्षिक २५,००० भन्दा बढी पर्यटकहरुले भ्रमण गर्दछन । जसमध्ये सबै भन्दा धेरै करिब ६०% स्थानीय (लेटाङ भित्रका) पर्यटक आउदछन । आन्तरिक पर्यटकको रुपमा झापा, मोरङ,

सुनसरी, धनकुटाका बिभिन्न स्थानबाट करिब ३०% पर्यटकले राजारानी क्षेत्रको भ्रमण गर्दछन । बाँकि १० % बाह्य पर्यटकको रुपमा भारतीय लगायत केहि तेस्रो मुलुकका पर्यटकले पनि यस क्षेत्रको भ्रमण गर्ने गरेका छन् । यस क्षेत्रमा नजिकका विभिन्न विद्यालय तथा क्याम्पस बाट अध्ययन भ्रमणको लागि पनि आउदछन।

हाल राजारानी पोखरी क्षेत्रमा प्रवेश गर्दा प्रवेश शुल्क रु. १० लिने गरेको छ । जुन ज्यादै न्युन हो ।यस क्षेत्रलाई थप व्यवस्थित बिभिन्न पर्यटकीय क्रियाकलाप संचालन गरि प्रवेश शुल्क, पार्किङ शुल्क, पिकनिक क्षेत्रको शुल्क, बोटिङ यस क्षेत्रको

**ख. धिमाल दरबार (धिमाल उत्पति स्थल)**

राजारानी पोखरीको छेवैमा धिमाल दरबार धिमाल डाँडा र धिमालहरुको पुजा स्थल ग्रामथान रहेका छन् । यो क्षेत्रलाई धिमाल जतिको उत्पति स्थल मानिन्छ । स्थानीय प्राचिन किम्वदन्ती अनुसार यस क्षेत्र धिमालका सत्य राजा र सत्य रानीको राज्य सञ्चालन गर्ने सदरमुकाम या राजधानीको रुपमा रहेको थियो । त्यस समयमा राजाहरु राज्यको क्षेत्र बढाउन लडाई गर्न हिँडिरहन्थे र सञ्चारको एक माध्यमको रुपमा परेवालाई मानिन्थ्यो । राजाले सेतो परेवा आएमा लडाई जितिने र कालो परेवा फर्केर आएमा लडाई हारिने सन्देश रानीलाई दिई लडाईमा गएका थिए । परेवा बोकेका सिपाहीले बाटोमा चारो दिन लाग्दा झुक्किएर कालो परेवा फुत्केर घर फर्कियो । रानीले कालो परेवा आएको देखेर रानी चिन्तित बनिन् । रानी राजाको मृत्युको वेदना सहन नसकी आगोमा फाल हानिन् र सोही वखत राजा आईपुगे यो हृदयविदारक दृष्य देखी राजाले आफुलाई सम्हाल्न नसकी त्यही पोखरीमा फाल हानेर आत्माहत्या गरेकोले यस पोखरीको नाम राजारानी पोखरी रहेको भन्ने किम्बदन्ती छ ।



*फोटो 10: धिमाल जतिको उत्पति स्थलमा बनेका संरचना।*



*फोटो 11: धिमाल ग्रामथान, राजारानी*

तराईमा औलोको प्रकोपका कारणले मध्यकालताका धिमालहरू तराईको उत्तरी फाँट तथा स-साना ढिस्काहरूमा बसोबास गर्दथे ।त्यसैताका राजारानी क्षेत्रमा उनीहरूको दरबार रहेको हुन सक्ने अनुमान गरिएको छ । पूर्व नेपालको झापा र मोरङका आदिवासी धिमालहरूले अढाई महिना सम्म लाग्ने ढङढडे (असारे) मेला हरेक वर्षको बैशाख १ र २ गते राजारानी पोखरी बाट सुरु हुन्छ । पोखरी छेउको धिमाल ग्रामथानमा पूजाआजा गरेपछि यो मेला सुरु हुने हुन्छ । त्यसपछि भने तराईमा बसोबास गर्ने सबै धिमालहरूले यो मेला आआफ्नो ठाउँमा पालो गरेर दैनिक रूपमा पुजा गर्दछन । धिमालहरूको भनाइ अनुसार परापूर्वकालमा राजारानी पोखरी वरपरको क्षेत्रमा

धिमालहरूको बसोबास थियो रहेको अनुमान गर्न सकिन्छ । वि.सं. २०५८ सालदेखि भने यस क्षेत्रमा धिमालहरूले आफ्नो कुल पुजाको रुपमा फेरी पूजाआजा गर्न लागे र हालसम्म निरन्तर छ । धिमालहरूले ग्रामथानमा आ-आफ्नो क्षमता अनुसार बोका, कुखुरा, हाँस र परेवाको बली दिएर पूजाआजा गर्ने गर्दछन् ।

धिमालको कुल पुजाको समयमा भलिबल खेल प्रतियोगिताको पनि आयोजना हुन्छ ।लेटाङ भित्र तथा बाहिरका समेत विभिन्न टोलि बीच हुने यस खेल प्रतियोगितामा सयौको संख्यामा दर्शकहरु भेला हुन्छन ।

### ग. राजारानी मन्दिर

राजा र रानी पोखरीको बीच भागमा राजारानी मन्दिर रहेको छ । यस मन्दिरमा वार्षिक रुपमा हजारौ दर्शनार्थीहरु आउँदछन् । राजारानी पोखरी परिषर भित्र पर्ने यो मन्दिर राजारानी पोखरी घुम्न आउने तथा अध्ययनका लागि आउने व्यक्तिहरु यस मन्दिरमा दर्शन नगरी फर्कदैनन । यस मन्दिरमा पुजारीले दैनिक पूजाआजा गर्दछन ।



फोटो 12: राजारानी मन्दिर

### घ. अन्तर धार्मिक शान्ति पार्क

अन्तर धार्मिक शान्ति पार्क लेटाङ नगरपालिकाको गौरबको आयोजना मध्ये एक हो । राजारानी वस्ती नजिकै **निर्माणाधीन** रहेको यो पार्कमा सबै धर्म तथा संस्कृति झल्कने संरचाहरु निर्माण गरि पालिकाकै प्रमुख पर्यटकीय स्थलको रुपमा विकास गर्न लागिएको हो । पार्कमा हरेक धर्मको प्रतिनिधित्व गर्ने गरी छुट्टाछुट्टै प्रवेश द्वार निर्माण हुन्छ र जुनसुकै प्रवेशद्वार । यस बाट जुनसुकै धर्म पनि बराबर हुन्, जुन द्वारबाट छिर्दा पनि पुग्ने ठाउँ एउटै हो भन्ने संदेश दिन खोजिएको छ । राजारानीको उच्च स्थलमा रहेको यस पार्क यसका अलाबा लेटाङ बजार तथा अन्य तराईका वस्ती तथा बजार क्षेत्रको दृश्यावलोकन गर्न सकिन्छ ।





राजारानी अन्तर धार्मिक शान्ति पार्कको अबै भन्दा नजिकमा रहेको वस्ती हो जहाँ मगर जतिको बाहुल्यता रहेको छ जहाँ पर्यटकका लागि खान वस्ने व्यवस्था हुन्छ ।राजारानी पोखरी र पार्क विचको दुरी १ कि.मि भन्दा कम छ । यस क्षेत्रमा आउने पर्यटकका लागि समय विताउने अर्को महत्वपुर्ण स्थलको रुपमा विकास हुने विश्वास गर्न सकिन्छ ।

### ङ. सातकन्या देवी मन्दिर

सातकन्या मन्दिर, लेटाङ नगरपालिकाको अँधेरीमा रहेको सत्कान्य सामुदायिक वनमा रहेको छ । स्थानीयका अनुसार परापुर्व कालमा यस क्षेत्रमा बाघले वस्तुभाउ खाने मार्ने गरेर दुख दिएको कारणले देवीको मन्दिर स्थापना गरि पुजा गर्नु भन्ने झाँक्रीको आदेश अनुसार सातकन्या मन्दिरको स्थापना गरी पुजा गरेपछि बाघको आतंक हराएको भन्ने किम्बदन्ती रहेको छ । करिब ५ रोपनी सार्वजनिक जग्गामा फैलिएको सातकन्या मन्दिर समुद्र सतह देखि करिब ९६० मिटरको उचाईमा रहेको थुम्कीमा अवस्थित यस मन्दिर क्षेत्रबाट मोरङ जिल्लाका प्रमुख शहरहरू जस्तै विराटनगर, विराटचौक, बेलवारी, पथरी, उर्लाबारी, दमक, केरावारी र लेटाङ बजारहरूको साथै भारतको सिमाना सम्मको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ । यस मन्दिरमा प्रत्येक वर्ष मङ्सिर पुर्णिमा देखि पंचमी सम्म उत्तरे मेला लाग्छ । यस अवसरमा मन्दिरमा बलि दिइन्छ । साथै भलिवल प्रतियोगिताको पनि आयोजना हुन्छ । तीन दिन सम्म लाग्ने यस मेलामा ५०० भन्दा बढी स्थानीयको उपस्थिति हुन्छ ।





राजारानी बाट करिब ३- ४ कि.मि को दुरिमा रहेको यस मन्दिरमा राजारानीमा आउने पर्यटकलाई यस क्षेत्र सम्म आकर्षण सकिन्छ । माथिल्लो भेगमा रहेको यो मन्दिर वरपर चिसो हावापानी पाईने हुनाले पर्यटकहरु तराईको गर्मि छल्न, यस मन्दिर सम्म आउने गर्दछन ।

सातकन्या देवी मन्दिर क्षेत्रमा पुग्न बेलबारी-लोखारा-राजारानी- आरुबोटे सडकको हुदै जान सकिन्छ, भने लोखरा बाट राजारानी- कात्तिके- साग्मा- आरुबोटे हुदै जेफाले सम्म जाने पदमार्ग बाट पनि पुग्न सकिन्छ । हाल मोटर बाटो कच्ची छ भने पदमार्ग पुनरुत्थान वा स्तरोन्नति गर्नुपर्ने अवस्थामा छ ।

मन्दिर नजिकै अँधेरी गाउँ अवस्थित छ । जहाँ मगर र तामाङ जातिको बाहुल्यता छ । हाल पर्यटकका लागि व्यवस्थित होटेल तथा चिया घर छैनन । यद्यपी पर्यटकको आगमन बढेसंगै अँधेरी गाउँमा चियाघर, होटेल तथा होमस्टे खोल्न सकिने सम्भावना देखिन्छ । सातकन्या आउने पर्यटक राजारानीमा खाजा नास्ता (Breakfast) गर्न

सक्छन भने अँधेरीमा खान खान सक्छन वा लेटाङ बजारमा खाजा नास्ता (Breakfast) खाई त्यहाँबाट ट्रेकिङ गर्दै राजारानीमा खाना खाई अँधेरीमा बस बस्ने गरि पनि आउन सक्छन ।



यस क्षेत्रलाई कोशी प्रदेशको भ्यू प्वाइन्टको रूपमा विकास गर्न सकिन्छ साथै जैविक विविधता अध्ययन तथा अवलोकन केन्द्रको रूपमा पनि विकास गर्न सकिन्छ । सात कन्या जाने बाटोमा अँधेरी गुम्बा निर्माणाधीन छ, जुन पर्यटकका लागि थप आकर्षण बन्न सक्छ । अँधेरी क्षेत्रमा नगदे बाली जस्तै कफि, कागती, एभोकार्डो, र अदुवाको राम्रो उत्पादन हुन्छ त्यसैले यस क्षेत्रलाई कृषि पर्यटन क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना छ।

### च. वन झाँक्री गुफा

ऐतिहासिक र सांस्कृतिक महत्वको वन झाक्री गुफा लेटाङ नगरपालिकाको कात्तिकेमा अवस्थित छ । वन झाक्री भनेको पूर्ण मानव नभई दिव्य शक्ति प्राप्त गर्ने वन मान्छे र यस गुफामा गाउँका झाक्रीलाई दिव्य शक्ति प्रदान गरिन्थ्यो उनीहरू पछी जान्ने (सक्षम) झाक्री बन्ने गर्दथे हो भन्ने किंवदन्ती छ । पूर्वाञ्चल भरिका झाक्रीहरूले यस गुफालाई आफ्नो उद्धम स्थल मान्दछन् भन्ने भनाई छ ।




वन झाँक्री गुफा सम्म पुग्न मोटरबाटोबाट बेलबारी -लोखारा -राजारानी- आरुबोटे सडकको हुदै जान सकिन्छ, भने लोखरा बाट राजारानी- कात्तिके- साग्मा- आरुबोटे हुदै जेफाले सम्म जाने पदमार्ग बाट पनि पुग्न सकिन्छ ।हाल मोटर बाटो कच्ची छ भने मोटरबाटो निर्माण भईसकेपछि पैदलमार्गको प्रयोग कम हुदै जाँदा पदमार्ग पनि पुनरुत्थान वा स्तरोन्नति गर्नुपर्ने अवस्थामा छ ।

वन झाँक्री गुफाबाट सबै भन्दा नजिकको वस्ती कात्तिके हो, जहाँ मुख्य रुपमा लिम्बु जातिको बसोबास छ । गुफाबाट करिब ५०० मिटरको दुरीमा रहेको कात्तिकेमा तीन वटा खाजा पसलहरु छन् । यहाँ बास समेत बस्न मिल्ने होटलहरु भने हालसम्म बनेका छैनन । कात्तिकेमा सामान्य खानेपानी, इन्टरनेट तथा मोबाइल नेटवर्कको सुविधा उपलब्ध छ ।

हाल वार्षिक १५० जना भन्दा बढी पर्यटकले वन झाक्री गुफाको अवलोकन गर्न गर्ने गरेका छन् । जसमध्य ९० % भन्दा बढी स्थानीय हुन् भने १० % मोरङ, झापा, सुनसरी, धनकुटा जस्ता वरपरका क्षेत्रबाट बाट आउने गरेका छन् । गुफा नजिक विश्रामस्थल, सौचालय, भ्यू डेक जस्ता सुबिधा (Aminities) हरु केहि बनेका छैनन । पर्यटन विकासका लागि गन्तव्यमा भौतिक संरचनाहरू निर्माण तथा प्रचार प्रसार गर्नुपर्ने आवश्यकता देखिन्छ।

### छ. रानीवन (गरापानी पर्या-पर्यटन क्षेत्र )

रानीवन लेटाङ नगरपालिकामा अवस्थित प्राकृतिक सौन्दर्यले भरिपुर्ण क्षेत्र हो । यस क्षेत्रको प्रमुख आकर्षण भनेका एउटा ३३०० व.मि र अर्को २५०० व.मि. क्षेत्रफलका दुईवटा गहिरा पोखरी हुन्,पोखरीको गहिराई १८-२० फिट जति छ । हाल रहेका पोखरी निर्माणहरु राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको सहयोगमा २ वर्ष अघि निर्माण गरिएको हो। गरापानी सामुदायिक वन भित्र पर्ने रानीवन पर्या-पर्यटन क्षेत्र करिब ४.३४ हेक्टर क्षेत्रमा फैलिएको छ सामुदायिक वन क्षेत्रमा पर्ने भएकोले पूर्वाधार निर्माणका लागि यसको क्षेत्र विस्तार गर्न सकिने सम्भावना छ । यस क्षेत्रको विकासका लागि सामुदायिक वनको कार्य योजना अन्तर्गत विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भइसकेको छ ।





जैविक विविधताको धनि यस क्षेतामा प्रमुख रुपमा पाईने वनस्पतिहरुमा साल, अस्ना, कर्मा, बोटधगेरो, टाटरी, , जामुना, सिन्दुरे, भलायो, तिते, बनमारा, औले, असारे, हर्रो, बर्रो, अमला, भोर्ला, कुभिन्डे, देब्रे आदि हुन् । साथै प्रमुख पशुपंक्षीमा बदेल, ब्वासो, बनढाडे, मृग, सयल, चित्तल, खरायो, सर्प, छेपारो, गंगटो, लुईचे, सुनगोहोरो आदि, प्रमुख माछा प्रजातिमा मुंग्री, हिरे, फटयांग्रा, गराई, घोंगी, कछुवा, कोईली, ढुकुर, चमेरो, रुपी, वन कुखुरा, सुगा, लाटोकोसेरो आदि हुन् । जसले यस क्षेत्रलाई थप आकर्षक बनाएको छ ।

रानीवन क्षेत्रमा पुग्न पुर्व पश्चिम राजमार्गको उत्तरतर्फ कानेपोखरी- लेटाङ- बुधबारे - लिम्बा सडकबाट लेटाङ बजार पुग्न सकिन्छ र लेटाङ बजारबाट पश्चिम तर्फ मदन भण्डारी राजमार्ग हुदै रानीवन पुग्न सकिन्छ । त्यसैगरी बेलबारी — बुधबारे - लोखरा - राजारानी - आरुबोटे सडक बाट पनि यस क्षेत्रमा पुग्न सकिन्छ । यी दुवै

सडक कालोपत्रे भईसकेका छन् । यस क्षेत्र सम्म पुग्न बेलबारी, काने पोखरी तथा लेटाङ बजारबाट बस, अटो रिक्सा, मोटर साईकल, साईकलको सजहै पहुँच छ । त्यसैगरी पैदल जाने हो भने, राजारानी -रानीवन पैदल मार्गबाट पुग्न सकिन्छ ।

रानीवनबाट सबै भन्दा नजिकैका वस्तीहरूमा तुर्के र धोबी हुन्, जहाँ ब्रामण, मगर, राई, विश्वकर्मा, ठकुरी र अन्य प्रमुख जातजातिहरूको बसोबास रहेको छ । तुर्के र धोबी बाट रानीवन सम्मको दुरी करिब ३५० मिटर मात्र छ । पर्यटकलाई सामान्य खान वस्ने व्यवस्था भएका होटेल तुर्केमा १ र धोबीमा २ वटा होटलहरू छन् ।यस बाहेक यी वस्तीमा केहि चिया खाजा घर पनि उपलब्ध छन् । यी वस्तीमा इन्टरनेट, मोबाइल नेटवर्कको सुविधा राम्रो छ । साथै खानेपानीको राम्रो व्यवस्था छ, जसको स्रोत लेटाङ खानेपानी हो ।

पर्यटक आगमनका हिसाबले यहाँ वार्षिक २००० को संख्यामा पर्यटक आउदछन ।जसमध्ये करिब ८० % स्थानीय पर्यटक (लेटाङ भित्र बाट) र २० % मोरङ, झापा, सुनसरीक साथै मधेश प्रदेशका विभिन्न स्थानबाट आन्तरिक पर्यटकहरू आउदछन । यस क्षेत्रमा विशेषगरी मंसीरदेखि बैशाखसम्मको समयावधिमा तराईको गर्मि छल्न पर्यटकहरु आउने गर्दछन ।

केहि फलैचा बाहेक यस रानीवन क्षेत्रमा अन्य कुनै पूर्वाधार बनेका छैनन् । यस पर्यटकीय क्षेत्रमा सौचालय, घेराबार, भ्यु डेक, गेट निर्माण, पोखरीको संरक्षणका लागि घेराबार, सौन्दर्यकरण, वृक्षारोपण, सौचालय, क्याफे, भ्यु डेक, पोखरी पार गर्न ब्रिज, बोटिङका लागि बोट, पिक्निक स्थल, व्यवस्थित पार्किङ, फोहोर व्यवस्थापन जस्ता पूर्वाधार निर्माण गर्ने योजना छ ।

### ज. नगर प्रवेश पार्क

नगर प्रवेश पार्क, लेटाङ नगरपालिकाको ३५ विघे भन्ने स्थानमा रहेको छ । बुधबारे बजार क्षेत्रको नजिक रहेको यो पार्क ले नगर सौन्दर्यकरणका लागि विशेष महत्त्व राख्दछ । पार्क करिबजहाँ वृक्षारोपण र विभिन्न प्रकारका विरुवाहरू रोपिएका छन् । सार्वजनिक स्वामित्वको जग्गामा यो जग्गा पार्कको व्यवस्थापनका लागि समिति गठन भएको छ, तर यो समिति दर्ता भएको छैन ।





बेलबारी - बुधबारे - राजारानी - आरुबोटे मार्गमा पर्ने क्षेत्र पक्कि सडककोअ पहुंचमा छ । पार्क नजिकैका वस्तीमा ३५ विघे र बुधवारे हुन् । केरावारी-बुधवारे र बेलवारी-बुधवारेसम्मका गोरेटो बाटोहरूबाट पनि यस क्षेत्रमा पुग्न सकिन्छ । यहाँ खानेपानी, इन्टरनेट र मोबाइल नेटवर्कको सुविधा उपलब्ध छ ।

हाल पार्कमा सौचालय, फलैचा को निर्माण भयेको छ भने सामान्य घेराबार गरिएको छ ।पार्क भित्र खानेपानीको लागि ट्यांकी राखिएको छ । यद्यपी यो पार्क पुर्व रुपमा निर्माण भईसकेको छैन भने व्यवस्थित रुपमा संचालन पनि भएको छैन । यहाँ स्थानीय पर्यटकहरूको विशेषगरी बिहान बेलुका घुम्न आउने गर्छन् ।

### ४.५.१.२. आवासको सुबिधा (Accomodation)

राजारानी क्षेत्रमा विद्यमान अवस्थामा पर्यटकको सुबिधाको लागि १ वटा आवासको सुबिधा सहितको रिसोर्ट संचालमा छ । त्यसैगरी राजारानी गाउँमा ३ वटा घरले होमस्टे संचालन गरिरहेका छन् । राजारानीमा विगतमा व्यवस्थित रुपमा होमस्टे संचालन भएको भएता पनि हाल केहि खस्केको अवस्था छ, यद्यपी यसको पुनरुत्थान गरि फेरी संचालन गर्न सकिन्छ । त्यसैगरी अँधेरी र कात्तिकमा हाल चियाघर (Tea house) मात्र छन् । पर्यटनको विकास संगै अँधेरी र कात्तिकमा पनि होटेल तथा होमस्टेको विकास हुने सम्भावना देखिन्छ ।

होमस्टेमा पर्यटकहरुले कोदो मकैको- ढिंडो, सिस्नो, मकैको भात, गुन्द्रुक, साग, निगुरो, लोकल कुखुरा तथा खसीकोको मासु, मह, कोदो तथा केराको लोकल रक्सि लगायत स्थानीय परिकारको स्वाद लिन सक्छन ।






### ४.५.१.३. पर्यटकीय पुर्वाधारहरु (Infrastructure and Amenities)




राजारानी क्षेत्रमा राजारानी पोखरी वरपर ढुंगा छापेर पदमार्ग निर्माण, भ्यु डेक निर्माण, गजेबो निर्माण, काठको आकर्षक पुल, विश्राम स्थल, चौतारो, खेल मैदान जस्ता पूर्वाधार निर्माण भईरहेका छन् । त्यसैगरी धिमाल दरबार तथा ग्रामथान निर्माण, अन्तरधार्मिक शान्ति पार्क निर्माण भईरहेका छन् । सातकन्या मन्दिर तथा वन झाँक्री गुफा क्षेत्रमा भने कुनै पूर्वाधार वा सेवा सुबिधा (Aminities) व्यवस्था छैन । पूर्वाधार विकासमा हाल सम्म नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, पूर्वी पृतना तालिम केन्द्र (army office) तथा स्थानीयहरुको लगानी तथा सहभागिता रहदै आएको छ ।






*फोटो 13: राजारानी क्षेत्रमा निर्माण भएका पर्यटकीय पुर्वाधारहरु*

### ४.५.१.४. पर्यटकीय क्रियाकलापहरु (Activities)

पर्यटकीय क्षेत्र राजारानीमा आउने पर्यटकहरुले चिसो मौसमको आनन्द लिनुका साथै पोखरीमा डुंगा सवार (Boating) गर्न सक्छन । त्यसैगरी पोखरीको वरपर हिड्ने (Hiking), जैविक विविधताको अध्ययन, पोखरी सहित प्राकृतिक दृष्यावलोकन, विभिन्न वन्यजन्तुको अवलोकन, चराचुरुंगीको अवोकन (Bird watching), फोटो खिच्ने, धिमाल जतिको उद्गम स्थल, धिमाल दरबार तथा ग्रामथानको अवलोकन, बैशाख १ र २ गते धिमाल जातीको कुल पुजाको अवलोकन खेलकुद प्रतियोगिता हेर्ने, राजारानी मन्दिर दर्शन, बनभोज खाने (Picnic), गाउँ घर घुम्ने पदयात्रा गर्ने, कृषिको अध्ययन अवलोकन, स्थानीय परिकारको आनन्द लिने, स्थानीय कला संस्कृति आनन्द लिने जस्ता पर्यटकीय क्रियाकलाप भईरहेका छन् ।

### ४.५.१.५. राजारानी पर्यटकीय क्षेत्रको पर्यटन विकासका सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौतीहरु (SWOT)

**सबल पक्ष**

- ठुला ठुला प्राकृतिक पोखरी रहेको
- सामुदायिक वन क्षेत्र तथा सिमसार क्षेत्र रहेकोले जैविक विविधतामा धनि
- मोटर बाटो पुगेको
- हाल बिभिन्न स्थानबाट पर्यटक आउने भएकोले पर्यटनका दृष्टिले परिचित भईसकेको
- विद्यमान अवस्थामा विभिन्न पर्यटकीय क्रियाकलाप संचालन भईरहेको
- राजारानी क्षेत्रको पर्यटन विकासका लागि संघ, प्रदेश तथा अन्य निकायबाट सहयोग भईरहेको

**दुर्बल पक्ष**

- सडकको अवस्था राम्रो नभएको (कच्ची सडक)
- पदमार्ग जिर्ण तथा लोप हुदै गएको
- पर्यटककिय पूर्वाधार (Aminities) हरु व्यवस्थित र पर्याप्त नभयका
- आवासको सेवा सुबिधा सहित एउटा मात्र होटेल भएकोले धेरै संख्यामा पर्यटक भएमा सेवा पुर्याउन समस्या हुने
- स्थानीयमा पर्यटन व्यवसाय सम्बन्धि ज्ञानको कमि
- राजारानी बाहेक अन्य स्थानबाट आउने पर्यटकको संख्या न्युन रहेको

**अवसर**

- स्थानीयलाई पर्यटनसँग आबद्ध गरि स्थानीयको आर्थिक विकासमा टेवा पुर्याउन सकिने
- राजारानीलाई तथा अन्य पालिकाका पर्यटन गन्तब्यसँग अन्तरसम्बन्ध स्थापित गरि थप पर्यटक भित्र्याउन सकिने

**चुनौती**

- पर्यटन प्रवर्द्धन गरि आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढाउनु
- थप पर्यटकीय क्रियाकलाप संचालन गरी पर्यटकको बसाई अवधि र औषत खर्च बढाउनु

- पर्यटकको संख्या बढे संगै वातावरण संरक्षण गर्नु

### ४.५.१.६. योजना तथा कार्यक्रमहरु

राजारानी पर्यटन क्षेत्रमा पर्यटन विकासका लागि देहायबमोजिमका योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।

- निर्माणाधीन पूर्वाधार निर्माण सम्पन्न तथा संचालन
- राजारानी पर्यटकीय क्षेत्रको गुरुयोजना र सो का आधारमा डीपीआर तयार गर्ने
- यस क्षेत्रमा पहुँच पुर्याउने प्रमुख मोटर बाटो को स्तरोन्नति
- पादमार्गको पहिचान, विकास, पुनरुत्थान, जीर्णोद्धार तथा स्तरोन्नति
- सम्भावित क्षेत्रमा साइकल ट्र्याक निर्माण गर्ने
- विभिन्न पर्यटकीय आकर्षण क्षेत्रमा सौचालय निर्माण तथा खानेपानीको व्यवस्था
- उपयुक्त स्थानमा चिल्ड्रेन पार्क, पिकनिक स्पट निर्माण
- बसपार्क, बस स्टप, पार्किङको व्यवस्थापन
- पर्यटकीय आकर्षण तथा पर्मर्गामा आवश्यक Amenities जस्तै; प्रवेश द्वार, विश्राम स्थल, भ्यू डेक, टिकट काउन्टर, फलैचा, घेरबारा, डस्विन, फोहोर जलाउने खाल्डो आदि निर्माण
- पर्यटकीय आकर्षण वरपर सौन्दर्यकरण
- पर्यटन सम्बन्धि स्थानीयमा जनचेतना अभिवृद्धि
- होमस्टे, होटेल (Accomodation) तथा चिया घर (tea house) संचालनका लागि निजी क्षेत्र सँग समन्वय तथा सहकार्य
- कुक, वेटर, लोकल टुर गाईड जस्ता पर्यटकीय जनशक्ति उत्पादन तथा व्यवस्थापन
- पर्यटकीय क्षेत्रको व्यवस्थापनका लागि संस्थागत विकास
- पर्यटन विकासका लागि अन्य पर्यटकीय क्षेत्रसंग अन्तर सम्बन्ध स्थापित गर्ने

### ४.५.२. आरुबोटे क्षेत्र पर्यटन क्षेत्र

आरुबोटे एक प्राकृतिक पर्यटकीय गन्तव्य हो । आरुबोटे पर्यटन क्षेत्रमा पर्ने प्रमुख पर्यटकीय स्थलहरुमा गुर्दुम डाँडा, मनोरंजन पार्क ( Recreational Park), साग्मा हुन् । आरुबोटे आउने पर्यटकले बाटोमै (On the way) पर्ने राजारानी पोखरी, अन्तर धार्मिक शान्ति पार्क (निर्माणाधीन) बाटो समुन्द्री सतहबाट करिब १४०० मिटरको उचाईमा यो क्षेत्र विशेष गरि तराईको गर्मि छल्न, चिसो तथा मनोरम वातावरणमा रमाउन चाहने पर्यटकको रोजाईमा पर्ने गरेको छ ।

नेपालको जुनसुकै स्थानबाट मोरङ जिल्लामा प्रवेश गरिसकेपछि पुर्वपश्चिम राजमार्ग बाट बेलबारी — बुधबारे - लोखरा - राजारानी - आरुबोटे सडक सडक आरुबोटे पुग्न सकिन्छ ।त्यसैगरी पुर्व पश्चिम राजमार्गबाट कानेपोखरी — लेटाङ — बुधबारे- लिम्बा सडक बाट लेटाङ बजार आई त्यहाँ बाट मदन भण्डारी राजमार्ग बाट लोखारा बाट माथि जान सकिन्छ भने मदन भण्डारी राजमार्गबाट बुधबारे बजार सम्म आएपछी त्यहाँ बाट राजारानी हुदै आरुबोटे पुग्न सकिन्छ । यहाँ आउदा लोखरा सम्म सडक कालोपत्रे छ, भने लोखारा बाट माथि कच्ची छ । यी सडकहरु मध्ये कानेपोखरी - लेटाङ - बुधबारे- लिम्बाको सडकको लेटाङ सम्म र मदन भण्डारी राजमार्गमा मात्र सार्वजनिक यातायात चल्छन, निजी सवारी साधन लान भने आरुबोटेसम्म लान सकिन्छ । त्यसैगरी यस क्षेत्रमा पैदल जना चाहने पर्यटकका लागि लोखरा- राजारानी- कात्तिके- साग्मा- आरुबोटे- जेफाले पदमार्ग हुदै जान सकिन्छ ।

आरुबोटे आउने पर्यटक यदि सवारी साधनमा ( Vehicle) जाने हो भने सिधै आरुबोटेमा पुगेर खजा वा खाना खान सक्छन ।यदि पैदल यात्रा ( Hiking ) गर्दै जाने हो भने लेटाङ बजार वा बुधबारे बजारमा बिहानको चिया नास्ता (Breakfast) खाएर आफ्नो यात्रा सुरु गर्न सक्छन वा राजारानीमा पुगेर चिया नास्ता (Breakfast) खान सक्छन । पर्यटकले दिनको खाना कात्तिके वा आरुबोटेमा खान सक्छन ।

आरुबोटे क्षेत्रमा राष्ट्रिय प्रसारण लाईनको विद्युत सेवा तथा सामान्य ईन्टरनेटको सुबिधा उपलब्ध छ । आरुबोटे क्षेत्रमा खानेपानीको पनि राम्रो व्यवस्था रहेको छ । आरुबोटे पर्यटकीय क्षेत्रमा हाल सार्वजनिक सौचालयको व्यवस्थापन हुन सकेको छैन ।

हिमाल देखि तराईका साथै भारतका केहि क्षेत्रहरु समेत दृष्यावलोकन, चिसो हावापानी, प्राकृतिक सुन्दरता, गाउँघरको मौलिक रहन सहन तथा खानपान, पदयात्रा लगायतको आनन्द लिन सकिने यस क्षेत्रमा पर्यटकले कम्तिमा १ रात २ दिन बिताउन सक्छन ।

### ४.५.२.१. प्रमुख पर्यटकीय आकर्षणहरु (Attractions)

#### क. गुर्दुम डाँडा

समुन्द्र सतहबाट करिब १४०० मिटरको उचाईमा रहेको गुर्दुम डाँडा चिसो हावापानी भएको अति रमणीय स्थल हो । तराईको गर्मीको समयमा सितलतामा रमाउन, एकै ठाउँबाट हिमाल देखि तराई सम्मको दृष्यावलोकन गर्न तथा स्थानीय रहनसहनमा रमाउनका तराईको फाँट बाट केहि घन्टाको यात्रामानै पुग्न सकिने उपयूक्त स्थान हो गुर्दुम डाँडा । यहाँको हावापानी बाहै महिना सितल र चिसो हुने भएकोले विशेष गरी गर्मीको समयमा । आरुबोट डाँडामा एउटा थुम्की छ । यस डाँडामा एक थुम्की छ जहाँ हावा आउने एक विचित्रको प्वाल छ ।जसलाई आव आउने प्वाल भनेर चिनिन्छ । यस प्वालबाट जाडोमा तातो र गर्मी याममा चिसो हावा आउने आउदछ । यही थुम्कीमा परापूर्वकालको परान्ते विजुवाको चुलो छ । विजुवा प्रचलन यस क्षेत्रको प्रख्यात र दिव्य शक्तिसँग जोडिएको मान्यता हो । जसले अहिले पनि यहाँका किराँती र स्थानीय समुदायको सांस्कृतिक जीवन संस्कार तथा कर्मकाण्डमा महत्व राख्दछ । गुर्दुम डाँडामा माङहि मन्दिर छ, परापर्वकालमा यहाँ एक जना घुमन्ते शिकारी बस्दथे र ती सिकारीले उनलाई आवश्यक पर्दा कर्दाले (धारिलो हरियार) जमिन खोस्रेर पानी निकाल्थे र पानी लिई पुनः त्यस जमिनलाई पुरेर पहिलेको जस्तै अवस्थामा छाड्दथे भन्ने भनाई छ । त्यही समयमा उनले बनाएको त्यस चुलोको नाम हाल पनि परन्ते चुलो रहेको छ । यो डाँडा वास्तवमै अति सुन्दर, उच्च र सितल हावापानी भएको हुँदा पर्यटन गन्तव्यको रुपमा विकास गर्न सकिने प्रवल सम्भावना रहेको छ । गुर्दम डाँडा सार्वजनिक क्षेत्रमा झन्डै १० रोपनी जग्गामा फैलिएको छ ।

गुर्दुम डाँडा क्षेत्रमा पुग्न बेलबारी -लोखारा -राजारानी- आरुबोटे सडक हुदै जान सकिन्छ, भने लोखरा बाट राजारानी- झाँक्री गुफा - साग्मा- आरुबोटे हुदै जेफाले सम्म जाने पदमार्ग बाट पनि पुग्न सकिन्छ । हाल मोटर बाटो कच्ची छ भने पदमार्ग पुनरुत्थान वा स्तरोन्नति गर्नुपर्ने अवस्थामा छ । यस क्षेत्रमा हाल सम्म सार्वजनिक यातायात संचालन भएको छैन तर निजी बस, जिप, बुलेरो, अटो, मोटर साईकल भने लान सकिन्छ ।



फोटो14 आरुबोटे क्षेत्रमा संचालन हुने यातायातका साधन

गुर्दुम डाँडाबाट सबै भन्दा नजिकको वस्तीहरुमा आरुबोटे, माथिल्लो आरुबोटे र साग्मा हुन् । गुर्दुम डाँडा तल्लो आरुबोटे १ कि.मी., माथिल्लो आरुबोटे ४०० मी. र साग्माबाट करिब २ कि.मी. दुरीमा रहेको छ । गुर्दुम डाँडा नगर केन्द्रबाट २० कि.मी. र वडा केन्द्रबाट १ कि.मी. को दुरीमा छ ।

यहाँ विद्युत सेवा, इन्टरनेट र मोबाइल नेटवर्क सेवा उपलब्ध छ । स्थानीय साथै केहि वरपरक सहरबाट यस क्षेत्रमा पर्यटकहरू घुम्न आउदछन् । यहाँ खानेपानीको व्यवस्था छ, जसको स्रोत प्राकृतिक मुहान हो । डिभिजन खानेपानी निकायले सहयोग पुर्याएको छ ।

सवारी साधनमा गुर्दुम डाँडा आउने पर्यटकले लेटाङ बजार, बुधबारे बजार वा राजारानीमा चिया नास्ता (Breakfast) गरि उकालो लाग्न सक्छन र साग्मा वा आरुबोटेमा खान खान सक्छन । त्यसैगरी पैदल आउन चाहने पर्यटकले लेटाङ बजार, बुधबारे बजारमा चिया नास्ता (Breakfast) र अँधेरी वा आरुबोटेमा खान खाना खान सक्छन । यस क्षेत्रमा पर्यटकको सुबिधाको लागि माथिल्लो आरुबोटे र साग्मामा एउटा-एउटा सामान्य होटल छन् ।

हाल स्थानीय र आन्तरिक पर्यटक गरि वार्षिक करिब ३००० पर्यटक यस क्षेत्रमा आउदछन् । विशेष गरी कार्तिक देखि बैशाख सम्म पर्यटकहरूको आगमन बढी हुन्छ ।

### ख. मनोरञ्जन पार्क (Recreational Park)

आरुबोटे स्थित समुन्द्री सतहबाट करिब १४०० मिटरको उचाईमा मनोरञ्जन पार्क (Recreational Park) **निर्माण गर्न लागिएको छ** । पार्क विकासको लागि विस्तृत परियोजना विवरण (DPR) तयार भई कार्य अगाडी बहेको छ । पार्क करिब २० रोपनी क्षेत्रफलमा रहेको फैलिएको छ । निर्माण सम्पन्न भए पछी यो पार्क महत्वपुर्ण पर्यटकीय आकर्षण हुनेछ ।

पार्क सबै भन्दा नजिकको वस्तीहरुमा आरुबोटे हो जुन वाती र पार्क बिचको दुरी करिब १ कि.मि छ । यहाँका मुख्य रुपमा लिम्बु, मगर, तामाङ र राई जतिको बसोबास छ । आरुबोटे क्षेत्रमा आउने पर्यटकका लागि यो पार्क एक प्रमुख आकर्षणको रुपमा विकास हुनेछ ।

गुर्दुम डाँडा नजिकै रहेको यस पार्कमा आउने सडक तथा पैदल मार्गहरुहरुमा बेलबारी -लोखारा -राजारानी-आरुबोटे सडक हुदै जान सकिन्छ, भने लोखरा बाट राजारानी- झाँक्री गुफा - साग्मा- आरुबोटे हुदै जेफाले सम्म जाने पदमार्ग बाट पनि पुग्न सकिन्छ ।

आरुबोटे मा खान वासनाको सामान्य सुबिधा उपलब्ध छ । यस क्षेत्रम ईन्टरनेटको सुबिधा केहि कमजोर छ, भने पार्कमा आवश्यक पूर्वाधारहरु क्रमश विकास भईरहेका छन् ।

### ग. किसे झरना

किसे झरना लेटाङ नगरपालिकाको किसेटारमा अवस्थित छ । यो झरना हिउँद र वर्षा बाह्रै महिना झरना रहन्छ झरनाको उचाई अन्दाजी ५० फिट रहेको छ । पर्यटकहरु विशेष गरि गर्मी मौसममा यो झरनामा घुम्न आउँछन् । '**किसे**' शब्द मगर भाषाबाट आएको हो हस्को अर्थ मृग हुन्छ प्राचीन समयमा मृगहरु यो झरनामा बस्ने र यहाँको पानी पिउने गर्दथे त्यसैले यस झरनाको नाम किसे झरना राखिएको हो भन्ने भनाइ छ । झरनामा पौडी खेल्ने, फोटो खिच्ने दृश्य अवलोकन गर्ने जस्ता उद्देश्यले पर्यटक यहाँ सम्म आईपुग्दछन ।

झरनामा जाँन साग्मा - किसे सडक बाट जान सकिन्छ यो सडक हाल सम्म कच्ची अवस्थामा छ । त्यसैगरी पदमार्ग आउन चाहने पर्यटकले, आरुबोटे र साग्मा बाट हिडेर जान सक्छन भने फेदी - थामडाँडा - खरवनी - किसे झरना पैदल मार्गबाट करिब ३-४ घन्टाको यात्रा पछि किसे झरना पुग्न सकिन्छ । यहाँ सार्वजनिक यातायातको सुविधा भने यहाँ उपलब्ध छैन । किसे झरनामा त्यहाँ जाने सडकको मर्मत वडा कार्यालयले गर्दै आएको छ भने सिँडी निर्माणको काम प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत भएको छ ।





फोटो 15: किसे झरना

किसे झरनाको नजिकका वस्ती किसेटार, साग्मा र आरुबोटे पर्दछन् । जहाँ लिम्बु जतिको बाहुल्यता रहेको छ। सबै भन्दा नजिकको वस्ती किसेटारमा होटल वा होमस्टे छैनन, जसका कारण पर्यटकहरूलाई बसोबासको लागि केही असुविधा हुन सक्छ । किसेटार र साग्मा सुन्तला खेतीका लागि पनि प्रसिद्ध छन् । यी क्षेत्रमा हुने सुन्तला लेटाङ बजारका साथै तरीका विभिन्न बजारमा पुग्दछन । यस क्षेत्रलाई कृषि पर्यटनका रुपमा पनि विकास गर्न सकिने सम्भावना छ ।



फोटो 16: किसेटार गाउँ

किसेटार पर्यटकको सुविधाका लागि हाल सम्म कुनै होटेल वा होमस्टे छैनन् भने साग्मा र आरुबोटेमा सामान्य होटेल छन । आरुबोटे पर्यटन क्षेत्रमा आउने पर्यटकहरु केहि घन्टाको पैदल यात्रामा किसे झरना सम्म पुगी रमौना रमाउन दिनभरी यस क्षेत्रको मनोरम वातावरणमा रमाउने गरेका पनि छन् ।

हाल किसे झरनामा स्थानीय र मोरङ, झापा, सुनसरी, धनकुटाका बजारहरुबाट वार्षिक करिब २०० को संख्यामा पर्यटकहरु आउने गरेका छन् । किसे झरना पर्यटकीय दृष्टिकोणले एक महत्वपूर्ण गन्तव्य हो । यद्यपि, यहाँ आवश्यक सुविधाहरूको अभाव छ, सुविधाहरूको व्यवस्थापन र सडक तथा पैदल मार्गको स्तरोन्नतिको गरि भविष्यमा यो स्थानले अझ बढी पर्यटकहरूलाई आकर्षित गर्न सक्नेछ ।

### ४.५.२.२. आवासको सुबिधा (Accomodation)

आरुबोटे पर्यटकीय क्षेत्रमा विद्यमान अवस्थामा पर्यटकको सुबिधाको लागि साग्मामा १ र आरुबोटेमा १ गरी २ वटा होटेलहरु छन् । यहाँ सामान्य खान तथा बास बस्ने सुबिधा छ । लेटाङ बजार वा बुधबारे बजारबाट आउने पर्यटकले चिया नास्ता लेटाङ वा बुधबारेमा गरि खान आरुबोटे वा साग्मामा खान खान सक्छन वा राजारानी पर्यटन क्षेत्र घुम्न आउने र आफ्नो बसाई लम्ब्याउन चाहने पर्यटकले राजारानीमा चिया नास्ता खाई खानाका लागि आरुबोटे पुग्न सक्छन । भविष्यमा किसेटार तथा साग्मामा होमस्टे संचालन गर्न सकिने संभावना छ । किसेटारमा चियाघर (Tea house) पनि स्थापना गर्न सकिने सम्भावना छ ।




फोटो 17: आरुबोटे पर्यटन क्षेत्रमा पर्ने चियाघर (सागमा र कातिके)

यस क्षेत्रमा आउने पर्यटकले उनीहरुको इच्छा अनुसार स्थानीय परिकार कोदो मकैको- ढिंडो, सिस्नो, मकैको भात, गुन्द्रुक, साग, निगुरो, लोकल कुखुरा तथा खसीकोको मासु, सुन्तला ( सिजनमा), कोदो तथा केराको लोकल रक्सि लगायत स्थानीय परिकारको स्वाद लिन सक्छन । साथै होमस्टेमा (भविष्यमा संचालन पछी) वाचिपा, सार्गेम्बा (मेखे) तोङबा जस्ता स्थानीय मौलिक परिकारहरुको स्वाद पनि चखाउन सकिन्छ ।

### ४.५.२.३. पर्यटकीय पूर्वाधार ( Infrastructure and Aminities)

आरुबोटे पर्यटकीय क्षेत्रमा जाने सडकको स्तरोन्नतिको कार्य प्रत्येक वर्ष भईरहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत पदमार्ग तथा चौतारीको निर्माण तथा स्तरोन्नति भएको छ । गुर्दुम डाँडामा माङहिम मन्दिर मर्मत

तथा र खेल मैदान नियमित मर्मत भईरहेको छ । यस बाहेक यस क्षेत्रमा कुनै पर्यटकीय पूर्वाधार निर्माण भएका छैनन् । रिक्रियसनल पार्कको डीपीआर तयार भई निर्माणमा जाने अवस्थामा छ । यस क्षेत्रको पूर्वाधार विकासमा हाल सम्म नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार (प्रधानमन्त्री रोजगार कार्यक्रम) तथा स्थानीयहरुको लगानी तथा सहभागिता रहदै आएको छ ।

#### ४.५.२.४. पर्यटकीय क्रियाकलाप (Activites)

आरुबोटे पर्यटकीय क्षेत्रमा पर्यटकले चिसो मौसम तथा मनोरम वातावरणको आनन्द लिने, एकै स्थानबाट हिमाल देखि तराई सम्मको दृष्यावलोकन गर्ने, लामो वा छोटो दुरीको पदयात्रा गर्ने (Trekking/Hiking) गर्ने, झरना अवलोकन गर्ने, विभिन्न वनस्पति तथा बन्यजन्तुको अवलोकन गर्ने, बनभोज (Picnic) खाने, फोटो तथा भिडियो खिच्ने, समय समयमा खेल प्रतियोगिता हेर्ने, सुन्तलाको सिजनमा सुन्तला बगैचा अवलोकन गर्ने जस्ता पर्यटकीय क्रियाकलापको आनन्द लिइरहेका छन् ।

#### ४.५.२.५. आरुबोटे पर्यटकीय क्षेत्रको पर्यटन विकासका सबल पक्ष दुर्बल पक्ष, अवसर तथा सम्भावनाहरु

**सबल पक्ष**

- लेटाङ नगरपालिकाको अग्लो स्थान (समुन्द्री सतहबाट करिब १४०० मिटर भन्दा बढी)
- स्वच्छ तथा सफा हावापानी
- सडक पहुँच पुगेको
- रेक्रियसनल पार्कको विकासका लागि डीपीआर निर्माण
- सडक तथा पदमार्ग मर्मत सम्भार तथा स्तारोन्नतिका कार्य भईरहेका
- समय समयमा खेल्कुद प्रतियोगिता आयोजना हुने
- गाउँघरमा मौलिक चालचलन, संस्कृति तथा परम्परा कायम रहेको
- किसेटार तथा साग्मामा राम्रो सुन्तला खेति रहेको यसको प्रवर्द्धन गरि कृषि पर्यटनको विकास गर्न सकिने
- राजारानी क्षेत्रको पर्यटन विकासका लागि विभिन्न निकायबाट सहयोग भईरहेको

**दुर्बल पक्ष**

- सडकको अवस्था राम्रो नभएको (कच्ची सडक)
- पदमार्ग जिर्ण तथा लोप हुदै गएको
- पर्यटककिय पूर्वाधारहरु (Aminities) नभयका
- आवासको सेवा सुबिधा सहित होटेल एकदमै कम भएकोले धेरै संख्यामा पर्यटक भएमा सेवा पुर्याउन समस्या हुने
- स्थानीयमा पर्यटन सम्बन्धि चासो कम रहेको
- हाल पर्यटकको संख्या अन्त्यन्तै न्युन रहेको

- पर्यटन विकासमा न्युन बजेट

**अवसर**

- पहुँचको अवस्थामा सुधार गरि सहज आवागमनको व्यवस्था गर्ने
- होटेल, होमस्टे तथा चिया घर संचालन गरि स्थानीयको आर्थिक विकासमा टेवा पुर्याउन सकिने
- पर्यटकीय पूर्वाधार ( Infrastructure and Amenities) को विकास गर्ने
- आरुबोटे पर्यटकीय क्षेत्र सँग राजारानी तथा केराबारीको जेफालेसँग तथा अन्य पर्यटकीय गन्तब्य सँग अन्तरसम्बन्ध स्थापित गरि थप पर्यटक भित्र्याउन सकिने

**चुनौती**

- पर्यटन प्रवर्द्धन तथा आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढाउनु
- स्थानीयलाई पर्यटनसँग आबद्ध गर्नु
- थप पर्यटकीय क्रियाकलाप संचालन गरी पर्यटकको बसाई अवधि र औषत खर्च बढाउनु
- पर्यटकको विकास संगै वातावरण संरक्षण तथा फोहोर व्यवस्थापन गर्नु

### ४.५.२.६. योजना तथा कार्यक्रमहरु

आरुबोटे पर्यटन क्षेत्रमा पर्यटन विकासका लागि देहायबमोजिमका योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।

- डीपीआर अनुरुप रिक्रियसनल पार्क निर्माण
- समग्र आरुबोटे पर्यटकीय क्षेत्रको गुरुयोजना र सोका आधारमा डीपीआर तयार
- यस क्षेत्रमा पहुँच पुर्याउने प्रमुख मोटर बाटो तथा पदमार्ग स्तरोन्नति तथा मर्मत सम्भार
- विभिन्न पर्यटकीय आकर्षण क्षेत्रमा सौचालय निर्माण तथा खानेपानीको व्यवस्था
- बसपार्क, बस स्टप, पार्किङको व्यवस्थापन
- उपयुक्त स्थानमा पार्क, पिकनिक स्पट निर्माण
- पर्यटकीय आकर्षण तथा पदमार्गमा आवश्यक Amenities जस्तै; प्रवेश द्वार, विश्राम स्थल, भ्यू डेक, सेल्फी पोइन्ट, टिकट काउन्टर, फलैचा, घेरबारा, डस्विन, फोहोर जलाउने खाल्डो आदि निर्माण
- पर्यटन सम्बन्धि स्थानीयमा जनचेतना अभिवृद्धि
- होमस्टे, होटेल (Accomodation) तथा चिया घर (tea house) संचालनका लागि निजी क्षेत्र सँग समन्वय तथा सहकार्य गर्ने स्थाई व्यवसायीको क्षमता अभिवृद्धि
- कुक, वेटर, लोकल टुर गाईड जस्ता पर्यटकीय जनशक्ति उत्पादनका गर्ने
- पर्यटकीय क्षेत्रको व्यवस्थापनका लागि संस्थागत विकास
- पर्यटन विकासका लागि अन्य पर्यटकीय क्षेत्रसंग अन्तर सम्बन्ध स्थापित गर्ने

### ४.५.३. गुवाबारी पर्यटकीय क्षेत्र

गुवाबारी पर्यटकीय क्षेत्र लेटाङको सबै भन्दा तल्लो भेगमा रहेको पर्यटकीय क्षेत्र हो । गुवाबारी पर्यटकीय क्षेत्रले दक्षिणमा कनेपोखरीको सिमाना देखि उत्तर तर्फ रहेको अलि उच्च मैदानी भूभाग सम्मको क्षेत्रलाई समेटेको छ

चिल्ड्रेन पार्क, तिनकुने पार्क, श्री जनसेवा बनभोज तथा चिडिया उद्धार स्थल, कबर्ड हल, लेटाङ्ग किराँत राई यायोक्खा धार्मिक क्षेत्र (वन), जोरकुप ईनार, बिमिरे ईनार, वसन्त सामुदायिक वन क्षेत्र, त्रिवेणी सामुदायिक वन क्षेत्र, गुवाबारी भ्यु टावर तथा गुवाबारी क्षेत्र, समल डाँडा, चिसाङ खोला बगर तथा झुलुंगेपुल, भुवा खोला बगर तथा झोलुङ्गेपुल, ईतिहासकार ईमानसिंह चेम्जोङ स्मृति प्रतिष्ठान, कमल पर्यापर्यटन क्षेत्र, चिसाङ आकाशे पुल, नमुना पुतली पार्क तथा पर्यापर्यटन क्षेत्र, पन्चकन्या कालिका देवी मन्दिर, राधाकृष्ण मन्दिर, गणेश मन्दिर, हिमालय महायान छेताङ छोईलिङ बौद्ध गुम्बा, मगर गुम्बा बौद्ध विहार, यलम्बर पार्क, चारकोशे जंगल क्षेत्र गुवाबारी क्षेत्रमा पर्ने प्रमुख पर्यटकीय आकर्षणहरु हुन् ।

जुनसुकै स्थानबाट मोरङ जिल्लामा प्रवेश गरिसकेपछि पुर्वपश्चिम राजमार्ग बाट कानेपोखरी - लेटाङ - बुधबारे- लिम्बा सडक हुदै पूर्वपश्चिम राजमार्गको कानेपोखरी बजारबाट उत्तर तर्फ करिब ७ कि.मि. गएपछि लेटाङ बजार पुग्न सकिन्छ भने धनकुटा, पाँचथर तर्फबाट आउने पर्यटक पनि यहि सडक हुदै लेटाङ आउन सक्छन । त्यसैगरी पुर्वपश्चिम राजमार्ग बाट बेलबारी - बुधबारे- लोखरा - राजारानी - आरुबोटे सडक हुदै बुधबारे बजारबाट मदन भण्डारी राजमार्ग हुदै करिब ३ कि.मि पुर्व तर्फ लेटाङ बजार वा गुवाबारी क्षेत्र पुग्न सकिन्छ त्यसैगरी पथरी - जाँते सडक बाट मदन भण्डारी राजमार्ग हुदै पश्चिम जादा पनि गुवाबारी पर्यटकीय क्षेत्र पुग्न सकिन्छ । गुवाबारी सम्म पुग्ने सबै पहुँच मार्गहरु पक्कि छन् भने सबै सडकमा सार्वजनिक यातायात संचालन हुन्छन भने निजी सवारी साधन जुनसुकै पर्यटकीय आकर्षण क्षेत्रमा पुग्न सक्छ ।

यस पर्यटकीय क्षेत्रमा मुख्य गरी लेटाङ बजार क्षेत्रका स्थानीयहरू आउदछन । यसका साथै कानेपोखरी, बेलबारी, सुन्दरहरैचा, पथरीशनिश्चरे, उर्लाबारी, दमक, विराटनगर, ईटहरी जस्ता दक्षिणी भेगका सहरबाट पनि यस पर्यटकहरु आउने गरेका आउदछन । यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रहरुमा सबै भन्दा धेरै पर्यटक गुवाबारीमा क्षेत्रमा आउदछन ।

यहाँ आउने पर्यटकलाई खाने बस्ने सुविधाका लागि लेटाङ बजार तथा गुवाबारीमा गुणस्तरीय होटेल तथा रिसोर्टहरु छन् । यस क्षेत्रमा चिया खाजा तथा खानाको सुबिधा भएका थुप्रै साना होटेल तथा चिया पसलहरु पनि छन्, जहाँ पर्यटकले आफ्नो ईच्छा अनुसारको खाना तथा खाजा खान सक्छन ।

यस क्षेत्रमा विद्युत, ईन्टरनेट, खानेपानी, स्वास्थ्य सेवा राम्रो छ । यहाँका पार्क तथा अन्य पर्यटकीय आकर्षण क्षेत्रमा फलैचा, विश्रामस्थल, सार्वजनिक सौचालयको व्यवस्था गरिएको छ । यद्यपी यी पर्याप्त भने छैनन् । सबै पर्यटकीय आकर्षण क्षेत्रमा आवश्यक सेवा सुबिधा (Aminities) पुग्न सकेको छैन । गुवाबारीमा निजी क्षेत्रबाट भ्यु टावर निर्माण गरिएको छ ।

केहि उचाइमा रहेकोले तल्लो भेग भन्दा केहि सितल हावापानी रहेको (गुवाबारी), विभिन्न वन क्षेत्र भएकोले बनभोज आउने, चिल्ड्रेन पार्कमा बालबालिका घुमाउने, फोटो खिचाउने, स्थानीय परिकारको स्वाद लिन, जंगल क्षेत्र घुमे तथा फोटो खिच्ने, विभिन्न खेलकुद प्रतियोगिताको मनोरंजन लिन सकिने, चण्डी, साकेला पर्व, ल्होसार जस्ता चाडपर्वमा रमाईलो गर्ने, मन्दिर, गुम्बा जस्ता धार्मिक क्षेत्रमा पुजाआजा गर्ने, बिभिन्न मेला महोत्सवमा रमाईलो गर्ने यस क्षेत्रमा हुने प्रमुख पर्यटकीय क्रियाकलाप हुन् । यो क्षेत्र स्थानीयका अलावा वार्षिक ५००० भन्दा बढी अन्तरिक पर्यटकले भ्रमण गर्दछन ।

### ४.५.३.१. प्रमुख पर्यटकीय आकर्षण (Attractions)

**क. पञ्चकन्या कालिका देवी मन्दिर**

लेटाङ नगरपालिकाको विरनमा अवस्थित पञ्चकन्या कालिका देवी मन्दिर लेटाङकै एक प्रमुख धार्मिक पर्यटन स्थल हो । यो मन्दिरको उत्पत्ति २०२२ सालपूर्व जब हाल मन्दिर रहेको स्थान घनघोर जंगल थियो र यहाँका वन्यजन्तु बाघ, भालु, हात्तीले स्थानिय वासीलाई दुःख दिन्थे, देवीको उत्पत्ति पछि वन्यजन्तुले दुख दिन छोडेको र स्थानियवासीले सुरक्षित वसोवास गर्न थालेको र देवीले संरक्षण गरिरहेको भन्ने विश्वास गर्न थालिएको भन्ने भनी छ । यस मन्दिर परिसरमा शिवालय मन्दिर पनि छ । यो मन्दिरमा मन्दिर २०७५ सालमा जिल्ला प्रशासन कार्यालय विराटनगरमा दर्ता भएको पञ्चकन्या कालिका मन्दिर सेवा समितिद्वारा संचालित छ ।



*फोटो18 : पन्चकन्या कालिका देवी मन्दिर*

यस मन्दिरमा प्रत्येक वर्ष बडा दशैंमा नेपाली सेनाले फूलपाती सलामी अर्पण गर्दछन् । मन्दिरमा विशेष गरी बडा दशैंको सप्तमी, अष्टमी, नवमीका दिन यहाँ मेला लाग्दछ भने दिपावली, तीज, शिवरात्रि जस्ता पर्वहरुमा भक्तजनको भिड लाग्ने गर्दछ । यहाँ विवाह, व्रतबन्ध, गुन्यु चोली, भागवत पुराण जस्ता सुभ कार्य पनि हुने गर्दछन् । साथै दैनिक पुजा तथा नियमित भजन किर्तन जस्ता धार्मिक कार्यक्रमहरू गरिन्छ । यस मन्दिरमा दर्शन गर्ने भक्तजनहरूले चाहेको, आटेको र चिताएको सबै कुरा पूरा हुने विश्वास छ । विशेष गरी बडा दशैंको पञ्चकन्या कालिका देवी मन्दिरमा नगर र जिल्ला बाहिरका भक्तजनहरू आस्था र विश्वासका साथ आउने गर्दछन् । यहाँ लेटाङ बाहेक झापा, मोरङ सुनसरी, धनकुटा लगायतका क्षेत्रबाट वार्षिक करिब १५००० को संख्यामा आस्था र विश्वासका साथ दर्शनार्थीहरु आउदछन ।



*फोटो19 : पन्चकन्या कालिका देवी मन्दिरको उत्पति स्थल*

यस मन्दिर परिसरमा सभाह, बिधुत, खानेपानी सौचालय जस्ता भौतिक संरचनाहरू निर्माण भएका छन् । यो मन्दिर विरन र लेटाङ बजारबाट करिब ५० मिटरको दुरीमा छ । मन्दिरमा आउने भक्तजन तथा पर्यटकका लागि खाने वस्ने सुबिधाका लागि लेटाङ बजारमा थुप्रै होटेल तथा खाजा घर छन् । पुर्वपश्चिम राजमार्गबाट कानेपोखरी - लेटाङ सडक तथा मदन भण्डारी राजमार्ग बत्पानी यस मन्दिरमा सजिलै पुग्न सकिन्छ ।

### ख. ईमानसिंह चेम्जोङ स्मृति प्रतिष्ठान

ईमान सिंह चेम्जोङ स्मारक प्रतिष्ठान लेटाङको त्रिशुली चोकमा छ । प्रतिष्ठान करिब ११ कठ्ठा क्षेत्रफल (सार्वजनिक स्वामित्वको जग्गा) मा फैलिएको छ । ईमान सिंह चेम्जोङ नेपालका प्रसिद्ध विद्वान तथा इतिहासकार हुन् । जसले किराँत जातिको धर्म, संस्कृति तथा इतिहासमा उल्लेखनीय योगदान पुर्‍याएका थिए । चेम्जोङले किराँत धर्म, संस्कृति, र इतिहासमा व्यापक अनुसन्धान गरि थुप्रै पुस्तकहरू प्रकाशन गरे, उनले किराँत लिपि र मुन्धुमको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेका छन् । उनै ईतिहासकारको सम्झनामा लेटाङमा "ईमान सिंह चेम्जोङ प्रतिष्ठान" नामक संस्था स्थापना गरिएको हो ।




*फोटो20 : ईमानसिंह चेम्जोङ स्मृति प्रतिष्ठान*

प्रतिष्ठानमा पार्क पनि छ , जहाँ किराँत समुदायले मंसिर/पौष महिनामा उद्यौली र उभौली जस्ता प्रमुख मेला पर्वहरू मनाउदछन । यस समयमा लेटाङका स्थानीय बासी तथा वरपरका स्थानबाट गरि करिब ५,००० भन्दा बढीको उपस्थिति हुने गर्दछ । हाल यहाँ मनोरञ्जनको लागि रोटेपिङ निर्माणाधिन अवस्था छ ।

लेटाङ बजार क्षेत्रमानै भएको हुनाले यहाँ विद्युत, ईन्टरनेट, खानेपानी जस्ता सुबिधाको राम्रो उपलब्धता छ । नेपालको जुनसुकै स्थानबाट आउदापनि यस क्षेत्रमा सजिलै पुग्न सकिने सडक तथा यातायतको सुबिधा छ । यस स्थानमाको वरपर थुप्रै होटेल, खाजा घर तथा चिया पसल छन् जसले यस स्थानमा घुम्न आउनेहरुका लागि सेवा पुर्याईरहेका छन् ।

### ग. किर्तिमान यलम्बर पार्क

किर्तिमान यलम्बर पार्क लेटाङ नगरपालिकाको किर्तिमानमा अवस्थित एक महत्वपूर्ण पर्यटकीय स्थल हो । यो पार्कमा यहाँ उद्यौली र उभौली जस्ता प्रमुख मेला पर्वहरू मनाईने हुनाले किराँत समुदायका लागि विशेष महत्व राख्छ । यसका स्थानमा बैशाख, जेष्ठ, मंसीर, र पौष महिनामा साकेला सिली पनि आयोजना गरिन्छ । यलम्बर पार्कको अगाडी पट्टी खेल मैदान छ जहाँ समय समयमा पिकनिक तथा फुटबल खेलको आयोजना हुन्छ । विभिन्न समयमा स्थानीय तथा वरपरका समेत गरि यस क्षेत्रमा वार्षिक १५००० भन्दा बढी पर्यटक आउदछन ।



फोटो21 : किर्तिमान यलम्बर पार्क क्षेत्र

सार्वजनिक जग्गामा रहेको यो पार्क करिब ३.५ हेक्टर क्षेत्रफलमा फैलिएको छ । पार्कमा यलम्बर राजाको प्रतिमा, किराँतको मौलिक बाजाको प्रतिमा, साकेला थान, विश्राम स्थल, नाच गान गर्नका लागि स्टेज, खेल मैदान निर्माण गरिएको छ ।जंगलको नजिकै रहेको यस पार्कमा प्रजातिका वृक्षहरु तथा जंगली पशुपन्छीहरूको अवलोकन गर्न सकिन्छ ।

यलम्बर पार्कसम्म पुग्न पुर्वपश्चिम राजमार्गबाट भाउन्ने - किर्तिमान सडक र लक्ष्मी मार्ग - किर्तिमान सडक हुदै पुग्न सकिन्छ भने, स्थानीय सडकहरुले पनि यस क्षेत्र सम्म पहुँच पुर्याएका छन् । त्यसैगरी बुद्धबारे- किर्तिमान पैदल मार्गबाट पनि यहाँ सजिलै पुग्न सकिन्छ ।

कीर्तिमानी बाट करिब ५०० मिटरको दुरीमा रहेको पार्कमा क्षेत्रमा खानेपानीको व्यवस्था सामान्य छ, पार्कको वरपर सामान्य घेराबार गरिएको छ तर सौचालयको व्यवस्था छैन ।

### घ. कमलपुर पर्या पर्यटन क्षेत्र

कमलपुर पर्या पर्यटन क्षेत्र लेटाङ नगरपालिकामा पर्ने प्राकृतिक पर्यटकीय आकर्षक हो । करिब ३.८ हेक्टर सार्वजनिक जग्गामा फैलिएको यस प्रमुख आकर्षण चिसाङ खोला बगर, झोलुङ्गे पुल, खुल्ला चौरी हो जसले

पर्यटकहरूलाई आकर्षित गर्छ । पुल नजिकै लोप हुँदै गएको रोटेपिङ पनि रहेको छ, जसले परम्परागत खेलकुदको अनुभव दिलाउँछ । यस गन्तव्यको व्यवस्थापनका लागि समिति दर्ता गरिएको छ ।



फोटो22 : कमलपुर क्षेत्रमा पर्ने चिसाङ खोला झोलुङ्गे पुल



फोटो23 : लेटाङ रंगशाला

कमलपुर पर्यापर्यटनकै सेरोफेरोमा लेटाङ रंगशाला छ जहाँ वर्षमा दुई पटक फुटबल प्रतियोगिताको आयोजना गरिन्छ । जसमा लेटाङ र अन्य छिमेकी नगर/गाउँपालिकाका हरुबीच प्रतियोगिताको पनि गराइन्छ । यस समयमा करिब २,००० खेल प्रेमीहरुको उपस्थिति रहन्छ । त्यसैगरी यस क्षेत्रमा विभिन्न स्थानबाट विशेष गरि हिउदको समयमा वनभोज आउने, झोलुङ्गे पुलमा खेल्न तथा फोटो खिच्ने, मनोरम वातावरणमा रमाउन तथा वनजंगलको अवलोकन गर्न आउने गरेका छन् ।

कमलपुर पुग्न लेटाङ-कमलपुर मार्ग प्रयोग गर्न सकिन्छ जुन हाल पिच गरिएको छ । यहाँ सार्वजनिक यातायात सेवा पनि उपलब्ध छ । करिब ५० मिटरको दूरीमा लाखमान वस्ती पर्दछ जहाँ विभिन्न जातजातिको बसोबास छ । यहाँ कमलपुर आउने पर्यटकले चिया नास्ता खान एउटा होटेल छ भने स्तरीय आवास (खाने वस्ने) का लागि भने लेटाङ बजार वा गुवाबारी जान सकिन्छ । यस पर्यटीय क्षेत्रमा खानेपानीको व्यवस्था छैन लाखमान वस्तीबाट खानेपानीको व्यवस्था गर्न सकिन्छ ।यहाँ सार्वजनिक सौचालय तथा अन्य पूर्वाधारको व्यवस्थापन भएको छैन ।

चिसाङ खोलामा नै जोडिएको क्षेत्र भएकोले यो क्षेत्र बाढी तथा कटानको उच्च जोखिममा छ जसको समाधानका लागि तटबन्धनको आवश्यकता छ । कमलपुर सामुदायिक वनबाट पर्यापर्यटनका लागि कार्ययोजना बनाई सकिएको छ ।

### ङ. नमुना पुतली पार्क तथा पर्या पर्यटन क्षेत्र

लेटाङ नगरपालिका विरनमा अवस्थित नमुना पुतली पार्क नमुना सामुदायिक वनमा पर्ने एक प्राकृतिक पर्यटकीय आकर्षण हो । सामुदायिक वनको करिब ४.९६ हेक्टर क्षेत्रफल नमुना पुतली पार्क तथा पर्यापर्यटन क्षेत्रको लागि छुट्याईएको छ । पुतली पार्कको मुख्य उद्देश्य रैथाने पुतलीका विभिन्न प्रजातिहरूको संरक्षण गर्दै यस क्षेत्रको पर्या पर्यटन विकास गर्नु हो ।

पार्कमा जुनसुकै स्थानबाट पनि पुर्व पश्चिम राजमार्ग बाट लेटाङ-कानेपोखरी राजमार्ग र मदन भण्डारी राजमार्ग बाट सजिलै पुग्न सकिन्छ । यस क्षेत्रमा साना सहरी खानेपानी परियोजनाबाट खानेपानीको व्यवस्था गरिएको छ । विरन र लेटाङ बजारबाट मात्र २०० मिटरको दुरीमा रहेको यस क्षेत्रमा खान बस्न विरेंमा एउटा चिया घर छ भने लेटाङ बजारमा धेरै होटेल तथा खाजा घरहरु छन् जसले खान खाजा तथा आवासको सुबिधा पुर्याईरहेका छन् ।


फोटो24 : नमुना पार्क क्षेत्र

यस पार्क क्षेत्रमा साकेला सिलि, लाखे जात्रा जस्ता पर्वहरु मनाईन्छ यसै अवसरमा फुटबल खेल प्रतियोगिताको पनि आयोजना गरिन्छ । पार्कमा जाने प्रवेश द्वार, बाउन्ड्री वाल, तार घेराबार र पदमार्ग निर्माण कार्य भइरहेको छ। यस पार्कमा वार्षिक ८,००० भन्दा बढी स्थानीय पर्यटकहरू र केहि अन्तरिक पर्यटकले भ्रमण गर्दछन ।

### च. चिल्ड्रेन पार्क

लेटाङ नगरपालिकाको वडा नं ४ मा रहेको चिल्ड्रेन पार्क लेटाङकै एक महत्वपूर्ण मनोरञ्जनात्मक पर्यटकीय स्थल हो । बजारको केन्द्र भागमा रहेको यस पार्कमा नगर भरिका बालबालिका तथा अभिभावकहरु तथा युवा युवती दैनिक रुपमा घुमफिर गर्न, बालबालिकालाई खेलाउन, फोटो खिच्न, साँझ टहल्नका लागि आउदछन । करिब १५ कठ्ठा क्षेत्रफलमा फैलिएको यस पार्कको व्यवस्थापनका लागि व्यस्थापन समिति दर्ता भएको छ र यहि समिति मार्फत विभिन्न निकायको सहयोगमा यसको विकास निर्माण तथा व्यवस्थापनको कार्य भईरहेको छ ।



फोटो25 : चिल्ड्रेन पार्क र त्यहाँ राखिएका आकृतिहरु

विभिन्न कृतिम मुर्तिहरु, बिभिन्न कार्टुनका कृतिम प्रतिमा, झुला, फोटो खिच्ने पोइन्ट, बालबालिकालाई खेल्न पिङ, पदमार्ग, फुलबारीहरुको निर्माण लगायत सौन्दर्यकरणका कार्य भईसकेका छन् । त्यसैगरी वडा कार्यालयको प्रांगणमा नै रहेको यस पार्कमा घेराबारा, विश्रामस्थल खानेपानी, विद्युत, सौचालयको राम्रो सुबिधा छ । जुनसुकै स्थानबाट सजिलै पुग्न सकिने यस पार्क सम्म आउने सडक पक्कि छन् ।

चिल्ड्रेन पार्कमा किराँतहरूको उभौली साकेला सिली पर्व मनाईन्छ ।पार्क संगै हिमालय महायान छेताङ छोईलिङ बौद्ध गुम्बा पनि रहेको छ । जहाँ ल्होसारमा र बुद्ध जयन्तीमा मेला लाग्दछ । यी पर्वमाको समयमा यस क्षेत्रमा करिब ५०० स्थानीय र ५०० अन्तरिक पर्यटक आउने गर्दछन् । भने दैनिक रुपमा करिब १०० जनाको संख्याले यस पार्क घुम्न आउदछन दैनिक रुपमा पार्क वरपर वा बजार क्षेत्रका स्थानीय घुम्न आउदछन ।यस पार्कमा आउने पर्यटकको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको छ र यसलाई अझ व्यवस्थित बनाई थप पर्यटकलाई आकर्षण गर्न सकिन्छ ।

### छ. सेल्फी रोड सहित तिनकुने पार्क

सेल्फी रोड सहित तिनकुने पार्क लेटाङ बजारको प्रवेशद्वारमा करिब ५ कठ्ठा क्षेत्रफलमा फैलिएको छ । सडकको दायाँ-बायाँ सिरिस प्रजातिका विरुवाहरु पार्क भित्र अन्य फूलको विरुवाहरू रोपिएका छन् । यस क्षेत्रमा लेटाङबजार वरपरबाट मानिसहरु विशेष गरि सेल्फी तथा फोटो खिच्न, खेल्न आउने गर्छन् यस पार्कको व्यवस्थापन तथा संचालनका लागि समिति दर्ता गरिएको छ । सेल्फी रोड सहित तिनकुने पार्कको स्वामित्वमा रहेको जग्गाको रहेको छ।

पार्क क्षेत्रमा चण्डी र बौद्ध मेला लाग्दछ मेलामा करिब ५००० पर्यटक आउदछन । पार्कमा खानेपानी, सौचालय, विश्रामस्थल, पदमार्ग, बत्ती व्यवस्थापन, फलैचाहरु, बच्चाहरू खेल्ने पिङ, फूलबारी जस्ता पूर्वाधारको व्यवस्था भइसकेको छ । पार्क क्षेत्रमा घेराबार गरिएको छ । नगरका अन्य पर्यटकीय क्षेत्रमा आउने पर्यटकले आफ्नो केहि समय यस पार्कमा बिताउन सक्छन ।

### ज. जनसेवा वनभोज तथा चिडिया उद्दार क्षेत्र

श्री जनसेवा बनभोज तथा चिडिया उद्धार स्थल जनसेवा सामुदायिक वन क्षेत्रमा पर्ने महत्वपुर्ण पर्यटकीय स्थल हो । सामुदायिक वनको करिब ५ हेक्टर क्षेत्रफल पर्यटन क्षेत्रका रुपमा छुट्टयाइएको छ । रहेको यस क्षेत्रमा विभिन्न प्रकारका वनस्पति, फलफुल तथा जडिबुटीहरु, जनावर तथा चराचुरुंगी पाइन्छन् । यहाँ साल, सिसौ, कुसुम, चाँप, वर, पिपल, कटुस, नीम, बकाइनो, गायो, बेल, सल्ला, ओदाल, पाँचपाते, बाँस, क्यामुना, खिर्रो, मेलतो, कैदल, दार, बाँझ, असारे, सिंदुरे, सिमल, टुनी, भलायो, असोक, डुम्री, रातोकरम, भकिम्लो, लाम्पाते, सजीवन, आँप, लिच्ची, काजु, आरु जस्ता वनस्पति साथै हरिण, खरायो, मृग, जस्ता जीवजन्तु पाईन्छ जसले यस क्षेत्रलाई अत्यन्तै रमणीय बनाएको छ । बाटोको वरपर तथा जंगलमा लगाईएको गुल्मोहरले यस क्षेत्रलाई थप सुन्दर बनाएको छ । गुल्मोहर फुल्ने बेलामा योक्षेत्र झनै आकर्षक देखिन्छ ।



*फोटो26 : जनसेवा सावउसको कार्यालय*

यहाँ बन जंगलबाट उद्धार गरि केहि मृगहरू पनि पालिएका छन् । जुन यहाँ आउने पर्यटकका लागि आकर्षको केन्द्र बनेको छ । त्यसैगरी यहाँ वन व्यवस्थापन समितिको कार्यालयका साथै सामुदायिक भवन पनि छ जहाँ समय समयमा विभिन्न कार्यक्रमहरु आयोजना हुने गर्दछ । हाल समय समयमा विभिन्न समूहरु बनभोजका लागि पनि यस क्षेत्रमा आउदछन । यस क्षेत्रमा खानेपानी, सौचालय तथा ईन्टरनेट राम्रो सुबिधा छ भने कार्यालय तथा हल वरपर घेराबार गरिएको छ । पर्यटकीय क्षेत्र वरपर बस्नका लागि फलैचाको व्यवस्था गरिएको छ । थप पूर्वाधार विकास गरि यस क्षेत्रको पर्यटन विकास गर्ने समितिको योजना छ ।



फोटो27 : जनसेवा सामुदायिक वन संरक्षण गरी राखिएका मृगहरु

सामुदायिक भवनमा हुने बैठक तथा छलफलमा सहभागीहरुका साथै विद्यालयबाट अध्ययन भ्रमणका लागि आउने तथा स्थानीयहरू गरि वार्षिक १५०० जना पर्यटकले यो क्षेत्रको भ्रमण गर्दछन । यस क्षेत्रमा जुनसुकै स्थानबाट आउन पनि सहज पहुँच छ पक्कि बाटो तथा सार्वजनिक यातायातको सुविधाले यस क्षेत्रलाई थप पहुँचयोग्य बनाएको छ । यहाँ कानेपोखरी बाट प्रत्येक ३० मिनेटमा सार्वजनिक बस चल्छ । यो क्षेत्र लेटाङ बसपार्कको छेवैमा छ, भने नगर कार्यालय र वडा कर्यालय बाट मात्र ५०० मित्रको दुरीमा छ ।

### झ. मगर गुम्बा बौद्ध विहार

मगर गुम्बा बौद्ध विहार हटिया बजारको उत्तरमा अवस्थित छ । करिब २ बिघा ५ कठ्ठा क्षेत्रफलमा रहेको गुम्बाको जग्गा आफ्नै स्वमित्वमा छ । यस गुम्बामा पाठशाला रहेको छ, जहाँ बाल बालिकाको गरिन्छ । धार्मिक साथै शैक्षिक दृष्टिकोणले महत्वपुर्ण यस क्षेत्रमा आकर्षक बुद्धको मूर्ति तथा बौद्ध पाठशाला छ जहाँ बालबालिकालाई बौद्ध शिक्षा प्रदान गरिन्छ । गुम्बाको व्यवस्थापन समितिले यसको संचालन तथा व्यवस्थाप गरिरहेको छ ।

गुम्बामा बुद्ध जयन्ती तथा ल्होसारमा ठुलो संख्यामा भक्तजनको भिड लाग्दछ । पर्वका साथै दैनिक पाठपूजा, का लागि भक्तजन तथा अवलोकन भ्रमणका लागि पनि पर्यटक आउदछन । मगर गुम्बा बौद्ध विहारमा वार्षिक रूपमा करिब ५००० को संख्यामा आन्तरिक पर्यटकहरू आउदछन ।

### ञ. बिमिरे इनार

बिमिरे ईनार लेटाङ नगरपालिकको खेरुवामा अवस्थित धार्मिक तथा ऐतिहासिक महत्त्वको स्थल हो । यस ठाउमा अमिलो प्रजातीको विमीरो फल प्रशस्त पाइने भएकाले यस ईनारको नाम बिमिरे ईनार नामाकरण गरिएको हो भन्ने भनाइ छ । स्थानीय बुजुर्गहरूको भनाइअनुसार यो ईनारको स्थापना २००२/०३ सालतिर भएको हो। करिब १५ कठ्ठा सार्वजनिक जग्गामा फैलिएको यो ईनार पहिले देखिने स्थानीय समुदायका लागि महत्वपूर्ण पानीको

स्रोतको रुपमा रहदै आएको थियो । बिमिरे ईनारको व्यवस्थापन समितिले संरक्षण तथा व्यवस्थापन गर्दै आइरहेको छ ।





*फोटो 28: विमिरे ईनार (बायाँ) र चिल्ड्रेन पार्क (दायाँ)*

बिमिरे ईनार क्षेत्रमा वार्षिक रूपमा बैशाख पूर्णिमामा संसारी माइको पूजाआजा गरिन्छ । हाल यहाँ क्षेत्रमा बाल उद्यान निर्माण गरि विभिन्न खेल सामग्री राखिएका छन्, जहाँ स्थानीय स्थानीय बालबालिकाहरु रमाउन सक्छन । नजिकै युनाइटेड खेल मैदान छ, जहाँ फुटबल र भलिबल खेल प्रतियोगिता भईरहन्छन । यो स्थान जंगल भित्र सितल ठाउँमा पर्ने भएकोले गर्मि महिनामा सितलताका लागि पनि स्थानीयहरु यहाँ आउदछन । विशेष गरि स्थानीय पर्यटक आउने यस क्षेत्रमा गुवाबारी, लेटाङ वा जाँते क्षेत्रमा आउने पर्यटकले यस स्थानमा पनि केहि समय बिताउन तथा घुम्न सक्छन । बिमिरे ईनारको नजिकै किरातेश्वर मन्दिर पनि छ जहाँ, तीज, शिवरात्रि जस्ता पर्वमा धेरै भक्तजनहरुको घुईचो लाग्दछ ।

बिमेरे नगरपालिका केन्द्रबाट २.५ कि.मी.तथा वडा ५ को कार्यालय बाट १
पुग्न पुग्न बुद्ध मार्ग सडक र मदन भण्डारी सडकको प्रयोग गर्न सकिन्छ
पदमार्ग बिमिरे मार्गबाट पनि पुग्न सकिन्छ ।



*फोटो 29: किराँतेश्वर महादेव मन्दिर*

यस क्षेत्रमा खानेपानी, बाल उद्यान, ईनार, विश्राम स्थल, फलैचाहरु नि
अत्यावश्यक छ । हाल बाल उद्यान स्तरोन्नति, घेराबार, विश्राम घर, किर
सभाहलको निर्माण कार्य लेटाङ नगरपालिका, प्रधानमन्त्री रोजगार कार्यक्रम
सहयोगमा भइरहेका छन ।

### ट. जोरकुप ईनार तथा जलाधार क्षेत्र

लेटाङ नगरपालिका वडा नं. ५ मा अवस्थित जोरकुप ईनार एक प्राकृतिक तथा ऐतिहासिक महत्वको स्थल हो। घना जंगलको बीचमा रहेको ठुलो ईनार पहिले स्थानीयको खानेपालिको स्रोत थियो । मानव वस्ती बसेदेखि नै मानिसहरूले यहाँको पानी प्रयोग गर्दै आएका भन्ने बही छ । पहिले २ ओटा ईनार रहेकोले जोरकुप नाम रहेको हो तर एउटा ईनर सुकेर पुरे पछी हाल एउटा मात्र ईनार छ । जोरकुप ईनारको स्वामित्वमा २ बिघा सार्वजनिक जग्गा पर्छ । यस क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि समिति दर्ता गरिएको ।

हाल जोरकुप ईनार क्षेत्र वनभोजको लागि लोकप्रिय गन्तव्य बन्दै गएको छ । बैशाख देखि फाल्गुन सम्म विभिन्न स्थानबाट बनभोजका लागि आउदछन । ईनार नजिकै देवीथान पनि छ जहाँ वर्षेनी देवी पूजा गरिन्छ । खेरुवा र जाँतेबाट नजिकै रहेको यस स्थानमा अन्य लेटाङ, गुवाबारी तथा जाँते क्षेत्रमा आउने पर्यटकले यहाँ आई केहि समय बिताउन सक्छन । यस क्षेत्रमा मदन भण्डारी राजमार्गबाट सहजै पुग्न सकिन्छ भने कृषि मार्गबाट पनि पुग्न सकिन्छ ।




फोटो 30: जोरकुप ईनार तथा जलाधार क्षेत्र

यस क्षेत्रमा घेराबार सामान्य अवस्थामा छ, चौतारो बनाईएको छ । हाल वृक्षरोपण, विभिन्न प्रजातिका बिरुवा रुखहरू, प्रवेश मार्ग निर्माण कार्यहरू वडा र नगरको बजेटबाट भईरहेको छ । व्यवस्थतित खानेपानी तथा सौचालयको व्यवस्था गर्नु आवश्यक छ । नजिकै खोला बग्ने भएको कारण प्रकोपको जोखिम रहेको छ र यसका लागि केही तटबन्धन गरिएको छ ।

जोरकुप ईनारको नजिक खेरुवा र जाँते वस्ती पर्दछन्, जहाँ प्रमुख जातजातिहरूमा खेरुवामा मगर, क्षेत्री, बाहुन र जाँतेमा राई, लिम्बु, दलित रहेका छन् । वस्ती र गन्तव्यको दूरी २० मिटर मात्र रहेको छ ।

### ठ. वसन्त सामुदायिक वन क्षेत्र

लेटाङ नगरपालिकामा अवस्थित वसन्त सामुदायिक वन क्षेत्र पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थल हो । यहाँबाट लेटाङ नगरपालिकाको सबै वडाहरुको दृष्यावलोकन तथा गर्मीमा चिसो हावाको आनन्द लिन सकिन्छ । हरियाली वनको बीचमा रहेको पाथीभरा मन्दिर रहेको छ जुन यस क्षेत्रको अर्को आकर्षण । यस मन्दिरमा विशेष गरि शिवरात्री मेला र बाला चतुर्दशीमा सतविज छर्ने मेलामा भक्तजनहरु आउदछन । पाथिभरा मन्दिर दर्शन गर्न आउने तथा यो क्षेत्र घुम्न आउने पर्यटकहरूको संख्या वार्षिक करिब २०,००० हुन्छ ।

वसन्त सामुदायिक वन क्षेत्र शिक्षा विकास मार्ग - सुरेटार मोटर बाटो हुँदै पुग्न सकिन्छ, जसको हालको मोटर बाटो मर्मत र पदमार्ग निर्माण कार्यहरू भईरहेका छन् । यो क्षेत्र लेटाङ बजार र जाँते बजार बाट करिब ३ किलोमिटरको दुरीमा छ । यस क्षेत्रमा आउने पर्यटकले खाने बस्ने सुबिधा यहि बजारमा प्राप्त गर्न सक्छन।

यस क्षेत्रमा खानेपानीक, सौचालय, विश्रामस्थल, फलैचा, घेराबारको व्यवस्था छैन । बाढी र पहिरोको जोखिम रहेको यस क्षेत्रमा लागि खाली ठाउँमा वृक्षरोपण गर्ने तारजाली लगाउनु आवश्यकता छ ।

### ड. श्री राधाकृष्ण मन्दिर

लेटाङको क्याम्पस टोलमा अवस्थित श्री राधाकृष्ण मन्दिर एक महत्वपूर्ण धार्मिक स्थल हो । सरकारी टुकुरे वन भित्र करिब १८ कठ्ठा क्षेत्रफलमा रहेको यो मन्दिर २०६४ सालमा निर्माण भएको हो र व्यवस्थापन समितिले यसको संरक्षण तथा व्यवस्थापन गर्दै आईरहेको छ । यस मन्दिरमा विशेष गरी कृष्ण जन्माष्टमीको दिन भक्तजनहरूको भीड लाग्ने गर्दछ । यस मन्दिरमा विवाह, ब्रतबन्ध जस्ता धार्मिक कार्यहरू पनि हुने गरेका छन् मन्दिरमा खानेपानीको व्यवस्था व्यवस्थित रूपमा गरिएको छ । स्थानीय बासीको आस्थाको केन्द्र यस मन्दिर मा वार्षिक ५०० भन्दा बढी भक्तजनले दर्शन गर्दछन ।

### ढ. श्री गणेश मन्दिर

लेटाङको वडा नं ५ मा अवस्थित गणेश मन्दिरको स्थापना २०५६ सालमा गरिएको हो । करिब ५ कठ्ठा क्षेत्रफलमा रहेको यो मन्दिर २०६२ सालमा निर्माण भएको हो र व्यवस्थापन समितिले यसको संरक्षण तथा व्यवस्थापन गर्दै आईरहेको छ । स्थानीय वासीहरूलाई जंगली हात्तीले धेरै दुःख दिने गरेकाले सोही ठाउँमा गणेश मन्दिरको स्थापना गरेमा जंगली हात्तीबाट मुक्त हुने कुरा सपनामा देखेको र सबै गाउँलेलाई यो कुरा भने पछी त्यही ठाउँमा गणेश मन्दिर स्थापना गरिएको भनाइ छ । हाल मन्दिरमा दैनिक पूजा-पाठ गरिन्छ । गणेश मन्दिरको नजिकै पूर्व र दक्षिणमा शिवालय मन्दिर पनि छ । प्रमुख धार्मिक स्थलको रुपमा रहेको यस मन्दिरमा वार्षिक ४०० भन्दा बढी भक्तजनले दर्शन गर्दछन ।

### ण. गुवाबारी

गुवाबारीमा लेटाङ नगरपालिकाकै महत्वपुर्ण तथा प्रचलित पर्यटकीय स्थल हो । गुवाबारी भ्यू टावर यस स्थानको प्रमुख आकर्षण हो, जहाँबाट पुरै लेटाङ बजार रमणीय दृश्य साथै चिसाङ खोला र वरिपरिका सम्पूर्ण बस्तिहरू अवलोकन गर्न सकिन्छ । यो टावर निजी क्षेत्रबाट निर्माण भएको हो । लेटाङ बजारबाट करिब २ कि.मि उत्तर तर्फ पर्दछ । जहाँ लेटाङकै स्तरीय र सुबिधा सम्पन्न होटेल तथा रिसोर्टहरु स्थापना भएका छन् । जहाँ लेटाङका साथै वरपरका पालिकाबाट घुम्न तथा गर्मि छल्नका लागि पर्यटकहरु आउदछन् ।

पक्कि बाटोको पहुँच रहेको र सार्वजनिक यातायतको समेत सहज पहुँच रहेकोले नेपालको जुनसुकै स्थानबाट गुवाबारी सम्म सहज पहुँच छ । यहाँ पुग्ने कालेबुधुली र मेदिहान डाँडा-गुवाबारी सडक प्रमुख हुन् भने पैदल आउन् पनि सकिन्छ। वरपरका वस्तीमा लामिटार, लाखबारी घुम्ती प्रमुखहुन् । यहाँ बसोबास गर्ने प्रमुख जातजातिहरूमा तामाङ, लिम्बु, मगर, राई, बाहुन, नेवार, क्षेत्री हुन् ।



फोटो 31: गुवाबारी भ्यु टावर

हाल चार वटा होटेल रहेको गुवाबारीमा औता सुबिधा सम्पन्न रिसोर्ट निर्माणाधीन छ । यस स्थानमा विभिन्न बैठक छलफलका लागि पनि आउने गरेको पाईन्छ । थप पूर्वाधारको विकास गरि यस क्षेत्रलाई MICE पर्यटनका लागि प्रवर्द्धन गर्न सकिने सम्भावना छ । हाल पर्यटकीय पूर्वाधारमा भ्यू टावर रहेको छ । विश्रामस्थल, सौचालय, बगैचा, सडक सौन्दर्यकरण, साईनेज जस्ता पर्यटकीय पूर्वाधार (Amenities) विकास गर्नुपर्ने आवश्यक छ ।



फोटो 32: गुवाबारीबाट देखिएको लेटाङ बजारको दृश्य

गुवाबारीमा वार्षिक रूपमा करिब ७०,००० स्थानीय पर्यटक(लेटाङ भित्र) र १५,००० आन्तरिक पर्यटकहरू आउँछन् । विशेष गरी बैशाख देखि कार्तिक सम्म यहाँ पर्यटकहरूको आवागमन बढी हुने गर्दछ ।

### त. समल डाँडा

समल डाँडा लेटाङको संगम टोलमा मा अवस्थित एक महत्वपूर्ण भ्यू प्वाइन्ट हो । यहाँबाट पश्चिममा बेलवारी र पूर्वमा दमक सम्मको दृश्यावलोकन गर्न सकिन्छ । गर्मीको समयमा यहाँको चिसो हावाले शीतल महसुस गराउँछ । समल डाँडामा प्राकृतिक सुन्दरताको आनन्द लिनुका साथै वरिपरिका वस्तिहरूलाई अवलोकन गर्न सकिन्छ ।

यहाँ कालेबुधुलि सडकबाट पुग्न सकिन्छ भने गुवाबारी लेटाङबाट पैदल यात्रा गर्नेको संख्या पनि उल्लेख्य छ । विद्युत तथा खानेपानीको सुबिधा राम्रो छ भने ईन्टरनेटको सुबिधा विस्तार गर्नुपर्ने छ साथै अन्य पर्यटकीय पूर्वाधार (Aminities) विकास गर्नुपर्ने आवश्यक छ । यसक्षेत्रको विकासका लागि नगरपालिका तथा वडाले पहल गरिरहेको छ ।

समलडाँडा बाट सबै भन्दा नजिकका वस्ती पाटापुर र गुवाबारी हुन् । समलडाँडा गुवाबारीबाट ५०० मिटर र लेटाङ बजारबाट २ कि.मि को दुरीमा छ । पर्यटकलाई खाजा, खाना तथा आवासको सुविधाका लागि गुवाबारीमा होटेल छन् ।

### थ. चिसाङ खोला तथा भूवा खोला बगर

लेटाङको मुख्य नदिको रुपमा रहेको चिसाङ खोलाको बगर तथा झोलुङ्गे पुल र भुवा खोला बगर तथा झोलुङ्गे पुल  दुवै क्षेत्र पर्यटकका लागि आकर्षणका रुपमा रहेको छ । यस क्षेत्रमा विशेष गरि हिउदको समयमा पिकनिक आउनेको संख्या उल्लेख्य हुन्छ । चिसाङ खोला र भुवा खोला दुवै क्षेत्रमा दैनिक सयौको संख्यामा लेटाङका साथै अन्य छिमेकि जिल्लाहरुबाट पिकनिकका लागि आउदछन् । यसका साथै बगर घुम्ने, झोलुङ्गे पुलमा रमाउन, फोटो खिच्न, बिदियो बनाउन, साँझ बिहान घुम्न पनि दैनिक धेरै जना आउदछन् ।




*फोटो 33: चिसाङ खोला (बायाँ) र भुवा खोला (दायाँ)*

सडकको सहज पहुँच रहेको यस क्षेत्रमा बढीको जोखिम छ । जोखिम नियन्त्रण गरि पिकनिक स्थल निर्माणका गर्न सके अझ पर्यटक भित्र्याउन सकिने सम्भावना छ । यसका लागि आवश्यक थप पुर्वाधारको पनि विकास गर्नुपर्ने हुन्छ ।

### द. प्रदेश कृषि तालिम केन्द्र

लेटाङको घुम्तीमा अवस्थित प्रदेश स्तरीय कृषी तालिम केन्द्रले कृषकहरूलाई आधुनिक कृषि अभ्यास, बाली व्यवस्थापन, र दिगो खेती प्रविधिहरूमा तालिम प्रदान गर्दै आएको छ । यस तालिम केन्द्रमा कोशी प्रदेशका विभिन्न क्षेत्रबाट प्रशिक्षार्थीहरु आउदछन । उनीहरु लेटाङका लागि पर्यटक हुन् । यिनीहरुले यस क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न सहयोग पुर्याईरहेका हुन्छन ।



फोटो 34: प्रादेशिक कृषि तालिम केन्द्र, लेटाङ

आवासको सुबिधा (Accomodation)

गुवाबारी क्षेत्रमा आउने पर्यटकका लागि खाजा तथा खानाको सुबिधाको लागि गुवाबारी र लेटाङ बजारमा थुप्रै होटलहरु छन् । त्यसैगरी आवासको सुबिधाको लागि गुवाबारीमा ४ वटा होटेल तथा रिसोर्ट र लेटाङ बजारमा १० वटा होटेलहरु छन । जहाँ पर्यटकले आवासको सुविधाका प्राप्त गर्न सक्छन । त्यसैगरी समल डाँडा तथा कमलपुर क्षेत्रमा होमस्टे संचालन गर्न सकिने सम्भावना छ ।

होस्टेमा पर्यटकले स्थानीय परिकार कोदो मकैको- ढिंडो, सिस्नो, मकैको भात, गुन्द्रुक, साग, निगुरो, लोकल कुखुरा तथा खसीको मासु सुन्तला (सिजनमा), कोदो तथा केराको लोकल रक्सि लगायत स्थानीय परिकारहरुले स्वागत गर्न सकिन्छ ।

### ४.५.३.२. पर्यटकीय पुर्वाधारहरु (Infrastructure and Amenities)

गुवाबारी पर्यटकीय क्षेत्रको प्राय सबै क्षेत्रमा पक्कि सडकको पहुँच छ भने केहि स्थानी सडकहरु स्तरोन्नतिको कार्य भईरहेको छ । त्यसैगरी गुवाबारीमा भ्यू टावरको निर्माण भएको छ (निजी क्षेत्रको लगानीमा बनेका), लेटाङको वडा नं ४ मा बसपार्क छ । चिल्ड्रेन पार्कमा बिभिन्न प्रतिमाहरु बनाउने, गेट राख्ने, फुल रोप्ने, जस्ता कार्यहरु भईरहेका छन् । केहि आकर्षणहरुमा घेराबार, सौचालय, फलैचा (चौतारी), खानेपानी, उद्यान सौन्दर्यकरण, पदमार्ग निर्माण जस्ता कार्यहरु पनि भईरहेका छन् । यद्यपी सबै आकर्षण क्षेत्रमा यी पूर्वाधार पुगेका छैन वा पर्याप्त छैनन् । पूर्वाधार विकासमा हाल सम्म नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार (प्रधानमन्त्री रोजगार कार्यक्रम) तथा स्थानीयहरुको लगानी तथा सहभागिता रहदै आएको छ ।

गुवाबारी पर्यटकीय क्षेत्रमा आवश्यकता अनुसार पर्यटक सूचना केन्द्र (Tourist Information Center), पैदल मार्ग, साईकल ट्र्याक, फलैचा, चौतारी, साईनेज, सूचना बोर्ड सौचालय, विश्रामस्थल, खानेपानीको व्यवस्थापन, पार्क विकास तथा स्तरोन्नति, खेल मैदान निर्माण, बसपार्क/स्टेसन, पार्किङ जस्ता पर्यटकीय पूर्वाधार विकास गर्नुपर्ने आवश्यकता छ ।

### ४.५.३.३. पर्यटकीय क्रियाकलाप (Activities)

गुवाबारी पर्यटकीय क्षेत्रमा पर्यटकले चिसो मौसम तथा मनोरम वातावरणको आनन्द लिने, एकै स्थानबाट लेटाङ बजार तथा गाउँघरको दृष्यावलोकन गर्ने, छोटो दुरीको पदयात्रा गर्ने (Hiking) गर्ने, भ्यू तवरको आनन्द लिने, वन क्षेत्रमा विभिन्न वनस्पति तथा बन्यजन्तुको अध्ययन अवलोकन गर्ने, पार्क घुम्ने, बालबालिका बालबालिकालाई खेलाउने, बनभोज (Picnic ) खाने, फोटो तथा भिडियो खिच्ने, समय समयमा खेल प्रतियोगिता हेर्ने, बिभिन्न मौलिक नाच चण्डी नाच वा साकेला सिली हेर्ने तथा सहभागी हुने, झोलुङ्गे पुलको आनन्द लिने, विभिन्न छलफल तथा बैठकको आयोजना गर्ने (MICE Tourism), बिभिन्न मेला महोत्सबको आनन्द लिने जस्ता पर्यटकीय क्रियाकलापको आनन्द लिन सक्छन ।

### ४.५.३.४. गुवाबारी पर्यटकीय क्षेत्रको पर्यटन विकासका सबल पक्ष दुर्बल पक्ष, अवसर तथा सम्भावनाहरु

**सबल पक्ष**

- लेटाङ बजार र वरपरको क्षेत्र रहेकोले सहज पहुँच, पक्कि सडक तथा सार्वजनिक यातायातको सुबिधा
- सहज र स्तरीय खाने, बस्ने (Accomodation) सुबिधा उपलब्ध रहेको
- सेरोफेरोमा धेरै पर्यटकीय आकर्षणहरु भएकोले पर्यटकको बसाई अवधि लम्ब्याउन सकिने तथा प्याकेज निर्माण गर्न सकिने
- धेरै वन क्षेत्र भएकोले पर्याप पर्यटनको राम्रो सम्भावना
- बजार क्षेत्रबाट नजिकै सितल, स्वच्छ तथा मनोरम हावापानी
- कतिपय पर्यटकीय आकर्षणको डीपीआर निर्माण भईसकेको
- लेटाङ रंगशाला, कबर्ड हल लगायत अन्य खेल मैदान रहेकोले खेल पर्यटनको सम्भावना
- प्राकृतिक, धार्मिक, मनोरन्जनात्मक लगायत आकर्षणमा विविधता रहेकोले पर्यटक फरक फरक पर्यटकीय क्रियाकलापमा रमाउन सक्ने
- विभिन्न पर्यटकीय आकर्षण क्षेत्रमा विविध पर्यटकीय पूर्वाधार (Infrastructure and Aminities) हरु विकास भईरहेको
- आकर्षण क्षेत्र व्यवस्थापनका लागि संस्थागत संरचंको व्यवस्था भएको (दर्ता भएको वा नभएको)

**दुर्बल पक्ष**

- मोटर बाटो आएकोले पदमार्ग जिर्ण तथा लोप हुदै गएको
- पर्यटककिय पूर्वाधारहरु (Infrastructure and Aminities) न्युन तथा स्तरीय नभएका
- होटेल तथा लजहरु स्तरीय नभएका वा गुणस्तर कायम गर्न नसकिएको
- स्थानीय पर्यटन व्यवसायी (होटेल, खाजा घर) मा हस्पिटालिटि सम्बन्धि तालिमको कमि
- स्थानीयबसिमा पर्यटन सम्बन्धि कम चासो रहेको
- हाल पर्यटकको संख्या अन्त्यन्तै न्युन रहेको

**अवसर**

- पर्यटकीय विकासमा संघ, प्रदेश, स्थानीय सरकार तथा अन्य निकायको संग्लाग्नाता रहेकोले थप विअक्स गर्न सकिने अवसर
- सामुदायिक तथा सरकारी वन क्षेत्र पर्याप्त भएकोले पर्यटकीय गन्तब्य तथा क्रियाकलाप बाधुना सकिने
- होटेल, होमस्टे तथा चिया घर संचालन गरि स्थानीयको आर्थिक विकासमा टेवा पुर्याउन सकिने
- पर्यटकीय पूर्वाधार ( Infrastructure and Amenities) को विकास गर्ने
- प्रभावकारी पर्यटन प्रवर्द्धन वा प्रचार पसार गरि स्वदेशी, भारतीय लगायत अन्य मुलुकबाट पनि पर्यटकलाई आकर्षण गर्न सकिने
- गुवाबारी पर्यटकीय क्षेत्र र पालिका वा अन्तर पालिकाका पर्यटकीय गन्तब्य सँग अन्तरसम्बन्ध स्थापित गरि थप पर्यटक भित्र्याउन सकिने

**चुनौती**

- पर्यटन पूर्वाधार विकासमा सार्वजनिक निजी, समुदाय साझेदारी जुटाउनु (ppp model)
- स्थानीयलाई पर्यटनसँग आबद्ध गरि पर्यटनको लाभ वितरण गर्नु
- पर्यटकको सुरक्षाको ग्यारेन्टी गर्नु
- स्थानीय मौलिक परम्परा, रहनसहन, खानपानको संरक्षण गरि पर्यटनसँग जोड्नु
- पर्यटकको बसाई अवधि र औषत खर्च बढाउनु
- पर्यटकको विकास संगै वातावरण संरक्षण तथा फोहोर व्यवस्थापन गर्नु

### ४.५.३.५. योजना तथा कार्यक्रम

- गुवाबारी पर्यटन क्षेत्रको विकास, व्यवस्थापन तथा संचालनका लागि सबै क्षेत्र समेट्ने गरि एकीकृत संस्थाको व्यवस्था गर्ने
- डीपीआर भईसकेका क्षेत्रको क्षेत्रलाई प्राथमिकतामा राखी पूर्वाधार निर्माण गर्ने
- निर्माणाधीन पूर्वाधार निर्माण सम्पन्न गर्ने
- गुरुयोजना तथा डीपीआर अनुसार अन्तर संस्कृतिक संग्रहालय निर्माण गर्ने
- गन्तब्य सम्म पुग्ने पहुँच मार्गको विकास तथा स्तरोन्नति गर्ने
- महत्वपुर्ण चोक तथा दोबाटोमा पर्यटकीय साईनेज वा पर्यटकीय सूचना बोर्ड राख्ने
- सम्भाव्यताका आधारमा पिकनिक स्पट, स्विमिङ पुल निर्माण गर्ने
- विभिन्न पर्यटकीय आकर्षण जोडी पदमार्ग निर्माण तथा सौन्दर्यकरण गर्ने
- पर्यटकीय क्षेत्रमा आवश्यकता अनुसार पूर्वाधारहरु ( Infrastructure and Amenities) जस्तैः खानेपानी, सौचालय, विश्रामस्थल, भ्यू डेक, फलैचा, घेरबारा, डस्विन, फोहोर जलाउने खाल्डो, साइनेज, सूचना बोर्ड, बस पार्क/स्ट्यान्ड, प्रवेश द्वार, टिकट काउन्टर, पार्किङ, सेल्फी पोइन्ट आदिको व्यवस्थापन गर्ने

- होमस्टे संचालन गर्न स्थानीयलाई प्रोत्साहन तथा सहयोग गर्ने

### ४.५.४. वारंगी पर्यटकीय क्षेत्र

वारंगी पर्यटकीय क्षेत्र लेटाङ नगरपालिकामा पर्ने प्राकृतिक पर्यटकीय गन्तव्य हो । यस क्षेत्रमा पर्ने प्रमुख पर्यटकीय स्थलहरुमा सुके पोखरी, सत्यदेवी मन्दिर, बराजी मन्दिर, थामचुली डाँडा, टासी डुप्छेन छ्योलिङ गुम्बा, तक्छुवा झरना, नादोलुङ झरना, वन झाँक्री झरना, गुराँसेटार हुन् । यस क्षेत्रमा आउने पर्यटकले बाटोमा (On the way) पित्लुङवामा पर्ने गाईको आकार भएको ढुंगा, भुवा खोला बगर साथै गुवाबारी क्षेत्रको पनि अवलोकन गर्न सक्छन । नगरपालिकाको उच्च स्थानमा रहेको यस क्षेत्र विशेष गरि तराईको गर्मि छल्न, चिसो तथा मनोरम वातावरणमा रमाउन चाहने पर्यटकको रोजाईमा पर्ने गरेको छ ।

नेपालको जुनसुकै स्थानबाट मोरङ जिल्लामा प्रवेश गरिसकेपछि पुर्वपश्चिम राजमार्ग बाट कानेपोखरी — लेटाङ — बुधबारे — लिम्बा सडक हुदै वारंगी पुग्न सकिन्छ । त्यसैगरी मदन भण्डारी राजमार्ग बाट लेटाङ आई त्यहाँ बाट कालेबुधली सडक हुदै वारंगी क्षेत्र जान सकिन्छ । कानेपोखरी — लेटाङ — बुधबारे — लिम्बा सडक गुवाबारी सम्म कालोपत्रे छ भने अन्य खण्ड कच्ची छ । यस क्षेत्रमा हिउद महिनामा वारंगी सम्म सार्वजनिक बस चल्छ भने लेटाङ बजार सम्मबाहै महिना सार्वजनिक यातायातको सुबिधा छ ।

वारंगी क्षेत्रमा आउने पर्यटकले वारंगी मा आवासको सुबिधा र कुम्ले टारमा चिया नास्ताको सुबिधा पाउन सक्छन वारंगी क्षेत्रमा राष्ट्रिय प्रसारण लाईनको विद्युत सेवा, तथा ईन्टरनेटको सुबिधा उपलब्ध छ । यस क्षेत्रमा खानेपानीको पनि राम्रो व्यवस्था रहेको छ ।

हिमाल देखि तराईका साथै भारतका (केहि क्षेत्रहरु) दृष्यावलोकन, चिसो हावापानी, प्राकृतिक सुन्दरता, विभिन्न वनस्पति तथा जीवजन्तुको अवलोकन, मन्दिर गुम्बा जस्ता धार्मिक स्थलको दर्शन, बराजीको दर्शन, गाउँघरको मौलिक रहन सहन तथा खानपान, पदयात्रा, लगायतको आनन्द लिन सकिने यस क्षेत्रमा पर्यटकले कम्तिमा २ रात ३ दिन बिताउन सक्छन ।

### ४.५.४.१. प्रमुख पर्यटकीय आकर्षणहरु (Attractions)

#### क. सुके पोखरी

सुकेपोखरी क्षेत्र लेटाङको वारंगी स्थित एक प्रमुख गन्तव्य हो, जहाँ पहिला दुई वटा ठुला ठुला पोखरी थिए । पछी वि.सं १९९० सालको भुइँचालोले गर्दा पोखरी सुकेर सुक्खा चउरमा परिणत भए । हाल सुके पोखरीलाई प्राकृतिक रुपमानै फर्काउन नगरपालिका, वडा तथा स्थानीयहरूले संयुक्त पहल गरिरहेका छन् । सुके पोखरीको करिब २०० मिटर उत्तर तर्फ सत्यवती देवी थान रहेको छ जहाँ भेडाको आकारका २ वटा ढुंगा रहेका छन् । परापुर्व कालमा यस वनमा स्थानीयहरू भेडा चराउने गर्दथे र जंगली जनावरले प्रत्येक दिन भेडा खाईदिने वा भेडा हराउने भईर्हना थालेपछि स्थानीयहरुले सत्यदेवी मन्दिरमा आई पुज्ञ आज गरेपछि हराएका भेडा भेट्टाएको र त्यसपछी जंगली जनावरले भेडा खान पनि छोडेको भन्ने भनाई छ । आज पनि यस क्षेत्रका भेडा पालकहरु यस मन्दिरमा आस्थाका साथ पुजा आजा गर्दछन र सोचेको कुरा पुग्ने आस्था रहेको छ ।




*फोटो 35: सुकेपोखरी क्षेत्रमा स्थानीय जनप्रतिनिधि तथा अध्ययन टोलीका सदस्यहरु*

सुके पोखरी क्षेत्र पालिका केन्द्र लेटाङबाट करिब २२ कि.मि तथा वडा केन्द्र वारंगी बाट करिब ४ कि.मिकोदुरिमा अवस्थित छ । सुकेपोखरी नजिक रहेका प्रमुख वस्तीमा जौबारी, केराबारी, संगम टोल, डुढे हुन् । जहाँ तामाङ, मगर, राईको बाहुल्यता रहेको छ । यहाँ हाल सम्म कुनै पनि होटेल वा लज छैनन् । यहाँ विद्युत, खानेपानी, इन्टरनेट र मोबाइल नेटवर्क जस्ता सेवा भने उपलब्ध छन् । सुकेपोखरी क्षेत्रमा आउने पर्यटकलाई वारंगिमा खाने वस्ने सुबिधा उपलब्ध छ ।





फोटो 36: सुके पोखरी (बायाँ) र सत्यदेवी मन्दिरमा भेडाको आकार भएको ढुंगा (दायाँ)

सुकेपोखरी क्षेत्रको विकासका पोखरीको पुनर्भरण गर्ने (Recharge), वरिपरी ड्राई वाल लगाउने, सुकेपोखरी-सत्यदेवी मन्दिर जोड्न पदमार्ग (रिङ फुट ट्रेल) जस्ता कार्य भईरहेका छन् । यस क्षेत्रमा आहिले पनि तल्लो भेगबाट साथीभाई घुम्न तथा पिकनिक आउनेहरु भईरहन्छन । सुकेपोखरीमा लेटाङका साथै धनकुटाको छ नम्बर बुधबारेबाट पनि प्रयताखारू आउछन ।

यस क्षेत्रमा पुग्ने प्रमुख पहुँच मार्ग लेटाङ — वारंगी — गुराँसेटार - बुधबारे सडक हो हाल कच्ची रहेको सडकको माध्यमबाट पुग्न सकिन्छ । हिडेर यात्रा गर्ने हो भने भुवाखोला — चम्पे - पञ्चमी जौवारी हुदै सुकेपोखरी जान सकिन्छ । सार्वजनिक यातायातमा हिउँदको समयमा मात्र बस सेवा उपलब्ध छ । सुक्खा मौसममा जुनसुकै निजी सवारी साधन लान सकिन्छ ।

### ख. थामचुली डाँडा

थामचुली डाँडा लेटाङ नगरपालिकाको बडा नं ७ को बारङ्गी बजारको नजिकै उचाईमा रहेको छ । बराहजी मन्दिरबाट ठाडो उकालो करिब १.५ घण्टा जाँदा भामचुली डाँडाको शिरमा पुगिन्छ । यहाँबाट टाढा टाढाको दृष्यावलोकन र सितल जलवायूमा रम्न पाईन्छ। यहाँको प्राकृतिक स्वच्छता, उचाईको सितलपन र वरिपरीका भौगोलिक क्षेत्रहरुको सुन्दर दृष्यले बास्तवमा यो डाँडाको यात्रा साहै रमाईलो र अविस्मरणीय रहन्छ । थामचुली डाँडामा गई सुस्केरा हाल्दै दक्षिण तर्फको दृष्यावलोकन गर्दा स्वर्गको एक टुक्रामा पुगेको महसुस हुन्छ । साथै थामचुलीको यात्रा पश्चात बराहजी मन्दिर दर्शन गर्दा मन झन हलुंगो भई आगान्तुकहरुलाई अपार आनन्दको महसुस हुन्छ । थाम्चुली डाँडाबाट वरिपरिका सम्पूर्ण बस्तिहरूलाई अवलोकन गर्न सकिन्छ। थामचुली डाँडाको जग्गा सार्वजनिक स्वामित्वमा छ । यस गन्तब्यको नजिकको वस्ती र बजारहरूमा वारंगी र पित्लुन्बा डाँडा पर्दछन्, जसमा प्रमुख जातजाति लिम्बु रहेका छन् ।

वारंगीबाट गन्तव्यको दुरी ४५ मीटर र पित्लुन्बा डाँडाबाट ३० मीटर रहेको छ। यहाँ उपलब्ध सेवा सुविधाहरूमा ७ होटल, इन्टरनेट, र मोबाइल नेटवर्क छन्। गन्तब्यसम्मको सडक अवस्था हेर्दा लेटाङ-वारंगी-गुराँसेटार मार्ग पक्की र कच्ची दुबै अवस्थामा रहेको छ। सार्वजनिक यातायात मेन रोडसम्म जाने व्यवस्था गरिएको छ । डाँडामा रहेकोले खानेपानीको व्यवस्थापनमा समस्या छ, तर सम्भावित स्रोतको खोजी गर्न सकिन्छ । हाल प्रधान मन्त्रि रोजगार कार्यक्रमको सहयोगमा डाँडा सम्म पुग्न सिडी निर्माण गरिएको छ ।



फोटो 37: थामचुली डाँडा क्षेत्र (Google Earth)

### ग. बाराहजी मन्दिर

बराहजी मन्दिर, जसलाई बराहजी मन्दिर पनि भनिन्छ, लेटाङ नगरपालिकाको वडा नं ७, वारंगीमा स्थित छ। यो मन्दिर गाउँको बीचमा अग्लो र रमणीय डाँडामा अवस्थित छ। यस क्षेत्रमा वराह भगवान् आएर बास बसेको किम्वदन्ती रहेको छ, र स्थानीय बासिन्दाहरूका लागि यो स्थान एक शक्तिपीठ हो। कात्तिके पूर्णिमाको अवसरमा यहाँ भव्य मेला लाग्ने गर्दछ, जसमा मोरङ जिल्लाका साथै धनकुटा, पाँचथर, इलाम, झापा आदि जिल्लाका श्रद्धालुहरू भाकल र पूजा गर्न आउँछन्। भक्तजनहरूको आस्था अनुसार मन्दिरमा दर्शन गरेपछि उनीहरूको इच्छा पूरा हुने विश्वास रहेको छ। यो गन्तव्यको जग्गा सार्वजनिक स्वामित्वमा छ।




फोटो 38: बराहजी मन्दिर वारंगी

नजिकको वस्ती तथा बजार मंगलबारे टोल रहेको छ, जहाँ तामाङ, मगर, लिम्बु, र राई जातिका प्रमुख बासिन्दाहरू छन्। नजिकको जाँते बजारमा उपलब्ध सेवा सुविधाहरूमा ४ वटा होटल र २ वटा होमस्टे छन्, साथै इन्टरनेट र मोबाइल नेटवर्क पनि उपलब्ध छन्। यहाँका प्रमुख क्रियाकलापहरूमा दृश्यावलोकन र मन्दिरमा दर्शन गर्न समावेश छन्। कुम्लेटार-वारंगी सडकमार्ग हुँदै मन्दिरसम्म पुग्न सकिन्छ, तर हालको अवस्था कच्ची सडक

रहेको छ। पालिकाबाट गन्तव्यको दुरी १९ कि.मी. र वडाबाट २०० मिटर छ। सार्वजनिक यातायातको सुविधा यहाँ उपलब्ध छ । प्रमुख मेला कार्तिक पूर्णिमामा लाग्ने गर्दछ, जसमा करिब ५०० श्रद्धालुहरू सहभागी हुन्छन् ।

### घ. टासी डुप्छेन छयोलिङ गुम्बा

टासी डुप्छेन छयोलिङ गुम्बा धर्मावलम्बीहरूको लागि महत्वपूर्ण धार्मिक केन्द्र हो जहाँ पूजा, ध्यान, र अन्य धार्मिक क्रियाकलाप गरिन्छ । गुम्बाहरूले स्थानीय कला, संस्कृति, र परम्पराहरूको संरक्षण र प्रवर्द्धन मा महत्वपूर्ण भूमिका खेल्छन् । गुम्बामा विभिन्न धार्मिक समारोह र उत्सवहरू मनाउछन । जसले धार्मिक एकता र सामुदायिक भावना बढाउँछ । करिब २ रोपनी क्षेत्रफलमा रहेको यस गुम्बामा हाल अस्थाई गुम्बा निर्माण गरिएको छ । गुम्बामा ल्होसार, सोनाम लोसार तथा नयाँ वर्ष मेला लाग्छ । हाल गुम्बाको विकासका लागि DPR तयार भईरहेको छ ।



*फोटो 39: टासी डुप्छेन छयोलिङ गुम्बा, वारंगी*

गुम्बाको नजिकका वस्तीहरू जौवारी र केराबारी हुन्, जहाँ प्रमुख जातजाति तामाङ समुदायको बसोबास छ । गुम्बा जौवारी र केराबारीबाट ५ मिनेटको दुरीमा अवस्थित छ । गुम्बासम्मको सडक अवस्था कच्ची रहेको छ, भुवाखोला, चम्पे, पञ्चमी, जौवारी, पदमार्ग हुदै पनि गुम्बा सम्म पुग्न सकिन्छ ।

### ङ. नादोलुङ झरना

नादोलुङ झरना लेटाङ नगरपालिकाको नदोलुङमा अवस्थित रहेको छ । यो झरना पित्लुम्बाको फेदी हुँदै बग्ने चिसाङ खोलामा अनवरत रुपमा सुसाई रहन्छ । जंगलले ढाकेको अग्लो पहराबाट करिब २० मिटर उचाइमा झरिरहने सेतो पानीको छाँगाले प्रकृतिको निरन्तर यात्राको प्रतिनिधित्व गर्दछ । पित्लुम्बा बाट करिब २.५ किलोमिटर उत्तरको यात्रा गरेपछि नादोलुङ झरना पुगिन्छ । यहाँको रमणीय वातावरणले झरनाको सुन्दरतामा कसी लगाएको छ। हरपल मानिसको मन तान्ने यो झरनाको वरिपरि मानव बस्ती र पसलहरू नभएको हुँदा खानेकुराको बन्दोबस्त गरेर यात्रा गर्नु पर्ने हुन्छ। यो झरनालाई पनि पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सकिने सम्भावना प्रबल छ ।

झरनाको जग्गा सार्वजनिक स्वामित्वमा रहेको छ। झरना वरिपरि होटलहरू नभए पनि पित्लुम्बामा खाने र बस्ने सुविधा उपलब्ध छ। इन्टरनेट र मोबाइल नेटवर्क पनि राम्रो छ। यहाँका प्रमुख क्रियाकलापहरूमा दृश्यावलोकन, पौडी खेल्ने, र फोटो खिच्ने जस्ता गतिविधिहरू समावेश छन्। झरनासम्मको सडक अवस्था कच्ची रहेकोले पित्लुम्बाबाट नादोलुङसम्मको यात्रा कठिनाईपूर्ण हुन सक्छ। विशेष गरी असोज देखि बैशाखसम्म स्थानीय पर्यटकहरूको संख्या २० जनासम्म पुग्न सक्छ।

**च. ताक्चुवा झरना**

लेटाङ नगरपालिका वडा नं ७ को फुर्केटारबाट एक घण्टा पैदल यात्रा गरेपछि पुगिने ताक्चुवा झरनाको सौन्दर्य अन्य झरनाहरू भन्दा कम छैन। सुन्दर र सौम्य प्राकृतिक छटामा अवस्थित यो झरनाले मानिसको मनलाई लठ्ठ पार्न सफल हुन्छ। झरनासम्मको यात्रा पनि त्यत्तिकै मनमोहक छ, जहाँ गुवाबारीबाट उत्तर लागेपछि निरन्तर सुन्दर भौगोलिक क्षेत्रहरूको दृश्यावलोकन गर्न पाइन्छ । दैनिक जीवनका दुःखकष्टलाई केही समयको लागि भुल्न र प्रकृतिसँग रम्न यो झरनाको यात्रा लाभदायी देखिन्छ। ताक्चुवा झरनाको यात्राले लेटाङको उत्तरी भेगको बारेमा जानकारी दिने मात्र होइन, भूवा खोला र सिमानावारीको स्वच्छ वातावरणको अनुभव पनि दिलाउँछ।

दृश्यावलोकन, पौडी खेल्ने, र फोटो खिच्ने साथै भई रमाईलो गर्न यस क्षेत्रमा प्र्यतक आउछन । यहाँ वार्षिक करिब १२०० स्थानीय पर्यटक आउदछन । यहाँ सम्म पुग्ने सडक छैन, फुर्केटारबाट १५-२० मिनेट हिँडेर झरनासम्म पुग्न सकिन्छ ।

### ४.५.४.२. आवासको सुबिधा (Accomodation)

वारंगी पर्यटकीय क्षेत्रमा विद्यमान अवस्थामा पर्यटकको सुबिधाको लागि वारंगीमा ३ वटा होटेल (आवासको सुबिधा सहित) छन् भने कुम्ले टारमा ४ वटा चियाखाजा पसल छन् । पर्यटक सवारी साधनमा (Vehicle) जाने हो भने सिधै वारंगी पुगेर खाजा वा खाना खान सक्छन । पैदल जान चाहने पर्यटकले लेटाङ वा गुवाबारीमा बिहानको चिया नास्ता (Breakfast) खाएर आफ्नो यात्रा सुरु गर्न सक्छन । पर्यटकले दिनको खाना कुम्लेटार वा वारंगीमा पुगेर खाना खान सक्छन । खाना सहित बास बस्ने सुबिधा भने वारंगीमा मात्र उपलब्ध छ ।

यस क्षेत्रमा आउने पर्यटकले उनीहरुको इच्छा अनुसार स्थानीय परिकार कोदो मकैको- ढिंडो, सिस्नो, मकैको भात, गुन्द्रुक, साग, निगुरो, लोकल कुखुरा तथा खसीकोको मासु, स्थानीय सागसब्जी, लोकल पेय पदार्थ लगायत स्थानीय परिकारको स्वाद लिन सक्छन । साथै होमस्टेमा (भविष्यमा संचालन पछी) वाचिपा, सार्गेम्बा (मेखे) तोङबा जस्ता स्थानीय मौलिक परिकारहरु पनि खुवाउन सकिन्छ ।

### ४.५.४.३. पर्यटकीय पूर्वाधार ( Infrastructure and Aminities)

वारंगी पर्यटकीय क्षेत्रमा जाने सडक कानेपोखरी — लेटाङ — बुधबारे —लिम्ब सडकको स्तरोन्नतिको कार्य प्रत्येक वर्ष भईरहेको छ, यो सडकले धनकुटा तथा पाँचथर जिल्लालाई पनि जोड्ने लेटाङ सँग जोड्छ । सुके पोखरीको पुनर्भरण (Recharge ), पोखरी वरपर ड्राई वालको कम्पाउण्ड, खानेपानीको व्यवस्था ढुंगा छापेर पदमार्ग तथा चौतारीको निर्माण भयेको छ । त्यसैगरी बाराहजी मन्दिरसम्म जाने सिढी निर्माण, थामचुली सम्म जाने बाटो निर्माण जस्ता पूर्वाधार निर्माण भएका छन् । यस बाहेक यस क्षेत्रमा कुनै पर्यटकीय पूर्वाधार निर्माण भएका छैनन् । यस क्षेत्रको पूर्वाधार विकासमा हाल सम्म नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार (प्रधानमन्त्री रोजगार कार्यक्रम) तथा स्थानीयहरुको लगानी तथा सहभागिता रहदै आएको छ ।

### ४.५.४.४. पर्यटकीय क्रियाकलाप (Activites)

वारंगी पर्यटकीय क्षेत्रमा चिसो मौसम तथा मनोरम वातावरणको आनन्द लिने, एकै स्थानबाट हिमाल देखि तराई सम्मको दृष्यावलोकन गर्ने, बनभोज खाने, लामो वा छोटो दुरीको पदयात्रा गर्ने (Trekking/Hiking) गर्ने, झरना अवलोकन गर्ने, मन्दिर तथा गुम्बाको अवलोकन तथा दर्शन गर्ने, विभिन्न वनस्पति तथा बन्यजन्तुको अवलोकन गर्ने, बनभोज (Picnic) खाने, फोटो तथा भिडियो खिच्ने, खेल प्रतियोगिता हेर्ने जस्ता पर्यटकीय क्रियाकलापको आनन्द लिइरहेका छन् भने थप पर्यटकीय क्रियाकलाप संचालन गरि पर्यटकको संख्या र बसाई अवधि लम्ब्याउन सकिने सम्भावना छ ।

### ४.५.४.५. वारंगी पर्यटकीय क्षेत्रको पर्यटन विकासका सबल पक्ष दुर्बल पक्ष, अवसर तथा सम्भावनाहरु

| | |
|---|---|
| **सबल पक्ष** | • सुकेपोखरी, सत्यदेवी मन्दिर, लालिगुराँस, सुनाखरी, झरनाहरू जस्तै ताक्चुवा र नादोलुङ लगायत पर्यटकीय आकर्शको उपस्थिति<br>• सत्यदेवी मन्दिर , गुम्बा, बाराजी मन्दिरजस्ता धार्मिक स्थलहरूले सांस्कृतिक पर्यटनलाई आकर्षित गर्न सकिने<br>• जैविक विविधतामा धनि क्षेत्र<br>• सार्वजनिक स्वामित्वका जग्गा रहेकोले विकासको लागि सहज बनाउँछ |
| **दुर्बल पक्ष** | • कच्ची सडक, विश्रामस्थल, सौचालय, घेराबार, भ्यु डेक, र चौतारीहरू जस्ता पूर्वाधारको कमि<br>• सबै आकर्षण क्षेतामा खानेपानीको व्यवस्था नभएको र भुगोलिकथिनईका कारण खानेपानीको व्यवस्थापन गर्न असहज<br>• होटल, रेष्टुरेन्ट लगायत आधारभूत सुविधाहरूको सीमितता |
| **अवसर** | • पर्यटकीय गन्तब्य तथा पूर्वाधार तथा सेवा सुविधाको विकास र प्रवर्द्धन मार्फत पर्यटक भित्र्युना सकिने<br>• पिक्निक स्पोट, क्याम्पिंग, जंगल सफारी, र होमस्टे कार्यक्रमहरूको विस्तार<br>• वनस्पति र जीवहरूको संरक्षण<br>• पर्यटन व्यवसाय मार्फत स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना गर्न सकिने |
| **चुनौती** | • पर्यटकको संख्या तथा बसाई अवधि बढाउनु<br>• पर्यटन गतिविधि र वातावरणीय बीच सन्तुलन कायम राख्नु |

### ४.५.४.६. योजना तथा कार्यक्रम

- डीपीआर भईसकेका क्षेत्रको क्षेत्रलाई प्राथमिकतामा राखी पूर्वाधार निर्माण गर्ने
- निर्माणाधीन पूर्वाधार निर्माण सम्पन्न गर्ने
- गुरुयोजना तथा डीपीआर अनुसार अन्तर संस्कृतिक संग्रहालय निर्माण गर्ने
- गन्तब्य सम्म पुग्ने पहुँच मार्गको विकास तथा स्तरोन्नति गर्ने

- व्यवस्थापन तथा संचालनका लागि सबै क्षेत्र समेट्ने गरि एकीकृत संस्थाको व्यवस्था गर्ने
- महत्वपुर्ण चोक तथा दोबाटोमा पर्यटकीय साईनेज वा पर्यटकीय सूचना बोर्ड राख्ने
- सम्भाव्यताका आधारमा पिकनिक स्पट, स्विमिङ पुल निर्माण गर्ने
- विभिन्न पर्यटकीय आकर्षण जोडी पदमार्ग निर्माण तथा सौन्दर्यकरण गर्ने
- पर्यटकीय क्षेत्रमा आवश्यकता अनुसार पूर्वाधारहरु ( Infrastructure and Amenities) जस्तैः खानेपानी, सौचालय, विश्रामस्थल, भ्यू डेक, फलैचा, घेरबारा, डस्विन, फोहोर जलाउने खाल्डो, साइनेज, सूचना बोर्ड, बस पार्क/स्टयान्ड, प्रवेश द्वार, टिकट काउन्टर, पार्किङ, सेल्फी पोइन्ट आदिको व्यवस्थापन गर्ने
- होमस्टे संचालन गर्न स्थानीयलाई प्रोत्साहन तथा सहयोग गर्ने

### ४.५.५. समला पर्यटकीय क्षेत्र

समला डाँडा लेटाङ नगरपालिकाको उच्च स्थानमा अवस्थित औता गाउँ हो । यहाँबाट तराईका समथर फाँट, चारकोशे झाडीको हरियाली दृश्यावलोकन गर्न सकिन्छ । यस उच्च भूभागमा रहेको हुँदा भूगोल अति रमणीय र चिसो जलवायू भएको हुँदा गर्मीको समयमा दक्षिण तर्फका समथर भूभागमा बस्ने मानिसहरू गर्मी छल्न यहाँको भ्रमण गर्न आउँछन् ।




*फोटो 40: समला पर्यटकीय क्षेत्र*

यस डाँडाबाट लेटाङ नगरपालिकाको दक्षिण भेग र मिक्लाजुङ गाउँपालिकाको अधिकांश क्षेत्रहरूको समेत दृश्यावलोकन गर्न सकिन्छ । साथै यहाँ क्याम्पिङ गर्ने, चण्डी मेला, साकेला र उभौली सांस्कृतिक मेला लाग्छ । यी समयमा पर्यटकको उपस्थती बाक्लो रहन्छ । हाल यहाँ स्थानीय तथा आन्तरिक पर्यटक पर्यटक गरि वार्षिक करिब १००० को संख्यामा पर्यटकहरु आउदछन ।

समला गाउँनै यस क्षेत्रको प्रमुख वस्ती हो । यहाँका प्रमुख जातजातिहरू तामाङ, मगर, लिम्बु, राई लगायत छन् । यस क्षेत्रमा खानेपानी, विद्युत र ईन्टरनेटको सुबिधा उपलब्ध छ ।

#### ४.५.५.१. आवासको सुबिधा (Accomodation)

समला पर्यटकीय क्षेत्रमा खाजा तथा खानाको सुबिधाको लागि समलामा १ वटा मात्र होटेल । जहाँ पर्यटकले आवासको सुविधाका प्राप्त गर्न सक्छन । समला क्षेत्रमा होमस्टेको पनि राम्रो सम्भावना छ भने स्थानीयहरू पनि याक लागि पहल गरिरहेका छन् ।

होस्टेमा पर्यटकले स्थानीय परिकार कोदो मकैको- ढिंडो, सिस्नो, मकैको भात, गुन्द्रुक, साग, निगुरो, लोकल कुखुरा तथा खसीको मासु सुन्तला (सिजनमा), कोदो तथा केराको लोकल रक्सि लगायत स्थानीय परिकारहरुले स्वागत गर्न सकिन्छ ।

#### ४.५.५.२. पर्यटकीय पुर्वाधारहरु (Infrastructure and Amenities

समला पुग्ने प्रमुख सडकमार्ग लेटाङ — याङसिला — धापगाउँ — ज्यामिरे - समला सडक हो हाल लेयो सडक कालोपत्रे गर्ने कार्य भईरहेको छ। । भने पदमार्ग समला चोक – वरमाछी -एनटीसी टावर-वाचना कच्ची अवस्थामा छ । खानेपानीको व्यवस्था भए पनि हाल जिर्ण अवस्थामा छ ।

#### ४.५.५.३. पर्यटकीय क्रियाकलाप (Activities)

समला क्षेत्रमा चिसो मौसम हुने भएकोले तराई क्षेत्रबाट पर्यटक हरु आउदछन तथा मनोरम वातावरणको आनन्द लिने, क्याम्पिङ गर्ने , चण्डी मेला, साकेला र उभौली सांस्कृतिक मेलामा सहभागी भई रमाईलो गर्ने, पदयात्रा गर्ने, बनभोज (Picnic ) खाने, फोटो तथा भिडियो खिच्ने, बिभिन्न जातीय मौलिक नाच हेर्ने जस्ता पर्यटकीय क्रियाकलापको आनन्द लिन सक्छन ।

### ४.५.५.४. समला पर्यटकीय क्षेत्रको पर्यटन विकासका सबल पक्ष दुर्बल पक्ष, अवसर तथा सम्भावनाहरु

**सबल पक्ष**
- समला डाँडाबाट तराईका समथर फाँट, चारकोशे झाडी, र मिक्लाजुङ पालिका गाउँहरूको मनमोहक दृश्यावलोकन गर्न सकिने
- तामाङ, मगर, लिम्बु, राई जस्ता जातजातिको बसोबास रहेकोले सांस्कृतिक पर्यटकहरूलाई आकर्षित गर्दछ
- उच्च स्थानमा रहेकोले गर्मीको समयमा चिसो वातावरणले पर्यटकहरूलाई आकर्षित गर्दछ
- चण्डी मेला, साकेला, उभौली जस्ता पर्वहरूको आयोजना, जसले पर्यटकहरूलाई सांस्कृतिक अनुभव दिन्छ

**दुर्बल पक्ष**
- पर्यटकीय पूर्वाधार तथ् अस्व सुबिधाको विकस नभएको
- समला डाँडाको पर्यटकिय महत्वको पर्याप्त प्रचार प्रसार नहुनु

**अवसर**
- लेटाङ — याङसिला — धापगाउँ - ज्यामिरे - समला सडकमा कालोपत्रे भईरहेकोले पहुँच राम्रो हुने
- पदमार्गको स्तरोन्नति गरि पदयात्राको प्रवर्द्धन गर्ने
- होमस्टे संचालन गर्न सकिने
- विभिन्न पर्यटकीय क्रियाकलाप संचालन गरि पर्यटक भित्र्याउन सकिने

**चुनौती**
- होटल, रेस्टुरेन्ट, इन्टरनेट जस्ता सुविधाहरूको अभाव
- पर्यटनको वृद्धि संगै सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण गर्नु

### ४.५.५.५. योजना तथा कार्यक्रम

- समला क्षेत्रलाई हिल स्टेसनको रुपमा विकास गर्ने
- पहुँच मार्ग तथा पदमार्ग स्तरोन्नति तथा व्यवस्थापन
- सौन्दर्यकरणका लागि वृक्षारोपण गर्ने
- आवश्यक स्थानमा सडक बत्तिको व्यव्स्था
- स्थानीयलाई होमस्टे तथा चियाघर संचालन गर्न प्रोत्साहन तथा सहयोग गर्ने
- पिकनिक स्पट निर्माण

### ४.५.६. जाँते पर्यटकीय क्षेत्र

जाँते पर्यटकीय क्षेत्र लेटाङ नगरपालिकामा पर्ने प्रमुख पर्यटकीय क्षेत्र हो । यस क्षेत्रमा पर्ने प्रमुख पर्यटकीय स्थलहरुमा जाँते भ्यु टावर तथा किराँत राई सांस्कृतिक संग्रहालय, किराँतेश्वर शिवालय मन्दिर, तेली खोला झोलुंगे पुल तथा पिकनिक स्थल, कोलुङ्ग झरना, किराँत हाङसाम थेवा युमा माङहिम, पाथिभरा मन्दिर, लोपोन्मुख पशुपंक्षी तथा धार्मिक पर्यटन क्षेत्र, विशाल जाँतो, शिवालय मन्दिर हुन् । स्वच्छ वातावरण, जैविक विविधता, दृष्याव्लोकन तथा छोटो दुरीमा सहरी भिडभाड बाट टाढा शान्त वातावरणमा रमाउनचाहने पर्यटकका लागि यो क्षेत्र अत्यन्तै उपयोगी हुन्छ ।

नेपालको जुनसुकै स्थानबाट मोरङ जिल्लामा प्रवेश गरिसके पछि पुर्वपश्चिम राजमार्ग बाट पथरी — जाँते - ज्यामिरे सडक हुदै जाँते पर्यटकीय क्षेत्रमा पुग्न सकिन्छ । त्यसैगरी मदन भण्डारी राजमार्ग बाट पनि यो क्षेत्रमा जान सकिन्छ । जाँते सम्म आउने सडकहरु कालोपत्रे भईसकेका छन् । जाँतेको तल्लो भेग सम्म सार्वजनिक यातायातको सुबिधा छ भने माथिल्लो भेगमा भने सुक्खा मौसममा मात्र यातायात संचालन हुन्छ ।

आवासको सुबिधाका लागि जाँते बजारमा २ वटा सामान्य होटेल संचालनमा छन् भने खाजा खानाको मात्र सुबिधभायेका ४ वटा होटेल छन् । जाँते पर्यटकीय क्षेत्रको माथिल्लो भेगमा भने सामान्य चिया घर बाहेक होटेलको सुबिधा छैन । जाँते क्षेत्रमा खानेपानी, राष्ट्रिय प्रसारण लाईनको विद्युत सेवा, ईन्टरनेट सेवा उपलब्ध छ।

खोलाको बगर, झरना, भ्यु टावर बाट जाँते तथा झापा मोरङका धेरै भूभागको दृष्यावलोकन, माथिल्लो भेगमा चिसो हावापानी, प्राकृतिक सुन्दरता, विभिन्न वनस्पति, जीवजन्तुको तथा चराचुरुंगीको अवलोकन, मन्दिर गुम्बा जस्ता धार्मिक स्थलको दर्शन, बिभिन्न समयमा जातीय कला संस्कृतिको अवलोकन, गाउँघरको मौलिक रहन सहन तथा खानपान, पदयात्रा लगायतको आनन्द लिन सकिने यस क्षेत्रमा पर्यटकले कम्तिमा १ रात २ दिन बिताउन सक्छन ।

### ४.५.६.१. प्रमुख पर्यटकीय आकर्षणहरु (Attractions)

**क. जाँते भ्यु टावर तथा किराँत राई संस्कृतिक संग्रहालय**

जाँते भ्यु टावर तथा किराँतराई सांस्कृतिक संग्रहालय सामुदायिक भवनले किराँतराई समुदायको सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्छ। यस संग्रहालयले किराँतराई समुदायको इतिहास, परम्परा, र जीवनशैलीको अध्ययन र अनुसन्धानको लागि महत्त्वपूर्ण स्रोत प्रदान गर्छ, जसबाट विद्यार्थी, शोधकर्ता, र पर्यटकहरूले धेरै कुरा सिक्न सक्छन्। भ्यु टावरले पर्यटकहरूलाई आकर्षित गर्छ र वरिपरिको सुन्दर दृश्यावलोकन गर्न मौका दिन्छ। सामुदायिक भवनले स्थानीय समुदायलाई विभिन्न कार्यक्रम, बैठक, र समारोहको लागि स्थान उपलब्ध गराउँदै सामुदायिक एकता र सहकार्यलाई बढावा दिन्छ। यसले स्थानीय समुदायलाई एकत्रित हुन र आफ्नो सांस्कृतिक गतिविधिहरू मनाउन मद्दत गर्छ। यसरी, जाँते भ्यु टावर तथा किराँतराई सांस्कृतिक संग्रहालय सामुदायिक भवनले सांस्कृतिक संरक्षण, शिक्षा, पर्यटन, र सामुदायिक एकताको दृष्टिकोणले महत्त्वपूर्ण भूमिका खेल्छ। यस गन्तव्यको समिती रहेको छ र यसको स्वामित्वको जग्गाको क्षेत्रफल ७ हेक्टर छ, जुन सार्वजनिक स्वामित्वमा छ ।



*फोटो 41: जाँते भ्यू टावर तथा किराँत राई सांस्कृतिक संग्राहलय तथा सामुदायिक भवन*

जाँते बजार नजिकैको वस्तीमा प्रमुख जातजाति राई समुदायका छन् । वस्ती र गन्तव्यको दुरी ६०० मिटर छ । यहाँ दुई वटा होटल, इन्टरनेट र मोबाइल नेटवर्क सुविधा उपलब्ध छन् । यहाँ दृश्यावलोकन र फोटो खिच्ने गतिविधिहरू चलिरहन्छन्, जसमा स्थानीय र आन्तरिक पर्यटकहरूको सहभागिता हुन्छ। गन्तव्यसम्मको सडक अवस्था कच्ची छ, जसमा जाँते-ज्यामिरे सडक मार्ग पर्दछ। पैदल मार्गले जाँतेदेखि ज्यामिरेसम्मको दुरी ५ किलोमिटर छ, जसमा वडा कार्यालयबाट ६०० मिटरको दुरी पर्दछ। सार्वजनिक यातायातको सुविधा रहेको छ। खानेपानीको सम्भावित स्रोत गडेमे खोला हो, जुन २.५ किलोमिटरको दुरीमा रहेको छ, र यसको लागत अनुमान ३,००,००० रुपैयाँ छ। गन्तव्यमा प्रमुख मेला पर्वहरू उधौली मंसिरमा र उभौली जेष्ठ मा मनाइन्छ, जसमा ५००० जना जति पर्यटकहरू आउने गर्छन्। यहाँको पूर्वाधारको अवस्थालाई हेर्दा विश्रामस्थल र चौतारीको अभाव छ, तर व्यवस्थित सौचालय छ। हालसम्म पूर्वाधार विकासमा नगरपालिका सहयोगी निकाय रहेको छ।

दैनिकी समयमा यहाँ स्थानीय र आन्तरिक पर्यटकहरूको संख्या १००००० जना छ। पर्यटन विकासका लागि थप गर्नुपर्ने कार्यहरूमा संग्रहालयमा किराँतराईहरूको पुख्यौंली सरसामानहरूको आवश्यकता, खानेपानीको व्यवस्था, साकेला सिल्लीको लागि आवश्यक मैदान, र पार्किङ स्थल निर्माण गर्नुपर्ने सुझावहरू छन्।

### ख. किराँतेश्वर शिवालय मन्दिर

किराँतेश्वर शिवालय मन्दिर हिन्दू धर्मावलम्बीहरूको लागि महत्वपूर्ण धार्मिक स्थल हो, जहाँ भगवान शिवको पूजा गरिन्छ। यो मन्दिर विशेष गरी शिवरात्रिमा भक्तजनहरूको ठूलो आकर्षणको केन्द्र बन्ने गर्छ। धार्मिक महत्वका साथै, मन्दिरले स्थानीय संस्कृतिको संरक्षण र प्रवर्द्धन मा पनि महत्वपूर्ण भूमिका खेल्छ, जहाँ विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिन्छ। साथै, यो मन्दिर पर्यटकहरूको लागि आकर्षणको केन्द्र हो, जसले स्थानीय अर्थतन्त्रमा टेवा पुर्‍याउँछ। शान्त र पवित्र वातावरणले भक्तजनहरूलाई ध्यान र पूजा गर्न उपयुक्त स्थान प्रदान गर्छ। मन्दिर वरिपरिको प्राकृतिक सौन्दर्य, हरियाली र सुन्दर दृश्यले पनि यसलाई विशेष बनाएको छ। किराँतेश्वर शिवालय मन्दिरको समिति छ र यो समिति दर्ता गरिएको छ। मन्दिरको स्वामित्वको जग्गाको क्षेत्रफल १३ रोपनी छ, जुन सार्वजनिक स्वामित्वमा छ।





*फोटो 42: श्री किराँतेश्वर शिवालय मन्दिर, जाँते*

मन्दिर नजिकको वस्ती र बजार जाँते बजारमा प्रमुख जातजातिहरू तामाङ, मगर, लिम्बु, राई, खस आर्य, दलित आदि छन्। वस्ती र मन्दिरको दुरी १०० मीटर छ। यहाँ १५ वटा होटल, इन्टरनेट र मोबाइल नेटवर्क सुविधा उपलब्ध छन्। मन्दिरमा दृश्यावलोकन र दर्शन गर्ने गतिविधिहरू प्रमुख छन् र वार्षिक रूपमा १५०० पर्यटकहरूले यहाँको भ्रमण गर्छन्। गन्तव्यसम्मको सडक अवस्था पक्की छ, जसमा जाँते बजार-डाँडा गाउँ सडक मार्ग पर्दछ। पालिका कार्यालयबाट मन्दिरसम्मको दुरी ५ किलोमिटर र वडा कार्यालयबाट ३०० मिटर छ। सार्वजनिक यातायातको सुविधा उपलब्ध छ। खानेपानीको व्यवस्था छ, तर हालको अवस्था अव्यवस्थित छ। प्रमुख मेला पर्व शिवरात्री फाल्गुन महिनामा मनाइन्छ, जसमा १००० पर्यटकहरू आउने गर्छन्।

मन्दिरको पूर्वाधारको अवस्थालाई हेर्दा विश्रामस्थल, सौचालय, घेराबार, भ्यु डेक र चौतारीको अभाव छ। यहाँ स्थानीय पर्यटकहरूको संख्या १०००, आन्तरिक पर्यटकहरूको संख्या ३०००, र बाह्य पर्यटकहरूको संख्या ४००० छ। पर्यटन

विकासका लागि मन्दिरलाई व्यवस्थित गर्न र पूर्वाधार विकास गर्न आवश्यक छ, जसका लागि DPR निर्माण गरेर योजनाहरू लागू गर्नुपर्ने सुझाव छ।

### ग. तेलिखोला पिकनिक स्पट

तेलीखोला पिकनिक स्पोट तेलीखोला स्थानमा स्थित एक लोकप्रिय पर्यटकीय गन्तव्य हो, जसले स्थानीय पर्यटकहरूलाई आकर्षित गर्दछ। यस गन्तव्यको प्राकृतिक सौन्दर्य अद्वितीय छ, जसमा हरियाली, स्वच्छ पानी, र शान्त वातावरणले पर्यटकहरूलाई आकर्षित गर्छ। तेलीखोला पिकनिक स्पोटले मानिसहरूलाई प्रकृतिसँग नजिक हुन, शान्ति अनुभव गर्न, र आफ्नो प्रियजनहरूसँग रमाइलो समय बिताउन मद्दत गर्छ। यो जग्गा चार रोपनीको क्षेत्रमा फैलिएको छ र यसको स्वामित्व सार्वजनिक छ। नजिकको जाँते बजारमा सेवा सुविधाहरू उपलब्ध छन्, जसमा १५ होटलहरू, इन्टरनेट र मोबाइल नेटवर्क पनि सक्रिय छ। गन्तव्य र वस्तीको दुरी ५०० मिटर मात्र रहेको छ। यहाँको प्रमुख क्रियाकलापहरूमा दृश्यावलोकन गर्ने, फोटो खिच्ने र आफ्नो परिवारहरु संग पिक्निक खाने गरेका छन्। सार्वजनिक यातायातको सुविधा यहाँ उपलब्ध छैन र खानेपानीको व्यवस्था पनि अभावमा छ। यहाँ टेक्राहा मेला फाल्गुनमा मनाइन्छ, जसमा प्रतिदिन करिब १००० पर्यटकहरू आउने गर्छन्।



*फोटो 43: तेली खोला पिकनिक स्पट*



*फोटो 44: लेटाङ र मिक्लाजुङ जोड्ने तेली खोला झोलुङ्गे पुल*

तेलीखोला पिकनिक स्पोटको पूर्वाधार विश्रामस्थल, सौचालय, घेराबार, भ्यु डेक, र चौतारीको अभाव छ। यस गन्तव्यमा स्थानीय पर्यटकहरूको संख्या २०००, आन्तरिक पर्यटकहरूको संख्या २५००, र बाह्य पर्यटकहरूको संख्या १००० छ, विशेष गरी मंसीरदेखि बैशाखसम्म समयमा पर्यटन विकास गर्न सकिन्छ। यसमा तेली खोलामा वर्षातको समयमा बाढीको समस्या गम्भीर रहेको छ र यसको नियंत्रणका लागि विभिन्न उपायहरू अपनाउन सकिन्छ। बाढी नियंत्रण बाँधहरू निर्माण गरेर पानीको बहावलाई व्यवस्थापन गर्न सकिन्छ, जसले बाढीको जोखिम कम गर्छ। खोलाको किनारमा बलियो तटबन्धहरू निर्माण र नियमित मर्मत गरेर बाढीको पानी गाउँ र शहरमा पस्नबाट रोक्न सकिन्छ। तेलीखोला पिकनिक स्पोटको विकासका लागि पिक्निक स्पोटको समिति गठन गर्न अन्तर्क्रम हुन्छ, जसले पिक्निक र घुम्न आउने पर्यटकहरूलाई सजिलो बनाउँछ।

### घ. कोलुङ्ग झरना

कोलुङ्ग झरना, लेटाङ-८, पर्यटनको दृष्टिकोणले प्रमुख आकर्षण हो, जसले पर्यटकहरूलाई आफ्नो सुन्दरता र शान्त वातावरणले आकर्षित गर्छ । जाँति बजारबाट हिँडेर जाने हो भने करिब ३ घण्टा लाग्दछ । यस झरना तेली खोला तरेर लिङ्गेको बाटो हुँदै जानु पर्दछ । कोलुङ्ग झरनाको प्राकृतिक सौन्दर्य अद्वितीय छ, पहाडहरुबाट झर्ने पानीको आवाज र वरिपरिको हरियालीले सुन्दर दृश्य प्रस्तुत गर्छ। झरनाको आसपासको वातावरण शीतल र ताजा हुन्छ, जसले गर्मीमा मानिसहरूलाई आरामदायी अनुभव प्रदान गर्छ। झरनाको वरिपरि पाइने वनस्पति र जीवजन्तुहरूले जैविक विविधताको संरक्षणमा भूमिका खेल्छन्। पर्यटकहरू यहाँ पौडी खेल्न र पिकनिक खानको लागि आउने गर्छन्।



फोटो 45: कुलुङ झरना

कोलुङ्ग झरनाको नजिकैको वस्ती तथा बजार लालझोडा हो, जहाँ प्रमुख जातजाति राई समुदायका छन्। झरनाबाट वस्तीको दुरी ३ किलोमिटर छ। यहाँ दृश्यावलोकन, पौडी खेल्ने, र फोटो खिच्ने जस्ता गतिविधिहरू प्रमुख छन् र प्रतिदिन करिब ६० जना पर्यटकहरूले यहाँको भ्रमण गर्छन्। गन्तव्यसम्मको सडक अवस्था कच्ची छ, जसमा मदन भण्डारी राज मार्ग- सामलिङ्ग- तेली खोला मार्ग पर्दछ। पालिका कार्यालयबाट झरनासम्मको दुरी १२ कि.मी. र वडा कार्यालयबाट ६ कि.मी. छ। सार्वजनिक यातायातको सुविधा उपलब्ध छैन। खानेपानीको व्यवस्था छ, तर हालको अवस्था अव्यवस्थित छ, पानीको स्रोत जरुवा पानी हो। प्रमुख मेला पर्व उभौली बैशाख पुर्णिमामा मनाइन्छ, जसमा प्रतिदिन करिब ६० जना पर्यटकहरू आउने गर्छन्।

झरनाको पूर्वाधार अवस्थालाई हेर्दा विश्रामस्थल, सौचालय, घेराबार, भ्यु डेक र चौतारीको अभाव छ। यहाँ स्थानीय पर्यटकहरूको संख्या ५०००, आन्तरिक पर्यटकहरूको संख्या १००००, र बाह्य पर्यटकहरूको संख्या ५००० छ, विशेष गरी बिहानको ८ बजेबाट आउने क्रम जारी रहन्छ। पर्यटन विकासका लागि यहाँ होमस्टे बनाउन, सौचालय निर्माण गर्न,

पिकनिक स्पोट व्यवस्थित गर्न, सडक मार्ग सुधार गर्न, र फोहोर व्यवस्थापनको आवश्यकता छ। यसरी, कोलुङ्ग झरनालाई व्यवस्थित र पर्यटकीय आकर्षणको केन्द्र बनाउने सम्भावना प्रबल छ।

### ङ. किराँत माङसाम थेवा युमा माङहिम

किराँतमाङसाम थेवा युमा माङहिम किराँतधर्मावलम्बीहरूको लागि एक महत्वपूर्ण धार्मिक स्थल हो। यहाँ किराँतधर्मका प्रमुख देवी-देवता, विशेष गरी माङ (परमेश्वर) र युमा (मातृ देवी) को पूजा गरिन्छ। यो स्थल आध्यात्मिक शान्ति र ध्यानका लागि उपयुक्त मानिन्छ, जहाँ ध्यान र पूजा गर्नाले मानिसहरूलाई मानसिक शान्ति र आध्यात्मिक आनन्द प्राप्त हुन्छ। किराँतमाङसाम थेवा युमा माङहिमले किराँतसमुदायको सांस्कृतिक र धार्मिक परम्पराहरूलाई जगेर्ना गर्न महत्वपूर्ण भूमिका खेल्छ। यहाँ विभिन्न धार्मिक अनुष्ठान र सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिन्छन्, जसले समुदायलाई एकत्रित हुन र आपसी सम्बन्ध सुधार्न मद्दत गर्छ। प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस स्थलले धार्मिक, सांस्कृतिक, र सामाजिक दृष्टिले महत्त्वपूर्ण स्थलको रूपमा आफूलाई स्थापित गरेको छ, जसको पवित्रता र धार्मिक अनुष्ठानहरूले यसलाई किराँतधर्मावलम्बीहरूका लागि एक प्रमुख आस्थाको केन्द्र बनाएको छ। गन्तव्यको व्यवस्थापन समिति छ र यसले स्थलको संरक्षण तथा व्यवस्थापन गर्दै आएको छ।

नजिकको वस्ती तथा बजारमा जाँते मंगलबारे बजार पर्दछ, जहाँ तामाङ, मगर, लिम्बु, राई, ब्रामण, क्षत्री, थारु, धिमाल, सुनुवार, र अन्य जातजातिका मानिसहरू बसोबास गर्छन्। खानेपानीको राम्रो व्यवस्था छ, जुन नगरपालिका र सहयोगी दाताहरूको सहयोगबाट सम्भव भएको हो। प्रमुख मेला पर्वहरूमा उधौली (मंसीर) र उभौली (जेष्ठ) पर्दछन्, जसमा दुबै पर्वहरूमा लगभग १००० जना पर्यटकहरू आउने गर्दछन्। पूर्वाधारको अवस्थामा विश्रामस्थल, सौचालय, र घेराबार राम्रो अवस्थामा छन्। भ्यु डेक र चौतारी भने हाल छैनन्। नगरपालिका, वडा र अन्य सहयोगी हातहरूको सहयोगले पूर्वाधार विकासमा योगदान पुर्याएको छ। विशेषगरी उधौली र उभौली पर्वको बेलामा, स्थानीय पर्यटकहरूको संख्या लगभग १००० जना रहने गरेको छ। गन्तव्यमा पर्यटन विकासका लागि थप गर्नुपर्ने कार्यहरूमा मन्दिर र भवन अगाडि गेट निर्माण, झ्याल ढोका र रंगरोगन जस्ता कार्यहरू गर्नुपर्ने सुझावहरू रहेका छन्।

### च. शिवालय मन्दिर

शिवालय मन्दिर, मदनपुरमा स्थित, हिन्दू धर्मावलम्बीहरूको लागि अत्यन्तै महत्वपूर्ण धार्मिक स्थल हो, जहाँ भगवान शिवको पूजा-अर्चना गरिन्छ। मन्दिरको धार्मिक महत्वले भक्तजनहरूलाई महाशिवरात्रि र तीजको बेलामा विशेष रूपमा आकर्षित गर्छ। शिवालय मन्दिर मदन भण्डारी राजमार्गबाट सजिलै देख्न सकिन्छ। मन्दिरमा एउटा सामुहिक भवन पनि रहेको छ। मन्दिरको समिति दर्ता भइसकेको छ, र मन्दिर सार्वजनिक ६ कठ्ठा जग्गामा अवस्थित छ।

नजिकैका वस्तीहरू मदन चोक र स्वर्गद्वारी टोल हुन्, जहाँ प्रमुख जातजाति ब्रामण, राई, लिम्बु, र मगर रहेका छन्। मदन चोकबाट मन्दिरको दुरी २ मिनेट र स्वर्गद्वारी टोलबाट १ मिनेट मात्र छ। उपलब्ध सेवा सुविधाहरू मदन चोकमा ४ वटा होटल र स्वर्गद्वारी टोलमा २ वटा होमस्टे समावेश छन्, साथै इन्टरनेट र मोबाइल नेटवर्क पनि उपलब्ध छन्।

गन्तव्यसम्म पुग्न हुलाकी मार्ग र मदन भण्डारी मार्ग हुँदै पक्की सडकको प्रयोग गर्न सकिन्छ। पालिकाबाट गन्तव्यको दुरी ३ कि.मी. र वडा बाट १ कि.मी. छ। मदनपुरबाट पदमार्ग पनि उपलब्ध छ। सार्वजनिक यातायात संचालन भएको छ। खानेपानीको राम्रो व्यवस्था छ, जसको स्रोत तेली खोला हो। प्रमुख मेला शिवरात्री र हरितालिका तीज हुन्, जसमा क्रमशः ५०० र २५०० भक्तजनहरू सहभागी हुन्छन्। पूर्वाधारमा विश्रामस्थलको अभाव छ, तर सौचालय राम्रो अवस्थामा छ। घेराबार, भ्यु डेक, र चौतारीको अभाव छ। पूर्वाधार विकासमा नगरपालिकाको सहयोग रहेको छ।



फोटो 46: शिवालय मन्दिर, वडा ९

वर्तमानमा शिवालय मन्दिरको जीर्णावस्थामा रहेको हुँदा त्यसलाई पूर्ण संरचना गर्नु पर्ने हुन्छ। शिवको ठूलो मूर्ति स्थापना गर्ने योजना छ, जसका लागि वडा र नगरपालिकाको सहयोगमा निवेदन हालेको छ। परिसर भित्र घेराबार र विश्रामस्थलको निर्माण गर्नु पर्छ। साथै, जग्गालाई समतल बनाउन आवश्यक छ। यी सबै कार्यले शिवालय मन्दिरलाई पर्यटनको दृष्टिले अझ आकर्षक र सुविधाजनक बनाउनेछ।

### छ. लोपोन्मुख पशुपंक्षी तथा धार्मिक पर्यटन क्षेत्र

मोरङ्गी खोलामा रहेको लोपोन्मुख पशुपंक्षी तथा धार्मिक पर्यटन क्षेत्र, विभिन्न मौलिक साँस्कृतिक तथा धार्मिक स्थलहरूको कारणले महत्वपूर्ण छ। यस क्षेत्रमा गणेश मन्दिर, श्री कृष्ण गौशाला, सदावहार सामुदायिक वन, विश्रान्ति घाट (मोरङ्गी खोला), किरांत हाङसाङ थेवा माङहिम, सकिला खेल मैदान, किराँत राई यायोक्खा साकेला थान परिसर, वसन्त हरियाली सामुदायिक वन, शान्ती दिप बिहार, विशाल जाँतो, विश्वकर्मा बाबा मन्दिर, सनातन धर्म सेवा समिति, बैधनाथ अधिकारी प्रारम्भिक संस्कृत विद्यालय, इसाई धार्मिक स्थल, तेली स्वर्गद्वारी घाट, र कोपिला सामुदायिक वन पर्दछन्।



फोटो 47: विश्वकर्मा बाबा मन्दिर, जाँते

यस क्षेत्रको धार्मिक महत्वको कारण यहाँ विभिन्न मेला पर्वहरू आयोजना गरिन्छ। विश्वकर्मा मन्दिरमा अशोज १ गते धनकुटा, पत्थरी, र उर्लाबारी क्षेत्रका सवारी साधनहरूको पूजा गरिन्छ। गणेश मन्दिरमा मंगलचौथीको दिन मेला लाग्छ र यस समयमा छिमेकी पालिकाका तीर्थालुहरू पनि आउने गर्दछन्। किरांत हाङसाङ थेवा माङहिममा मंसिर महिनामा चासोक तङ्नाम उधौली सेवा आयोजना गरिन्छ। यस समयमा युमा थेवाको भव्य पूजा गरिन्छ र लिम्बु जातिको नाच तथा

अन्य जातजातिको झाक्री नाच पनि देखाइन्छ। किराँतराई यायोक्खा साकेला थानमा मंसीर पूर्णिमाको समयमा उधौली पर्व मनाइन्छ, जसमा नयाँ बालि चढाउने चलन छ। बैशाख पूर्णिमामा उभौली पर्व मनाइन्छ, जसमा बृहत धान नाच नाचिन्छ र विभिन्न जातजातिको मौलिक नाच प्रस्तुत गरिन्छ। गन्तव्यको व्यवस्थापन समिति छ र दर्ता पनि भएको छ। नजिकको वस्ती र बजारमा मदन चोक र बुदौली चोक पर्दछन्, जहाँ तामाङ, मगर, लिम्बु, राई, ब्रामण, क्षत्री, थारु, धिमाल, सुनुवार, र अन्य जातजातिका मानिसहरूको बसोबास छ। गन्तब्य र वस्तीको दुरी मदन चोक र बुदौली चोकबाट लगभग १५ मिनेटको यात्रा छ।



फोटो 48: सेल्फी रोड, जाँते

गन्तब्यसम्म पुग्न पथरी- जाँते- ज्यामिरे  सडक र मदन भण्डारी राजमार्गमार्फत् सजिलै पुग्न सकिन्छ। सार्वजनिक यातायात पनि सञ्चालनमा छ (दमक- जाँते- बुधबारे)। खानेपानीको राम्रो व्यवस्था छ, जसको स्रोत जाँते खानेपानी हो। प्रमुख मेला पर्वहरूमा उधौली (मंसीर), उभौली (जेष्ठ), र मंगलचौथीको मेला पर्दछन्। पूर्वाधारको अवस्थामा विश्रामस्थल, सौचालय, र घेराबार राम्रो अवस्थामा छन्। पूर्वाधार विकासमा नगरपालिका, वडा र अन्य सहयोगी निकायहरूको ठूलो योगदान रहेको छ। पर्यटन विकासका लागि रुख माथि हिड्ने क्रियाकलाप (Tree track), पशुपक्षी संरक्षण, जंगल वरपर सफारी, पिक्निक स्पोट, मानव जीवनयात्रा देखाउने मूर्तिहरू निर्माण, विभिन्न प्रजातिका बिरुवाहरू रोप्ने, पथरी-जाँते सडकलाई सौन्दर्यकरण गर्ने, स्वर्गद्वारी घाटको पूर्वतर्फ मदन भण्डारी खेल मैदान र दक्षिणतर्फ सहिद पार्क निर्माण, र उक्त पार्कमा यलम्बर र फाल्गुनन्दको मूर्ति स्थापना गर्नुपर्ने सुझावहरू रहेका छन् ।




फोटो 49: विशाल जाँतो

### ४.५.६.२. आवासको सुबिधा (Accomodations)

जाँते बजारमा पर्यटकको लागि खाने बस्ने व्यवस्था सहित ३ वटा राम्रा होटेल छन् भने ३-४ वटा खाजा पसल छन् । यस क्षेत्रमाविद्युत ,खानेपानी ,ईन्टरनेटको सुबिधा पनि राम्रो छ । त्यसैगरी सहज पनुंच तथा छोटो दुरी भएकोले यस क्षेत्रमा आउने पर्यटकका लागि लेटाङ वा गुवाबारीमा पनि खाने वस्ने सुबिधा उपलब्ध छ ।

यस क्षेत्रमा आउने पर्यटकले स्थानीय परिकार कोदो मकैको- ढिंडो, सिस्नो, मकैको भात, गुन्द्रुक, साग, निगुरो, लोकल कुखुरा तथा खसीकोको मासु, स्थानीय सागसब्जी, लोकल पेय पदार्थ लगायत स्थानीय परिकारको स्वाद लिन सक्छन । साथै वाचिपा, सार्गेम्बा (मेखे) तोङबा जस्ता स्थानीय मौलिक परिकारहरु खान सक्छन ।

### ४.५.६.३. पर्यटकीय पुर्वाधारहरु (Infrastructure and Amenities)

मार्गमा पथरी- जाँते- ज्यामिरे सडक र मदन भण्डारी राजमार्ग जाँते पर्यटकीय क्षेत्र पुग्ने प्रमुख पहुँच सडक हुन् यी दुवै सडक जाँते सम्म कालोपत्रे भईसकेका छन् । जाँते भ्यु टावर तथा संस्कृतिक किराँत राई संस्कृतिक संग्रहालय तथा सामुदायिक भवन निर्माण भईरहेको, तेली खोला पिकनिक स्पटमा ३ वटा टहरा तथा खानेपानीको व्यवस्थापन गरिएको छ । त्यसैगरी यस क्षेत्रमा पर्ने मन्दिर, गुम्बा, माङहिम, चर्च जस्ता धार्मिक स्थलहरुको मर्मत सम्भार तथा स्तरोन्नतिको कार्य भईरहेका छन् । विभिन्न पर्यटकीय आकर्षण स्थलमा फलैचा, चौतारीको निर्माण भएका छन् । यस क्षेत्रमा थप पर्यटक भित्र्याउन पैदल मार्ग, साइकल ट्र्याक, विश्राम स्थल, सूचना बोर्ड, सार्वजनिक सौचालय, साइनेज, पार्किङ, सूचना केन्द्र, खानेपानी जस्ता पूर्वाधारको विअक्स गर्नु आवश्यक छ ।

### ४.५.६.४. पर्यटकीय क्रियाकलाप (Activities)

जाँते पर्यटकीय क्षेत्रमा हाल विभिन्न तेली खोला तथा लोपोन्मुख पशुपंक्षी तथा धार्मिक पर्यटन क्षेत्रमा पिकनिक आउने, विभिन्न मौलिक तथा संस्कृतिक पर्वहरु जस्तै चण्डी मेला, साकेला र उभौली, शिवरात्रि , तीज जस्ता मेलामा सहभागी भई रमाईलो गर्ने, मन्दिर, गुम्बा लगायतको दर्शन गर्ने, पदयात्रा गर्ने, झरनाको अवलोकन गर्ने, बनभोज (Picnic) खाने, फोटो तथा भिडियो खिच्ने पर्यटकीय क्रियाकलापको आनन्द लिन सक्छन ।

### ४.५.६.५. जाँते पर्यटकीय क्षेत्रको पर्यटन विकासका सबल पक्ष दुर्बल पक्ष, अवसर तथा सम्भावनाहरु

**सबल पक्ष**

- जाँते भ्यु टावर तथा किरात राई सांस्कृतिक संग्रहालय तथा सामुदायिक भवन निर्माणको अन्तिम चरणमा रहेको
- प्राकृतिक सौन्दर्य तथा जैविक विविधता पर्यटकहरूको लागि प्रमुख आकर्षण
- किराँतेश्वर शिवालय मन्दिर र किरात माङसाम थेवा युमा माङहिम, बिभिन्न गुम्बा, शिवालय मन्दिर, गणेश मन्दिर जस्ता प्रसिद्ध धामीक स्थल रहेकोले धार्मिक पर्यटनको सम्भावना
- उधौली, उभौली, शिवरात्री, र तीज जस्ता प्रमुख मेला पर्वहरूले ठूलो संख्यामा पर्यटकहरूलाई आकर्षित गर्न सक्ने
- विभिन्न गन्तव्यहरूको संरक्षण, व्यवस्थापन र प्रवर्द्धन को लागि स्थानीय समुदायहरूको सक्रिय सहभागिता
- विभिन्न पर्यटन गन्तव्यहरूको जग्गा सार्वजनिक स्वामित्वमा रहेको छ, जसले पर्यटन विकासको लागि योजना बनाउन सजिलो बनाउँछ
- पर्यटन विअक्सका लागि संघ, प्रदेश, नगरपालिका तथा स्थानीयले लगानी गरिरहेका

| | | |
|---|---|---|
| **दुर्बल पक्ष** | • | विश्रामस्थल, सौचालय, घेराबार, भ्यु डेक, र चौतारी जस्ता पर्यटकीय पुर्वाधार (Amenities) को कमि |
| | • | विभिन्न गन्तव्यहरूमा खानेपानीको अभाव वा अव्यवस्थित |
| | • | धेरै गन्तव्यहरूमा पुग्नका लागि कच्ची छन् रहेका |
| | • | केही गन्तव्यहरूमा सार्वजनिक यातायातको सुविधा नभएको |
| **अवसर** | • | विभिन्न गन्तव्यहरूको पूर्वाधार विकास तथा व्यवस्थापन गर्न सकिने |
| | • | सांस्कृतिक मेला पर्वहरू र स्थानीय परम्पराको प्रवर्द्धन गरि पर्यटकहरूको आकर्षण बढाउन सकिने |
| | • | होटल, होमस्टे, रेस्टुरेन्ट, पार्किङ स्थल, र पिकनिक स्पोटहरूको निर्माण र व्यवस्थापन |
| | • | पर्यटनको विकासल गरि स्थानीय युवाहरूलाई रोजगारीको अवसर प्रदान गर्न सक्ने |
| | • | पर्यटकीय रुट, जस्तै वारंगी -आहाले- समला- लालझोडा- कोलुङ्ग झरना- तेलीखोला पुल- रमिते ट्रेल रुट र छोरेगौडा चोक-तेलीखोला पिक्निक स्पोट सम्म साइकल मार्ग र पैदल यात्रा पथ बनाउने योजना अघि बढाउन सकिने |
| **चुनौती** | • | वर्षातको समयमा तेली खोलामा बाढीको जोखिम |
| | • | पर्यटन विकास संगै वातावरण संरक्षण तथा फोहोर व्यवस्थापन |
| | • | पर्यटन विकासमा स्थानीय समुदायको सहयोग र सहभागिताको जुटाउनु |

### ४.५.६.६. योजना तथा कार्यक्रम

- जाँते भ्यु टावर जाँते भ्यु टावर तथा किरौंत राई सांस्कृतिक संग्रहालयको निर्माण सम्पन्न तथा संचालन गर्ने
- डीपीआर भईसकेका क्षेत्रको क्षेत्रलाई प्राथमिकतामा राखी पूर्वाधार निर्माण
- विभिन्न स्थानमा वस स्टयान्ड र पार्किङको व्यवस्था
- जाँते भ्यु टावर देखि तेली खोला पुल सम्म सिढी निर्माण
- तेली खोला बगरमा स्विमिङ पुल सहित व्यवस्थित पिकनिक स्पट निर्माण
- तेली खोला पिकनिक स्पट बाट वडा ९ को तेली खोला घाट सम्म साईकल ट्र्याक निर्माण
- पर्यटकीय आकर्षण क्षेत्र सौन्दर्यकरण
- पर्यटकीय आकर्षण सम्म पुग्ने पहुँच मार्गको स्तरोन्नति तथा व्यवस्थापन
- पदमार्गको स्तरोन्नति तथा आवश्यक Amenities जस्तै; साइनेज, फलैचा, चौतारी, विश्रामस्थल, सौचालय, खानेपानी, घेरबारा, डस्विन, फोहोर जलाउने स्थान
- पर्यटकीय आकर्षण स्थलमा आवश्यक पूर्वाधारहरु घेराबार, सौचालय खानेपानी फोहोर व्यवस्थापन स्थल सूचना बोर्ड, बस पार्क/स्टयान्ड, प्रवेश द्वार, टिकट काउन्टर, पार्किङ, सेल्फी पोइन्ट आदिको निर्माण

- पर्यटकिय स्तरको होटेल खोल्न निजी क्षेत्रलाई प्रोत्साहन
- होमस्टे संचालन गर्न स्थानीयलाई प्रोत्साहन तथा सहयोग गर्ने
- अन्य स्थानीय तहमा रहेका पर्यटकीय गन्तब्य संग (विशेष गरि मिक्लाजुङको रमिते डाँडा) अन्तर सम्बन्ध स्थापित गर्ने

## ४.६. पदमार्गको विकास योजना

पदयात्रा पर्यटनको विकास गर्न, पर्यटकीय गन्तव्यबीच सम्बन्ध स्थापित गर्न तथा पर्यटकीय आकर्षण क्षेत्रमा पहुँच विस्तार गर्न लेटाङ नगरपालिकामा देहायका पदमार्गहरु प्रस्ताव गरिएको छ ।

### १. लोखरा- राजारानी- कात्तिके - साग्मा- आरुबोटे- जेफाले पैदल मार्ग

लोखराबाट आरुबोटे सम्म करिब १६-१७ कि.मि रहेको यो पदमार्ग २ दिनमा पुरा गर्न सकिन्छ । यो पदमार्गले लेटाङ र केराबारी गाउँपालिकालाई जोड्दछ । पदमार्गको Base destination लोखरा वा लेटाङ बजार र End destination केराबारीको जेफाले हुन्छ । यस पदमार्गमा पर्ने प्रमुख वस्तीहरु लोखरा, राजारानी, अँधेरी, कात्तिके, साग्मा, आरुबोटे र जेफाले हुन् । पदयात्रामा राजारानी पोखरी, अन्तर धार्मिक शान्ति पार्क, सत्यदेवी मन्दिर, वन झाँक्री गुफा, चिसो हावापानी, पहाड देखि तराई सम्मको दृश्यावलोकन, गुर्दुम डाँडा, बत्तीस जुरे, जेफाल भ्यु टावर पर्यटकीय आकर्षणको अवलोकन गर्न सकिन्छ ।

यस पदमार्गबाट आउने पर्यटकले राजारानी क्षेत्र सम्म मात्र आउन चाहनेले लोखरा बाट राजारानी सम्म छोटो दुरीको करिब ३ कि.मी वा २ घन्टाको पदयात्रा (Hiking) गर्न सक्दछन । आरुबोटे सम्म करिब ५ -६ घण्टा र जेफाले पुग्ने पर्यटकले २ दिन मा योपदमार्गको यात्रा पुरा गर्न सक्छन ।

पर्यटकले विहान लेटाङ वा बुधबारेमा Breakfast गरि यात्रा सुरु गर्न सक्छन र राजारानी वा अँधेरीमा खाना खाने तथा बास बस्न सक्छन । राजारानीबाट Breakfast गरि निस्कने पर्यटकले अन्धेरिमा खाना र आरुबोटेमा आवसको सुबिधा प्राप्त गर्न सक्छन भने जेफाले सम्म पुग्न चाहनेले आरुबोटेमा खाना खाई जेफालेमा आवासको सुबिधा प्राप्त गर्न सक्छन ।

### २. बेलबारी - बुधबारे - रानीवन - राजारानी पैदल मार्ग

बेलबारी बाट लेटाङको बुधबारे बजार बाट रानीबन हुदै राजारानी सम्म पदयात्रा गर्न सकिन्छ । करिब ११-१२ कि.मि को रहेको यो पदमार्ग कारब ५-६ घन्टाको पैदल यात्रामा पुरा गर्न सकिन्छ । यो पैदल मार्गमा पर्ने प्रमुख वस्तीहरुमा बेलबारी, बुधबारे, पैंतीसबिघे, तुर्के, राजारानी हुन् । पदयात्रामा वन जंगल अवलोकन, नगर प्रवेश पार्क, रानीवन पोखरी तथा गरापानी वन क्षेत्र, राजारानी पोखरी, अन्तर धार्मिक शान्ति पार्क जस्ता पर्यटकीय आकर्षणको अवलोकन गर्न सकिन्छ । कुनै पर्यटकले बुधबारेबाट पनि यात्रा सुरु गरि करिब १-२ घन्टामा राजारानी पुग्न सक्छ । यो पदमार्गमा साकल यात्रा पनि गर्न सकिन्छ । कुनै पनि पर्यटकले विहान बेलबारीमा Breakfast गरि यात्रा सुरु गर्न सक्छन र राजारानीमा खान खाने तथा बास बस्न सक्छन ।

### ३. फेदी - थामडाँडा - खरवनी -किसे झरना पदमार्ग

यस पदमार्ग करिब ३- ४ घन्टाको पैदल यात्रामा पुरा गर्न सकिन्छ, यो पैदल मार्गमा पर्ने प्रमुख वस्तीहरु फेदी, थामडाँडा, कुइकुण्डा, खखनी, किसेटार हुन् । यस पदयात्रामा अवलोकन गर्न सकिने प्रमुख आकर्षणहरुमा चिसाङ

खोला बगर, र किसे झरना प्रमुख हुन् । यसका साथै मनोरम प्राकृतिक दृश्य, गाउँघरको मौलिक जीवन पनि अवलोकन गर्न सकिन्छ । यस पदमार्गमा होटेल तथा होमस्टे छैनन् यद्यपी खरवनी वा किसेटारमा सामान्य चिया खाजा खान सकिन्छ ।

**४. साग्मा- किसेटार - किसे झरना पदमार्ग**

यस पर्यटकीय क्षेत्रमा आई छोटो दुरीको पदयात्रा (Hiking) गर्न चाहने पर्यटकलाई यो पदमार्ग उपयुक्त हुन्छ । कुनै पर्यटक साग्माबाट किसेटार हुदै किसे झरना सम्म पुग्न सक्छन । साग्मा र किसेटारको सुन्तला बगानको मनोरम दृश्य (सिजनमा) अवलोकन गर्ने, किसे झरना यस पदमार्गमा पर्ने प्रमुख आकर्षण हुन् । साग्मामा चिया खाजा खान सकिन्छ ।

**५. गुवाबारी — भुवाखोला - सिमाना — कुम्लेटार- धिरिङखा- वाराजी**

यो पदमार्ग करिब ५ घन्टाको पैदल यात्रामा पुरा गर्न सकिन्छ, यो पैदल मार्गमा पर्ने प्रमुख वस्तीहरु गुवाबारी, केराबारी टोल, सिमाना, कुम्लेटार, धिरिङखा, वारंगी हुन् । यस पदयात्रामा अवलोकन गर्न सकिने प्रमुख आकर्षणहरुमा गुवाबारी, किराँतमाङहिम भुवा खोला बगर, झोलुङ्गे पूल , फोटो पोइन्ट तथा भुवा खोलामा पौडी खेल्ने, बराजी मन्दिर प्रमुख हुन् । यस पदमार्गमा पर्ने चिसाङ र दोभान खोलाको दोभानमा फाल्गुण महिनामा देउलिङ्गे मेला लाग्छ पर्यटकले सो मेलामा सहभागी हुन सक्छन । यसका साथै मनोरम प्राकृतिक दृश्य, गाउँघरको मौलिक जीवन, कृषि क्षेत्र, विभिन्न वनस्पति तथा वन्यजन्तु चराचुरुंगीको पनि अवलोकन गर्न सकिन्छ । यात्राको सुरुवात गुवाबारी मा चिया नास्ता बाट गर्न सकिन्छ भने खाना खाजाक लागि कुम्लेटारमा व्यवस्था छ र रातिको बसोबासका लागि वारंगिमा होटेलको व्यवस्था छ ।

**६. बाराजी — जौवारी — गुराँसेटार - ६ नं बुधबारे (धनकुटा)**

यस पदमार्ग करिब ३-४ घन्टाको पैदल यात्रामा पुरा गर्न सकिन्छ । यो पैदल मार्गमा पर्ने प्रमुख वस्तीहरु वारंगी, जौबारी, पंचमी टोल र ६ नं बुधबारे प्रमुख हुन् । यस मार्गमा पर्ने आकर्षणहरुमा बाराहजी मन्दिर, सुके पोखरी, गुराँसको वन, गुराँसेटारको ट्राउट माछा फार्म, भेडा फर्म, भेडा चरण क्षेत्र चिसो हावापानी, वनस्पति तथ् वन्यजन्तु लगायतको अवलोकन गर्न सकिन्छ । वारंगीमा चिया नास्ता (Breakfast ), गुराँसेटारमा खाजा खाने आराम गर्ने र बुधबारेमा खाना खान र बास बस्न सकिन्छ ।

**७. वारंगी — आहाले — समला - लालझोडा (कोलुङ झरना), साम्लिङ भोगटेनी, रमिते (मिक्लाजुङ)**

**८. समला — जाँते — रमिते डाँडा (मिक्लाजुङ)**

**९. जाँते — अँधेरी —यांगसिला — ज्यामिरे- समला —आहाले — तिनकटेरी —वारंगी**

**१०. जंगल सफारी ( मोरंगी खोला — चिसाङ खोला सम्म)**

## ४.७. होमस्टेको विकास योजना

स्थानीय उत्पादनको खपत गर्न, पर्यटन मार्फत स्थानीय कला, संस्कति, रहनसहन, खानपान आदिको प्रवर्द्धन गर्न तहत पर्यटकलाई स्थानीय मौलिक वातावरणको अनुभवको अवसर प्रदान गर्न, आवासको पहुँच विस्तार गर्न तथा पर्यटनको लाभ स्थानीय सम्म वितरण गर्न लेटाङ नगरपालिकाका विभिन्न स्थानमा होमस्टे संचालनका लागि प्रस्ताव गरिएको छ ।

१. राजारानी होमस्टे

२. अँधेरी होमस्टे

३. सागमा होमस्टे

४. समला होमस्टे

५. भालुखोप होमस्टे

६. होक्से होमस्टे

## ४.८. पर्यटन प्रवर्द्धन तथा बजारीकरण योजना

लेटाङ नगरपालिकाको पर्यटन प्रवर्द्धन तथा बजारीकरण गरि धेर भन्दा धेरै आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउन विभिन्न माध्यमबाट पर्यटन प्रवर्द्धन तथा बजारीकरण गरिनेछ ।

**१. पर्यटन प्रवर्द्धन विभिन्न मुद्रित (छापा) सामाग्रीहरु उत्पादन तथा वितरण :**

गाइडबुक, पर्यटन पुस्तिका, प्रचार पोस्टर, पर्चा, ब्रोसर, कफी टेबल बुक (दाङ, बुटवल, भैरहवा आदिका विभिन्न होटल/रेष्टुरेन्ट)

**२. डिजिटल सामग्री (श्रव्य दृश्य)उत्पादन र वितरणः**

थ्रीडी भिडियो, डकुमेन्ट्री, छोटो भिडियो, युट्युब/ सामाजिक संजाल (फेसबुक, इन्स्टाग्राम, भाइबर) नगरपालिकाको वेबसाइट आदि ।

**३. सूचना बोर्ड स्थापनाः**

लेटाङ नगरपालिकाका प्रमुख पर्यटकीय क्षेत्र सम्बन्धि जानकारी दिन बेतना सिमसार, जेफाले भ्यु टावर, रमिते डाँडा, ताल तलैया जस्ता प्रचलित पर्यटन गन्तव्यमा लेटाङका पर्यटन क्षेत्र सम्बन्धि सूचना बोर्ड राख्ने,

पुर्व पश्चिम राजमार्ग, मदन भण्डारी राजमार्ग र कोशी राजमार्गमा सूचना बोर्ड राख्ने, कानेपोखरी बाट लेटाङ जाने चोक तथा नगर कार्यपालिकाको कार्यालयमा मा डिजिटल बोर्ड राख्ने ।

४. **प्रवर्धनात्मक कार्यक्रमहरू, अभियानहरू र मेलाहरूमा भाग लिने :**

लेटाङ नगरपालिकामा विभिन्न मेला तथा पर्वहरुको आयोजना गर्न र अन्य पालिकामा हुने महोत्सवमा सहभागी हुने

भारतका बिभिन्न सहरमा (विशेष गरि सिमाना क्षेत्रमा ) पर्यटन प्रवर्द्धक कार्यक्रम गर्ने

लेटाङ बाट विदेशिने व्यक्तिलाई पर्यटन प्रवर्द्धनका लागि अभिमुखीकरण गरि उनीहरु मार्फत पर्यटन प्रवर्द्धन गर्ने

**५.पर्यटन प्याकेजको विकास र प्रवर्द्धन गर्ने**

## ४.९. संस्थागत विकास योजना

कुनै पनि क्षेत्रको विकासका लागि संस्थागत पक्ष अनिवार्य शर्त हो । लेटाङ नगरपालिकाको पर्यटन विकासका लागि हाल कुनै ठोस संस्थागत संरचना छैन । यद्यपी विभिन्न वडामा छरिएर रहेका पर्यटकीय आकर्ष क्षेत्रको व्यवस्थापन तथा संचालनका लागि भने व्यवस्थापन समितिहरु रहेका छन् । यी मध्ये कतिपय समितिहरु औपचारिक रुपमा दर्ता भएका छन् भने कतिपय अनौपचारिक रुपमा कम गर्दैछन ।

लेटाङ नगरपालिकाको समग्र पर्यटन क्षेत्रको विकास व्यवस्थापन तथा लाभको सामान्यीक वितरण गर्नका लागि लेटाङ **पर्यटन विकास समितिको** रहनेछ । समितिको संरचना देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| कर्यपालिकाका सदस्यहरु मध्यबाट कार्यपालिकाले तोकेको व्यक्ति | संयोजक |
| पर्यटन क्षेत्र व्यवस्थापन समितिका संयोजक ६ जना | सदस्य |
| पर्यटन विकासको क्षेत्रमा योगदान पुर्याएका स्थानीय मध्येबाट २ जना | सदस्य |
| महिला सहित ४ जना कार्यपालिकाले तोकेका व्यक्ति | |

पर्यटन विकास समितिको प्रमुख कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

- संघ, प्रदेश र अन्य स्थानीय सरकारसँग समन्वय गर्ने ।
- राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहका स्थापित पर्यटन गन्तव्य र सञ्चालक/व्यवसायी सँग समन्वय गर्ने ।
- पर्यटन क्षेत्रको विकास र व्यवस्थापनका लागि आवश्यक नियम कानुन तर्जुमा गर्ने र सो को कार्यान्वयन गर्ने/ गराउने।
- यस क्षेत्रको पर्यटन विकासका लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने ।
- नजिकैका पर्यटकीय गन्तव्य/आकर्षण बीचको सम्बन्ध स्थापना गर्न छलफल,समन्वय तथा सहकार्य गर्ने ।
- स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धन गर्ने ।
- पर्यटन व्यवसायीहरुको क्षमता अभिवृद्धिमा सहयोग गर्ने ।
- आगन्तुकको डाटाबेस राख्ने प्रणालीको विकास गर्ने तथा तथ्यांक राख्ने व्यवस्था मिलाउने ।
- पर्यटन क्षेत्रका लागि आवश्यकताका आधरमा मानव संशाधन विकासको गर्ने ।
- गुरुयोजनाको चरणबद्ध कार्यान्वयन गर्ने ।
- आवश्यकता अनुसार अन्य कार्य गर्ने

पर्यटन विकास गर्नका लागि यस गुरुयोजनाले नगरपालिकालाई ६ वटा पर्यटन क्षेत्रको रुपमा विभाजन गरेको छ र प्रत्येक पर्यटन क्षेत्रमा एक **Destination Management Organization (DMO)** (गन्तब्य व्यवस्थापन संस्था ) रहनेछ । नगरमा देहायका DMO हुनेछन ।

१. राजारानी पर्यटन क्षेत्र व्यवस्थापन समिति

२. आरुबोटे पर्यटन क्षेत्र व्यवस्थापन समिति

३. गुवाबारी पर्यटन क्षेत्र व्यवस्थापन समिति

४. वारंगी पर्यटन क्षेत्र व्यवस्थापन समिति

५. समला पर्यटन क्षेत्र व्यवस्थापन समिति

६. जाँते पर्यटन क्षेत्र व्यवस्थापन समिति

पर्यटन क्षेत्र विकास समितिको संस्थागत संरचना देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| सम्बन्धित वडा अध्यक्ष | संयोजक |
| प्रमुख पर्यटकीय आकर्षणको व्यवस्थापन समिति वा सो क्षेत्रको विकासमा योगदान पुर्याउने व्यक्ति मध्यबाट ४ जना | सदस्य |
| स्थानीय पर्यटन व्यवसायी मध्यबाट २ जना महिला सहित ३ | सदस्य |

पर्यटन क्षेत्र विकास समितिको प्रमुख कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

- पर्यटन विकासका लागि नगरपालिका, वडा कार्यालय तथा अन्य संघसंस्था सँग समन्वय तथा सहकार्य गर्ने ।
- विभिन्न योजना तथा कार्यक्रम तर्जुमा गर्ने तथा सोको बजेट व्यवस्थापनका लागि पहल गर्ने ।
- योजनाको तथा कार्यक्रमको कार्यान्वयन गर्ने ।
- नजिकैका पर्यटकीय गन्तव्य/आकर्षण बीचको सम्बन्ध स्थापना गर्ने ।
- पर्यटन व्यवसायमा स्थानीयको सहभागिता अभिवृद्धि गर्न चेतनामुलक तथा अन्तरक्रियामुलक कार्यक्रम संचालन गर्ने ।
- पर्यटकीय सेवा सुबिधाको गुणस्तर कायम गर्न स्थानीयलाई जागरुक गराउने ।
- पर्यटन जनशक्ति उत्पादनका लागि पहल गर्ने ।
- आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

# अनुसूची

नक्शा

पर्यटकीय आकर्षको विवरण

# लेटाङ नगरपालिकाका प्रमुख पर्यटकीय आकर्षणहरु

**लेटाङ नगरपालिकाका प्रमुख पर्यटकीय आकर्षणको विवरण**

| क्र. सं. | पर्यटकीय आकर्षण | वडा नं | स्थान | पर्यटनको प्रकार | समिति | | जग्गाको क्षेत्रफल | जग्गाको स्वमित्व | थप जग्गा लिन सक्ने/न सक्ने | Feasibility study, DPR, Master Plan | नजिकको वस्ती/बजार | वस्तीका प्रमुख जातजाति | गन्तव्य र वस्तीको दुरी | वस्तीमा होटेल संख्या | गन्तव्यमा वर्षभरिमा हुने पर्यटकीय क्रियाकलापहरु | संलग्न पर्यटक संख्या | प्रमुख पहुँच सडक १ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | | | | | **छ/ छैन** | **दर्ता छ/छैन** | | | | | | | | | | | |
| 2 | राजारानी पोखरी | १ | राजारानी | प्राकृतिक पर्यटन | छ | छ | ३२ हेक्टर | सार्वजनिक | सक्ने | छ | राजारानी लेटाङ | मगर, लिम्बु | २०० मी. | १ | पदमार्ग, तिर्थयात्री, दृश्यावलोकन, बोटिङ | २००० | बेलबारी-लोखरा-राजारानी |
| 3 | अन्तर धार्मिक शान्ति पार्क | १ | राजारानी | मनोरञ्जनात्मक पर्यटन | | | | सार्वजनिक | | DPR भई निर्माणाधीन | राजारानी लेटाङ | मगर | ५ मी. | १ | फोटो खिच्ने, दृश्यअवलोकन | | राजारानी आउने सडक |
